# बजेट तथा कार्यक्रमको वार्षिक मूल्याङ्कन प्रतिवेदन

# (आर्थिक वर्ष २०८१/८२)


कर्णाली प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत



२०८२, असोज

# मन्तव्य

कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०८१ को दफा २३ को उपदफा (५) बमोजिम आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम कार्यान्वयनको वार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ। मूल्याङ्कन प्रतिवेदनमा समीक्षा अवधिमा बजेट तथा कार्यक्रमको कार्यान्वयन, वित्तीय हस्तान्तरण अन्तर्गत प्राप्त अनुदान, खर्चको स्थिति तथा राजस्व सङ्कलन, बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या र चुनौती तथा आगामी दिनमा गर्नुपर्ने सुधार सम्बन्धी सिफारिसलाई यो प्रतिवेदनमा समावेश गरिएको छ।

कर्णाली प्रदेशको सन्तुलित र तीव्र आर्थिक विकास गरी समृद्ध कर्णाली निर्माण गर्ने उद्देश्यका साथ बजेटको प्रभावकारी कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहका साथै निजी क्षेत्र र अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्ने गरी आ.व. २०८१/८२ को बजेट निर्माण भएको थियो। बजेटको ठुलो हिस्सा विनियोजन भएका मन्त्रालयमा प्राविधिक जनशक्तिको अभाव, कर्णाली प्रदेशको विशिष्ट भौगोलिक अवस्था र बजेट खर्चको लागि आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड निर्माण गर्नुपर्ने जस्ता कारणले लक्ष्य बमोजिम बजेट खर्च हुन सकेन। आ.व. २०८०/८१ को तुलनामा आ.व. २०८१/८२ मा आन्तरिक राजस्व प्राप्तिमा वृद्धि भएको छ।

आगामी आर्थिक वर्षहरुमा बजेट प्रणालीमा प्रस्ताव गरिएका कार्यक्रम कार्यान्वयन तथा वित्तीय सुशासनको क्षेत्रमा सुधारका प्रयासबाट बजेट कार्यान्वयनमा थप प्रगति हासिल हुने अपेक्षा गरेको छु। प्रदेशमा बजेट प्रणालीको संस्थागत विकासको लागि मन्त्रालय प्रयासरत रहेको छ। यसबाट बजेट प्रणाली थप व्यवस्थित, कार्यान्वयन योग्य, वस्तुपरक र पारदर्शी हुनेछ। आगामी वर्षहरुमा बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सम्बद्ध सबैलाई अनुरोध गर्दछु।

अन्त्यमा, यो वार्षिक मूल्याङ्कन प्रतिवेदन तयारीका लागि आवश्यक तथ्याङ्क र सूचना उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने सबै मन्त्रालय, निकाय र प्रतिवेदन तयारीको कार्यमा संलग्न हुनु हुने यस मन्त्रालयका सबै कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु।

**राजीव विक्रम शाह**
**मन्त्री**
आर्थिक मामिला तथा योजना मन्त्रालय

# विषयसूची

**कार्यकारी सारांश** ........ १-३

**परिच्छेद-१: परिचय** ........ ४

**परिच्छेद-२: समष्टिगत आर्थिक तथा वित्तीय अवस्था** ........ ५-१७

२.१ आर्थिक अवस्था ........ ५

२.२ वित्तीय अवस्था ........ ७

**परिच्छेद-३: क्षेत्रगत र मन्त्रालयगत उपलब्धि** ........ १८-८९

३.१ प्रदेश सभा सचिवालय ........ १८

३.२ प्रदेश लोक सेवा आयोग ........ २१

३.३ मुख्य न्यायाधिवक्ताको कार्यालय ........ २३

३.४ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ २६

३.५ आन्तरिक मामिला तथा कानून मन्त्रालय ........ ३१

३.६ आर्थिक मामिला तथा योजना मन्त्रालय ........ ३६

३.७ सामाजिक विकास मन्त्रालय ........ ४१

३.८ भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय ........ ५१

३.९ जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय ........ ६३

३.१० उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ........ ६८

३.११ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ........ ७६

३.१२ कर्णाली प्रदेश योजना आयोग ........ ८५

**परिच्छेद-४: बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि सुझाव** ........ ८९-९४

४.१ तत्काल गर्नुपर्ने कार्य ........ ८९

४.२ दीर्घकालमा गर्नुपर्ने कार्य ........ ९१

अनुसूची ........ ९५-११८

# तालिका सूची

तालिका २.१: कर्णाली प्रदेशको समष्टिगत खर्चको विवरण (रू. हजारमा)

तालिका २.२: आ.व. २०७६/०७७ देखि ०८१/८२ सम्मको कर्णाली प्रदेशको खर्च (प्रतिशतमा)

तालिका २.३: आ.व. २०८१/८२ को कर्णाली प्रदेशका मन्त्रालय र निकायको बजेट विनियोजन र खर्चको विवरण (रू. हजारमा)

तालिका २.४: आ.व. २०८१/८२ को कर्णाली प्रदेशको आयको लक्ष्य र प्राप्ति सम्बन्धी विवरण (रू. करोडमा)

तालिका २.५: कर्णाली प्रदेशको आन्तरिक राजस्वको लक्ष्य र प्राप्ति (रू. लाखमा)

तालिका २.६: कर्णाली प्रदेश सरकारबाट सङ्कलित राजस्वको विवरण

तालिका २.७: विगत पाँच वर्षको स्थानीय तहबाट सङ्कलन तथा बाँडफाँट भई प्राप्त राजस्व (रू. हजारमा)

तालिका २.८: नेपाल सरकारबाट आ.व. २०७७/०७८ देखि २०८१/८२ सम्म प्राप्त अनुदान (रू. करोडमा)

तालिका २.९: नेपाल सरकारलाई फिर्ता अनुदान (रू. लाखमा)

तालिका २.१०: आ.व. २०७७/०७८ देखि २०८१/८२ सम्म स्थानीय तहलाई गरिएको वित्तीय हस्तान्तरण (रु. हजारमा)

तालिका २.११ आ.व. २०८१/८२ मा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण (जिल्लागत)

तालिका २.१२ बेरुजुको विवरण (रू. हजारमा)

# चार्ट सूची

चार्ट २.१ः कर्णाली प्रदेशको बजेट खर्चको प्रवृत्ति  (प्रतिशतमा)

चार्ट २.२ः कर्णाली प्रदेशको आ.व. २०८१/०८२ मासिक खर्चको प्रवृत्ति (प्रतिशतमा)

चार्ट २.३ः कर्णाली प्रदेशको आन्तरिक राजस्वको लक्ष्य र प्राप्ती (रू. लाखमा)

चार्ट २.४ः स्थानीय तहबाट सङ्कलन तथा बाँडफाँट भई प्राप्त राजस्व (रू. हजारमा)

चार्ट २.५ः नेपाल सरकारबाट आ.व. २०७७/०७८ देखि २०८१/८२ सम्म प्राप्त अनुदान (रू. करोडमा)

चार्ट २.६ः आ.व. २०८१/८२ मा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण (जिल्लागत रुपमा

## कार्यकारी सारांश

१. कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ का सिद्धान्त, उद्देश्य, प्राथामिकता र प्रमुख नीति बमोजिम आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम कार्यान्वयनको एक वर्ष पूरा भएको छ।

२. आर्थिक वर्ष २०८१/८२ को सुरु विनियोजन रू. ३१ अर्ब ४१ करोड ४१ हजार भएकोमा सो आर्थिक वर्षमा रू. २० अर्ब २ लाख ५६ हजार अर्थात ६३.६७ प्रतिशत खर्च भएको छ। आर्थिक वर्ष २०८०/८१ मा सुरु विनियोजन रू. ३३ अर्ब ३७ करोड ९७ लाख ७ हजार भएकोमा रू. १९ अर्ब ८६ करोड ८२ लाख ८ हजार अर्थात ५९.५२ प्रतिशत खर्च भएको थियो।

३. कुल विनियोजित बजेट मध्य पूँजिगत तर्फ रू. १८ अर्ब ७५ करोड ८ लाख ६८ हजार, चालु तर्फ १२ अर्ब ४० करोड ९१ लाख ७३ हजार र वित्तिय व्यवस्था तर्फ रू. २५ करोड विनियोजन भएकोमा आ.व. २०८१/८२ मा कुल खर्च मध्ये पुँजीगत तर्फ रू. १० अर्ब ९२ करोड ६५ लाख ३८ हजार, चालु तर्फ रू. ९ अर्ब ७ करोड ३७ लाख १८ हजार खर्च भएको छ। जुन सुरु विनियोजित बजेटको क्रमशः ५८.२७ र ७३.१२ प्रतिशत खर्च हो।

४. आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक आय तर्फ कुल रू. ८३ करोड ४४ लाख ६५ हजार प्राप्त हुने अनुमान गरिएकोमा रू. ६५ करोड ६९ लाख ३८ हजार प्राप्त भएको छ। जुन सुरु अनुमानको ७८.७२ प्रतिशत हुन्छ। आर्थिक वर्ष २०८०/८१ मा कुल आन्तरिक आय रू. ८३ करोड ६२ लाख १२ हजार प्राप्त हुने अनुमान गरिएकोमा रू. ७२ करोड ५३ लाख ७५ हजार अर्थात सुरु अनुमानको ८६.७८ प्रतिशत प्राप्त भएको थियो।

५. आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय सरकारबाट वित्तीय समानीकरण, ससर्त, समपूरक र विशेष अनुदान गरी कुल रू. १६ अर्ब ३ करोड ८८ लाख वित्तीय हस्तान्तरणबाट प्राप्त हुने अनुमान गरिएकोमा रू.१२ अर्ब ३४ करोड ३ लाख अर्थात ७७ प्रतिशत प्राप्त भएको छ। आर्थिक वर्ष २०८०/८१ मा रू. १३ अर्ब २९ करोड २४लाख प्राप्त हुने अनुमान गरिएकोमा रू. १० अर्ब ९९ करोड ५० लाख अर्थात् अनुमानको ८२.७२ प्रतिशत प्राप्त भएको थियो।

६. आर्थिक वर्ष २०८१/८२ वित्तीय हस्तान्तरण मार्फत नेपाल सरकारबाट प्राप्त रकम रू. १२ अर्ब ३४ करोड ३ लाख प्राप्त भएकोमा सो रकम कुल हस्तान्तरित अनुदान र राजस्व तथा रोयल्टी बाँडफाँटबाट प्राप्त जम्मा रकम रू. २० अर्ब ७४ करोड २२ लाख ५९.५० प्रतिशत हुन आउँछ। सङ्घीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण मध्ये समानीकरण अनुदान ७७.०८ प्रतिशत, ससर्त अनुदान १५.६१ प्रतिशत, समपूरक अनुदान ३.९७ प्रतिशत र विशेष अनुदानको हिस्सा ४.१९ प्रतिशत रहेको छ।

### वित्तीय सङ्घीयता कार्यान्वयन

१. आ.व. २०८१/८२ मा प्रदेश सरकारले सङ्कलन गर्ने तथा प्रचलित कानुन बमोजिम स्थानीय तहबाट बाँडफाँट भइ प्राप्त हुने आन्तरिक आय रू. ८३ करोड ४४ लाख ६५ हजार सङ्कलन हुने अनुमान गरिएकोमा रू. ६५ करोड ६९ लाख ३८ हजार प्राप्त भएको छ। जुन सुरु अनुमानको ७८.७२ प्रतिशत हुन्छ।

२. प्रदेश सरकारबाट स्थानीय तहलाई वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानीकरण, ससर्त, समपूरक र विशेष अनुदान गरी सुरु बजेट विनियोजन मार्फत जम्मा रू. ४ अर्ब ८३ करोड ३५ लाख ८१ हजार हस्तान्तरण गर्ने अनुमान गरिएकोमा रू. ४ अर्ब ११ करोड ४१ लाख ६८ हजार अर्थात सुरु विनियोजनको ८५.१ प्रतिशत अनुदान हस्तान्तरण भएको छ।

३. स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान तर्फ रू. ८० करोड, ससर्त अनुदानतर्फ रू. ३ अर्ब ५ करोड ५२ लाख ९१ हजार, समपूरक अनुदान तर्फ रू. ६७ करोड ८२ लाख ९० हजार र विशेष अनुदान रू. ३० करोड विनियोजन गरिएकोमा वित्तीय समानीकरण अनुदान तर्फ रू. ७९ करोड १२ लाख ४३ हजार, ससर्त अनुदानतर्फ रू. २ अर्ब ७५ करोड ८४ लाख ८४ हजार, समपूरक अनुदान तर्फ रू. ३२ करोड ३५ लाख ७३ हजार र विशेष अनुदान रू. २४ करोड ८ लाख ६७ हजार अनुदान हस्तान्तरण गरिएको छ।
४. आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारले सार्वजनिक ऋण परिचालन गरेको छैन।

**बजेट प्रणाली र वित्तीय व्यवस्थापनमा सुधार**

१. कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।
२. आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ र कर्णाली प्रदेश आयोजना बैंक (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ तर्जुमा गरी आ.व. २०८२/८३ मा कार्यान्वयन हुने आयोजनामा बजेट प्रविष्टि गर्दा आयोजना बैङ्कमा समावेश भएका आयोजनामा मात्र बजेट विनियोजन गरिएको छ।
३. समपूरक र विशेष अनुदानबाट सञ्चालन हुने आयोजनाको हकमा कर्णाली प्रदेश समपूरक र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ बमोजिम अनलाइन प्रणाली मार्फत आयोजनाको माग गरी सोही बमोजिम बजेट विनियोजन गरिएको छ।
४. ससर्त अनुदानबाट सञ्चालन हुने आयोजना प्रस्ताव तथा छनोट प्रक्रियालाई पारदर्शी बनाउन कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८२ तर्जुमा गरी सोही कार्यविधिको अवलम्बन गरी ससर्त तर्फका आयोजना छनोट गरिएको छ।
५. आन्तरिक राजस्व परिचालनको सम्भाव्यता अध्ययन कार्यदल गठन गरी प्रतिवदेन तयार गरिएको र सोही प्रतिवेदनको आधारमा आर्थिक ऐन, २०८२ मा राजस्वका दायरा विस्तार गरिएको छ।
६. बजेट तर्जुमा र प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउन प्रयोगमा ल्याइएको प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) का सम्बन्धमा विषयगत मन्त्रालय तथा निकायमा कार्यरत योजना शाखा प्रमुखलाई सो सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।

**बजेट कार्यान्वयन र व्यवस्थापनमा तत्काल गर्नुपर्ने सुधार**

१. कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ तर्जुमा गरी कार्यान्वयन भएको अवस्थामा सोको नियमावली तत्काल तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने।
२. आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ र कर्णाली प्रदेश आयोजना बैंक (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ लाई परिमार्जन गरी परिस्कृत तथा समयसापेक्ष बनाउनुपर्ने।
३. चालु आ.व.को विनियोजित बजेटको सीमाभित्र रही चालु खर्चलाई मितव्ययी गराई आर्थिक वर्षको सूरुमा नै बजेट रकमान्तर तथा थप माग गर्ने परिपाटिमा सुधार गर्नुपर्ने।
४. प्रदेशको आन्तरिक आयको सिमीतताका बाबजुत समेत विगतमा स्रोत सहमती भएका आयोजना र चालु आ.व.मा स्रोत सहमती प्रदान भएका आयोजनालाई प्रभावकारी कार्यान्वयन गरी स्रोत सहमती प्रदान गर्ने प्रणालीमा सुधार तथा परिमार्जन गर्नुपर्ने।

५. अध्ययन र पूर्वतयारी बिना बजेट विनियोजन गरिएका आयोजना कार्यान्वयनमा जान नसक्ने भएमा सोको यकिन गरी आयोजना वा कार्यक्रममा विनियोजित बजेट समर्पण गर्ने वा प्रचलित कानुन बमोजिम विगतको भुक्तानी दिनुपर्ने बाँकीको व्यवस्थापन गर्न रकमान्तर प्रस्ताव गर्ने।
६. चालु आर्थिक वर्षमा सिर्जित दायित्व आगामी आर्थिक वर्षमा नसार्ने गरी भुक्तानी व्यवस्थापन गर्ने।
७. सङ्घीय सरकारबाट ससर्त अनुदानमा सञ्चालित आयोजनामा थप रकम आवश्यक पर्ने भए सोको विवरण तयार गरी सङ्घीय अर्थ मन्त्रालयमा अनुरोध गर्ने।
८. राजस्व परिचालनका सम्बन्धमा स्थानीय तहसँग आवश्यक समन्वय र सहकार्य गरी राजस्व बाँडफाँट भइ आउनुपर्ने रकमको एकिन गरी आन्तरिक आय वृद्धि तर्फ ध्यान दिनुपर्ने।
९. अवण्डा बजेट राख्ने प्रवृत्तिमा सुधार गरी त्यस्तो बजेट राखिएको भए यथासिघ्र बाँडफाँट गर्ने व्यवस्था मिलाउने।
१०. पूँजिगत खर्चको हिस्सा वृद्धि गर्न बजेट कार्यान्वयनको कार्ययोजना बनाई कार्यान्वयनमा लैजाने।
११. समपूरक र विशेष अनुदानतर्फ खर्च हुन नसकी बाँकी रहेको रकम यथाशिघ्र प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने।
१२. संघीय सरकारबाट प्रदेश सरकारले प्राप्त गरेको समपूरक, विशेष र ससर्त अनुदानको रकम खर्च हुन नसकी बाँकी रहेमा सङ्घीय सञ्चित कोषमा फिर्ता गर्ने व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने।
१३. अनुगमन र मुल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा कार्यन्वयन गरी बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउने।

# परिच्छेद -१

# परिचय

## १.१ परिचय

कर्णाली प्रदेश आर्थिक कार्यविधि  तथा वित्तिय उत्तरदायित्व ऐन,२०८१ को दफा २३ को उपदफा (५) मा बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था मूल्याङ्कन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले बार्षिक रुपमा राजस्व, खर्च, नेपाल सरकारबाट प्राप्त अनुदान, ऋण रकम, वैदेशिक सहायता प्राप्ती, प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण गरिएको रकमको यथार्थ विवरण, प्रदेशको समष्टिगत आर्थिक वित्तिय स्थिती, प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमको कार्यान्वयन अवस्था समेटेर एकीकृत बार्षिक मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ। सोही दफाको उपदफा (६) मा बार्षिक मूल्याङ्कन प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ। यसै प्रावधान बमोजिम आर्थिक बर्ष २०८१/८२ को बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको बार्षिक समिक्षा गरिएको छ।

आर्थिक बर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मुल्याङ्कन गरी राजस्व, खर्च, अनुदान र ऋणको अनुमान, प्राप्ती तथा परिचालनको यथार्थ विवरण, प्रमुख नीति तथा कार्यान्वयनको स्थिति, मन्त्रालय/निकायगत खर्चको विवरण कार्यान्वयनमा रहेका मुख्य मुख्य कार्यक्रमको भौतिक र वित्तिय प्रगति, उपलब्धि, राजस्व परिचालन र बेरुजुको अवस्था, कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या र आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्रहरु समेतको एकीकृत मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ। सम्बन्धित मन्त्रालय तथा निकायबाट प्राप्त प्रगती विवरण प्रतिवेदनको परिच्छेद-३ मा समावेश गरिएको छ।

विषयगत मन्त्रालय तथा निकायको आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम कार्यान्वयनको बार्षिक प्रगति समिक्षा गरी सोमा प्रदान गरिएका सुझाव समेतलाई यस प्रतिवेदनमा समावे गरिएको छ।आगामी आर्थिक वर्षमा विनियोजनमा कुलशता कामय गरी बजेट कार्यान्वयन, रकमान्तर प्रणालीमा सुधार तथा प्रदेशको आन्तरिक आय वृद्धिका सम्बन्धमा समेत यस प्रतिवेदनले मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ। प्रतिवेदनमा प्रदेश स्थापना देखि हालसम्म भए गरेका भौतिक तथा वित्तीय प्रगति समेत समावेश गरी विगत आर्थिक वर्षको सोही अवधिको प्रगति विवरणसँग आर्थिक बर्ष २०८१/८२ को प्रगतीलाई समेत तुलना गरिएको छ।

## परिच्छेद- २

## समष्टिगत आर्थिक तथा वित्तीय अवस्था

**१ आर्थिक अवस्थाः**

१.१ विश्व आर्थिक एवम् राजनीतिक परिदृश्यमा देखिएको अस्थिरता र अनिश्चितताको कारण आर्थिक गतिविधिमा सुस्तता आई सन् २०२५ मा विश्व अर्थतन्त्रको विस्तार कम हुने अनुमान छ। सन् २०२४ मा ३.३ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र विश्व व्यापार तनाव, न्यून लगानी, आपूर्ति श्रृङ्खलामा देखिएको अवरोध लगायतका कारण २.८ प्रतिशत रहने प्रक्षेपण छ।

१.२ विकसित, उदीयमान तथा विकासशील अर्थतन्त्रको मुद्रास्फीति घट्दै गएकोले सन् २०२५ मा समग्र मूल्यस्तरमा चाप कम पर्ने अनुमान छ। पेट्रोलियम पदार्थको मूल्यमा आएको गिरावटका कारण इन्धनजन्य वस्तुको मूल्य घट्ने अनुमान छ।

१.३ कृषि, विद्युत तथा ग्यास, यातायात तथा भण्डारण लगायतका क्षेत्रमा भएको वृद्धिका कारण आ.व. २०१८/८२ मा नेपालको आर्थिक वृद्धि ४.६१ प्रतिशत रहेको अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धि ३.६७ प्रतिशत रहेको थियो। आ.व. २०१८/८२ मा नेपालको अर्थतन्त्रको आकार रु. ६१ खर्ब ७ अर्ब पुगेको अनुमान छ।

१.४ आ.व. २०८१/८२ मा कर्णाली प्रदेशको आर्थिक वृद्धिदर ४.७४ प्रतिशत रहने अनुमान छ। गत वर्ष यस्तो वृद्धिदर ३.२६ प्रतिशत रहेको थियो।

१.५ आ.व. २०८१/८२ मा कृषि क्षेत्रको उत्पादन ३.२८ प्रतिशत र गैरकृषि क्षेत्रको उत्पादन ४.२८ प्रतिशतले बढेको अनुमान छ। गत आर्थिक वर्ष कृषि क्षेत्रको उत्पादन ३.३५ प्रतिशत र गैरकृषि क्षेत्रको उत्पादन ३.३६ प्रतिशतले बढेको थियो। धानको उत्पादन ४.०४ प्रतिशतले बढ्ने अनुमान रहेको छ।

१.६ कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान उच्च रहेको छ। आ.व. २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २५.१६ प्रतिशत, उद्योग क्षेत्रको योगदान १२.८३ प्रतिशत र सेवा क्षेत्रको योगदान ६२.०१ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान क्रमशः २४.७१ प्रतिशत, १२.९१ प्रतिशत र ६२.३८ प्रतिशत रहेको थियो।

१.७ आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रु. २ खर्ब ५५ अर्ब ५९ करोड रहने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादन रु. २ खर्ब ४५ अर्ब २१ करोड रहेको थियो।

१.८ आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) ४.७४ प्रतिशत हुने अनुमान छ भने कर्णाली प्रदेशको आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) ४.६१ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो वृद्धिदर (उपभोक्ताको मूल्यमा) ३.२६ प्रतिशत रहेको थियो।

१.९ विगत ७ वर्षमा कर्णाली प्रदेशको औषत आर्थिक वृद्धिदर रहेको ४.३ रहेको छ।

१.१० आर्थिक वर्ष २०७५/७६ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको अंश ३.९४ प्रतिशत रहेको थियो भने आर्थिक वर्ष २०८१/८२ मा यस्तो अंश बढेर ४.१९ प्रतिशत पुगेको छ।

१.११ आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३१.५० प्रतिशत, ९.५८ प्रतिशत र ५८.९१ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो योगदान क्रमशः २९.५० प्रतिशत, ९.७ प्रतिशत र ६०.८ प्रतिशत रहेको थियो।

१.१२ आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशमा कृषि क्षेत्रको वृद्धिदर ४.४ प्रतिशत र गैर कृषि क्षेत्रको वृद्धिदर ३.९ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो वृद्धिदर क्रमशः २.४ र ३.३ प्रतिशत रहेको थियो।

१.१३ आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीयक र सेवा क्षेत्रको वृद्धिदर क्रमशः ४.० प्रतिशत, ३.७ प्रतिशत र ४.४ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो वृद्धिदर क्रमशः २.२ प्रतिशत, ०.३ प्रतिशत र ४.७ प्रतिशत रहेको थियो।

१.१४ प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन बढ्दै गएको छ। आर्थिक वर्ष २०८१/८२ मा नेपालको प्रतिव्यक्ति कुल राष्ट्रिय उत्पादन १ हजार ४ सय ९६ अमेरिकी डलर रहने अनुमान छ भने कर्णाली प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार ८९ अमेरिकी डलर रहने अनुमान छ।

१.१५ जनगणना २०६८ अनुसार नेपालीको औषत आयु ६६.६ वर्ष रहेको थियो भने जनगणना २०७८ अनुसार नेपालीको औषत आयु ७१.३ वर्ष रहेको छ। पुरुष र महिलाको औषत आयु क्रमशः ६८.२ र ७३.८ वर्ष रहेको छ।

१.१६ सबैभन्दा बढी औषत आयु भएको प्रदेश कर्णाली (७२.५ वर्ष) रहेको छ भने सबैभन्दा कम औषत आयु भएको प्रदेश लुम्बिनी (६९.५ वर्ष) रहेको छ।

१.१७ कर्णाली प्रदेशमा पुरुष र महिलाको औषत आयु क्रमशः ६९.२ र ७५.५ वर्ष रहेको छ।

१.१८ नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/०८०) अनुसार नेपालमा निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसङ्ख्या २०.२७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा गरिबीको रेखामुनी रहेको जनसङ्ख्या २६.६९ प्रतिशत रहेको छ।

१.१९ सबैभन्दा कम गरिबी गण्डकी प्रदेशमा (११.८८ प्रतिशत) रहेको छ भने सबैभन्दा बढी गरिबी सुदूरपश्चिम प्रदेशमा (३४.१६ प्रतिशत) रहेको छ।

१.२० नेपालमा गरिबीको विषमता ४.५२ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा गरिबीको विषमता ६.२५ प्रतिशत रहेको छ।

१.२१ नेपालमा गरिबीको गहनता दर १.४८ रहेको छ भने कर्णाली प्रदेशमा गरिबीको गहनता दर २.१६ रहेको छ।

१.२२ कर्णाली प्रदेशको शहरी क्षेत्रमा गरिबीको दर २३.२६ प्रतिशत रहेको छ भने ग्रामीण क्षेत्रमा गरिबीको दर ३०.८६ प्रतिशत रहेको छ।

१.२३ बहुआयामिक गरिबी दर राष्ट्रिय औषतमा १७.४० प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको बहुआयामिक गरिबी दर ३९.५ प्रतिशत छ।

१.२४ आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशमा ४३.८० प्रतिशत प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन भएको छ भने आर्थिक वर्ष २०८०/८१ मा ५३.६ प्रतिशत प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन भएको थियो।

१.२५ कर्णाली प्रदेशका सबै स्थानीय तहमा वाणिज्य बैङ्कको शाखा पुगेको छ।

## २ वित्तीय अवस्था

### २.१ समष्टिगत खर्चको अवस्था

२.१.१ कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ मा क्षेत्रगत नीति र कार्यक्रमहरुको कार्यान्वयनका लागि पुँजीगततर्फ रू. १८ अर्ब ७८ करोड ६० लाख १३ हजार (५९.८० प्रतिशत), चालुतर्फ (वित्तीय हस्तान्तरण समेत) रू. १२ अर्ब ३७ करोड ४० लाख २८ हजार (३९.४० प्रतिशत) र वित्तीय व्यवस्थातर्फ रु. २५ करोड (०.८ प्रतिशत) बजेट विनियोजन भएको थियो।

२.१.२ कुल विनियोजन मध्ये समीक्षा अवधिमा चालुतर्फ (वित्तीय हस्तान्तरण समेत) रू. ९ अर्ब ७ करोड २२ लाख २४ हजार अर्थात् ७३.३२ प्रतिशत र पुँजीगत तर्फ रू. १० अर्ब ९२ करोड ६५ लाख ३८ हजार अर्थात् ५८.१६ प्रतिशत खर्च भई कुल १९ अर्ब ९९ करोड ८७ लाख ६४ हजार अर्थात् ६३.६७ प्रतिशत खर्च भएको छ। आर्थिक वर्ष २०८०/८१ मा चालुतर्फ (वित्तीय हस्तान्तरण समेत) रू. ९ अर्ब ०७ करोड २२ लाख २४ हजार अर्थात ६६.४७ प्रतिशत र पुँजीगततर्फ रू. १० अर्ब ६९ करोड ३० लाख ८७ हजार अर्थात ५४.६२ प्रतिशत खर्च भएको थियो।

**तालिका २.१: कर्णाली प्रदेशको आ.व. २०८०/८१ र २०८१/८२ को समष्टिगत खर्चको विवरण (रु. हजारमा)**

| क्र.सं. | खर्च शीर्षक | विनियोजन | | खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८०/८१ | २०८१/८२ | २०८०/८१ | २०८१/८२ |
| १ | चालु | १३८०२४६४ | १२३७४०२८ | ९१७५१३१ | ९०७२२२४ | ६६.४७ | ७३.३२ |
| २ | पुँजीगत | १९५७७२४३ | १८७८६०१३ | १०६९३०८७ | १०९२६५३८ | ५४.६२ | ५८.१६ |
| ३ | वित्तीय व्यवस्था | ० | २५०००० | ० | ० | ० | ० |
| जम्मा | | ३३३७९७०७ | ३१४१००४१ | १९८६८२१६ | १९९९८७६४ | ५९.५२ | ६३.६७ |

*स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय*

### २.२ कुल बजेट खर्च प्रवृत्ति

आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको कुल खर्च ६३.६७ प्रतिशत रहेकोमा चालु र पुँजीगत खर्च क्रमशः ७३.३१ र ५८.१६ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा प्रदेशको कुल खर्च ५९.४८ प्रतिशत रहेको थियो।

**तालिका २.२: आ.व. २०७६/७७ देखि २०८१/८२ सम्मको कर्णाली प्रदेशको खर्च प्रतिशत**

| आ.व. | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|---|
| चालु | ५६.२४ | ७२.५५ | ६५.९८ | ७२.४० | १०१.७५ | ७३.३२ |
| पुजिगत | ४४.७८ | ७१.१६ | ६१.३३ | ६४.३२ | ५४.६२ | ५८.१६ |
| जम्मा | ४९.१४ | ६५.३२ | ६३.११ | ६७.५३ | ५९.४८ | ६३.६७ |

*स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय*

चार्ट २.१: कर्णाली प्रदेशको बजेट खर्चको प्रवृत्ति (प्रतिशतमा)




## २.३ मासिक खर्च प्रवृत्ति

आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको कुल खर्च रु. १९ अर्ब ९९ करोड ७४ लाख रहेकोमा जेष्ठ महिनामा रु. २ अर्ब ६३ करोड ६९ लाख अर्थात् १३.१४ प्रतिशत र असाढ महिनामा रु. ७ अर्ब ११ करोड ६३ लाख अर्थात ३५.५९ प्रतिशत खर्च भएको देखिन्छ। आ.व.२०८०/८१ को जेठ र असार महिनामा क्रमशः १२.१६ र ३६.२६ प्रतिशत खर्च भएको थियो। आर्थिक वर्षको अन्तिममा धेरै खर्च हुने प्रवृत्तिमा अझै कमी आउन सकेको देखिदैन।

**चार्ट २.२ : कर्णाली प्रदेशको मासिक खर्च प्रवृत्ति (प्रतिशतमा)**



## २.४ निकायगत खर्च

**तालिका २.३: आर्थिक वर्ष २०८१/८२ को कर्णाली प्रदेशका मन्त्रालय/निकायको विनियोजन र खर्चको विवरण**

| क्र.स. | मन्त्रालय/निकाय | बजेट (रु. हजारमा) | | | | खर्च (रु. हजारमा) | | | | खर्च प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | वित्तीय | जम्मा |
| १ | प्रदेश व्यवस्थापिका | १३६३५० | ८६५० | ० | १४५००० | १०६३९० | ६०३२ | ० | ११२४२२ | ७८.०३ | ६९.७४ | | ७७.५३ |
| २ | प्रदेश लोक सेवा आयोग | ९७००० | २००० | ० | ९९००० | ८२६२५ | १७७८ | ० | ८४४०४ | ८५.१८ | ८८.९२ | | ८५.२६ |
| ३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १७२०० | ५०० | ० | १७७०० | १५९४२ | ४९१ | ० | १६४३३ | ९२.६९ | ९८.२४ | | ९२.८४ |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २९२४५७ | १२३६८३ | ० | ४१६१४० | १४०७३६ | ९४०१५ | ० | २३४७५१ | ४८.१२ | ७६.०१ | | ५६.४१ |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १६११५६ | १४१९९ | ० | १७५३५५ | १२६१२० | १३६७३ | ० | १३९७९३ | ७८.२६ | ९६.२९ | | ७९.७२ |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ८३६७२७ | १११५२७१ | ० | १९५१९९८ | ६८५८०० | ७३१८४८ | ० | १४१७६४८ | ८१.९६ | ६५.६२ | | ७२.६३ |
| ७ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | २५९४१३ | २६०९००३ | ० | २८६८४१६ | १७४७३९ | २१०५५४४ | ० | २२८०२८३ | ६७.३६ | ८०.७ | | ७९.५ |
| ८ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १३७२०६६ | ४९५१५० | ० | १८६७२१६ | ९४९६९० | ३४३३१७ | ० | १२९३००७ | ६९.२२ | ६९.३४ | | ६९.२५ |
| ९ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३३१५४० | ४४१४० | ० | ३७५६८० | २४८२०५ | १८४१५ | ० | २६६६२० | ७४.८६ | ४१.७२ | | ७०.९७ |
| १० | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | २८६७१५ | १०१४३८७४ | ० | १०४३०५८९ | २१०९५६ | ५७०१२४४ | ० | ५९१२२०० | ७३.५८ | ५६.२ | | ५६.६८ |
| ११ | सामाजिक विकास मन्त्रालय | २९९०९४२ | २७२८५४३ | ० | ५७१९४८५ | २१९९५६६ | १९०७९५८ | ० | ४१०७५२४ | ७३.५४ | ६९.९३ | | ७१.८२ |
| १२ | कर्णाली प्रदेश योजना आयोग | ४१००० | १००० | ० | ४२००० | २६३६१ | ८३७ | ० | २७१९९ | ६४.३ | ८३.७४ | | ६४.७६ |
| १३ | अर्थ - वित्तीय व्यवस्था | ० | ० | २५०००० | २५०००० | ० | ० | ० | ० | | | ० | ० |
| १४ | अर्थ - विविध | ७१७८८१ | १५००००० | ० | २२१७८८१ | ० | १३८६ | ० | १३८६ | ० | ०.०९ | | ०.०६ |
| १५ | स्थानीय तह | ४८३३५८१ | ० | ० | ४८३३५८१ | ४१०५०९४ | ० | ० | ४१०५०९४ | ८४.९३ | | | ८४.९३ |
| कुल जम्मा | | १२३७४०२८ | १८७८६०१३ | २५०००० | ३१४१००४१ | ९०७२२२४ | १०९२६५३८ | ० | १९९९८७६४ | ७३.३२ | ५८.१६ | ० | ६३.६७ |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत र PLMBIS प्रतिवेदन*

## २.५ प्रादेशिक कुल आय

आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशले रु. ३१ अर्ब ४१ करोड ४१ लाख आयको अनुमान गरेकोमा नेपाल सरकारबाट प्राप्त हुने अनुदानमा कटौती हुनुका साथै लक्ष्य अनुसार आन्तरिक राजस्व सङ्कलन नहुँदा आर्थिक वर्षको अन्तिम सम्ममा कुल रु.२७ अर्ब ६८ करोड ६३ लाख मात्र प्राप्त भएको छ जुन लक्ष्यको ८८.१० प्रतिशत रहेको छ।

**तालिका २.४ : आ.व. २०८१/८२ को कर्णाली प्रदेशको आयको लक्ष्य र प्राप्ति (रु. करोडमा)**

| विवरण | लक्ष्य | प्राप्ती | प्राप्ती प्रतिशत |
|---|---|---|---|
| नेपाल सरकारबाट प्राप्त अनुदान | १,६०५.६२ | १,२३४.०२ | ७६.८५ |
| नेपाल सरकारबाट प्राप्त राजस्व बाँडफाँड | ९३५.७६ | ८३७.६९ | ८९.५२ |
| नेपाल सरकारबाट प्राप्त रोयल्टी | २.७७ | २.५० | ९०.२१ |
| प्रदेशको आन्तरिक राजस्व | ८०.६६ | ५९.४७ | ७३.७३ |
| स्थानीय तहबाट प्राप्त राजस्व | २.७९ | ३.९८ | १४२.५५ |
| गत वर्षको मौजदात | ५१३.८१ | ६३०.९६ | १२२.८० |
| कुल जम्मा | **३,१४१.४१** | **२,७६८.६२** | **८८.१०** |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत र RMIS प्रतिवेदन*

## २.६ प्रदेशको आन्तरिक राजस्व

आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको आन्तरिक राजस्वको लक्ष्य रु. ८३ करोड ४४ लाख भएतापनि त्यसको ७९.०२ प्रतिशत अर्थात् रु. ६५ करोड ९४ लाख मात्र प्राप्त भएको छ। अघिल्लो आर्थिक वर्षमा लक्ष्यको ८६.७४ प्रतिशत आन्तरिक राजस्व सङ्कलन भएको थियो।यसरी राजस्वको लक्ष्यसंगै प्राप्त राजस्वमा समेत संकुचन आएको देखिन्छ।

**तालिका २.५ : कर्णाली प्रदेशको आन्तरिक राजस्वको लक्ष्य र प्राप्ति (रु. लाखमा)**

| विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| **लक्ष्य** | ३००६ | ६००० | ७१२९ | ८३६२ | ८३४४ |
| **प्राप्ति** | ६३९४ | ६६२४ | ५७१७ | ७२५४ | ६५९४ |
| **प्राप्ती प्रतिशत** | २१२.७१ | ११०.४० | ८०.१९ | ८६.७५ | ७९.०२ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत र RMIS प्रतिवेदन*

चार्ट २.३ : कर्णाली प्रदेशको आन्तरिक राजस्वको लक्ष्य र प्राप्ति (रु. लाखमा)




## २.७ प्रदेश सरकारबाट संकलित राजस्वको विवरण

तालिका २.६ : कर्णाली प्रदेश सरकारबाट संकलित राजस्वको विवरण

| क्र.सं. | राजस्व शीर्षक | आ.व. २०८१/८२ मा संकलित राजस्व |
|---|---|---|
| १ | ११११४-कृषि आयमा लाग्ने कर | ० |
| २ | ११३१५-बाँडफाँडबाट प्राप्त हुने घरजग्गा रजिष्टेशन दस्तुर | १६३६८९०५८.४ |
| ३ | ११४५१-सवारी साधन कर (साना सवारी) | ८०००० |
| ४ | ११४५२-बस्तुको उपयोग तथा उपयोगको अनुमतिमा लाग्ने अन्य कर | ७७४९२ |
| ५ | ११४५६-बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | १५३२२११०१ |
| ६ | ११४७२-बाँडफाँडबाट प्राप्त हुने विज्ञापनकर | ९९२९६२ |
| ७ | ११६११-व्यवसायले भुक्तानी गर्ने | ९४४९०० |
| ८ | १४१२२-व्यापारिकनिकायबाट प्राप्त लाभांश | ३००० |
| ९ | १४१५१-सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | १५३८२९२.५ |
| १० | १४१५७-बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ३८७८१०६३.१ |
| ११ | १४१५९-अन्यस्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | ३८४८२९.६४ |
| १२ | १४१९२-पदयात्रा शुल्क | ७०० |

| | | |
|---|---|---|
| १३ | १४२११-कृषिउत्पादनको विक्रीबाट प्राप्त रकम | २०४०८२७ |
| १४ | १४२१२-सरकारीसम्पतीको विक्रीबाट प्राप्त रकम | ७८५२१७ |
| १५ | १४२१३-अन्यविक्रीबाट प्राप्त रकम | ५८३६८७ |
| १६ | १४२१९-अन्यसेवा शुल्क तथा विक्री | ७५०५५ |
| १७ | १४२२३-शिक्षाक्षेत्रको आम्दानी | ४१३३६५ |
| १८ | १४२२४-परीक्षाशुल्क | २३५२२०७१ |
| १९ | १४२२५-यातायातक्षेत्रको आम्दानी | १०७९८३७३ |
| २० | १४२२९-अन्यप्रशासनिक सेवा शुल्क | २९७८००६२.९ |
| २१ | १४२५३-व्यावसाय रजिष्ट्रेशन दस्तुर | ६४६७०४० |
| २२ | १४२५४-रेडियो/ एफ.एम. सञ्चालन दस्तुर | ७१५३१७.७७ |
| २३ | १४२५५-टेलिभिजन सञ्चालन दस्तुर | १००००० |
| २४ | १४२५६-चालक अनुमति पत्र, सवारी दर्ता किताब (खतलङ्ग खद्वद्वण) सम्बन्धी दस्तुर | ५२४५९७५१ |
| २५ | १४२६३-जलस्रोत सम्बन्धी अन्य दस्तुर | २१०० |
| २६ | १४२६४-वन क्षेत्रको अन्य आय | १८१४९२४२.६ |
| २७ | १४३११-न्यायिकदण्ड, जरिवाना र जफत | १९३६७५ |
| २८ | १४३१२-प्रशासनिकदण्ड, जरिवाना र जफत | २९९४८५१४.४ |
| २९ | १४३१३-धरौटी सदरस्याहा | १८०० |
| ३० | १४५२९-अन्यराजस्व | ५८६६९४ |
| ३१ | १५१११-बेरूजू | ६९६१८६०८.९२ |
| ३२ | १५११२-निकासा फिर्ता | १३३१३२९६.६६ |
| ३३ | १५११३-अनुदान फिर्ता | १२६७९६१३.५६ |
| | **जम्मा** | ६३१९४७७१०.५ |

*स्रोतः RMIS प्रतिवेदन*

## २.८ स्थानीय तहबाट सङ्कलन तथा बाँडफाँड भई प्राप्त राजस्व

आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहबाट सङ्कलन तथा बाडफाँड भई प्रदेश सरकारलाई कुल रु.२० करोड ३४ लाख ६२ हजार राजस्व प्राप्त भएको छ जुन आ.व. २०८०/८१ को तुलनामा ३४.७५ प्रतिशतले बढी हो। स्थानीय तहबाट बाडफाँड भई प्राप्त राजस्वमा सबैभन्दा बढी घरजग्गा रजिष्ट्रेसन दस्तुर रहेको छ भने मनोरञ्जन कर वापत कुनै रकम प्राप्त भएको छैन।

तालिका २.७ :  विगत पाँच वर्षको स्थानीय तहबाट सङ्कलन तथा बाडफाँड भई प्राप्त राजस्व (रु. हजारमा)

| विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | १९,१८९ | १०१,८५४ | १०४,२१५ | १२८,५६९ | १६३,६८९ |
| मनोरञ्जन कर | - | - | - | १४ | - |
| विज्ञापन कर | - | - | - | - | ९९२ |
| दहत्तर बहत्तर शुल्क | ९४० | १७,९४० | ११,०८३ | २२,४०७ | ३८,७८१ |
| जम्मा | २०,१२९ | ११९,७९४ | ११५,२९८ | १५०,९९० | २०३,४६२ |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यलिय, सुर्खेत र RMIS प्रतिवेदन*

चार्ट २.४ : स्थानीय तहबाट सङ्कलन तथा बाँडफाँट भई प्राप्त राजस्व




## २.९ नेपाल सरकारबाट प्राप्त अनुदान

प्रदेश सरकारलाई आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारबाट कुल रु. १२ अर्ब ३० करोड अनुदान प्राप्त भएको छ। अघिल्लो आर्थिक वर्षमा कुल रु. ११ अर्ब ३० करोड अनुदान प्राप्त भएको थियो। पछिल्लो आर्थिक वर्षहरुमा  घट्दै गईरहेको समानीकरण अनुदान आर्थिक वर्ष २०८१/८२ मा २६.३ प्रतिशतले बृद्धि भई रु. ९ अर्ब ५१ करोड प्राप्त भएको छ।

तालिका २.८ : नेपाल सरकारबाट आ.व. २०७७/७८ देखि २०८१/८२ सम्म प्राप्त अनुदान (रु. करोडमा)

| अनुदान | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| समानीकरण अनुदान | ९६३ | १,०१४ | ९३८ | ७५३ | ९५१.२१ |
| सशर्त अनुदान | ४३१ | ४९२ | ३३९ | २७० | १९२.७१ |
| विशेष अनुदान | ४४ | ६१ | ४० | २९ | ४१.०० |
| समपुरक अनुदान | २५ | ८१ | ३३ | ४८ | ४९.१० |
| **जम्मा** | १,४६३ | १,६४८ | १,३५० | १,१०० | १२३४.०२ |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत र RMIS प्रतिवेदन*

चार्ट २.५ : नेपाल सरकारबाट आ.व. २०७७/७८ देखि २०८१/८२ सम्म प्राप्त अनुदान




## २.१० अनुदान फिर्ता

आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरबारबाट प्राप्त सशर्त, विशेष र समपुरक अनुदान खर्च नभई रु. १ करोड ८४ लाख फिर्ता भएको छ। अघिल्लो आर्थिक वर्षमा प्रदेश सरकारले रु. ३ करोड ११ लाख फिर्ता गरेको थियो।

तालिका २.९ : नेपाल सरकारलाई फिर्ता अनुदान (रु. लाखमा)

| अनुदान | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| सशर्त अनुदान | १२,८८२ | १२,२५२ | (१०९) | ३११ | ४८ |
| विशेष अनुदान | २,४३५ | २,३७४ | १६ | - | २ |
| सपुरक अनुदान | १,५२२ | ६,५८० | १२५ | - | १३४ |
| जम्मा | १६,८३९ | २१,२०६ | ३२ | ३११ | १८४ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत*

## २.११ स्थानीय तहलाई वित्तीय हस्तान्तरण (वास्तविक)

आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेश सरकारले स्थानीय तहलाई कुल ४ अर्ब १० करोड ३८ लाख ७४ हजार हस्तान्तरण गरेको छ। जसमा सशर्त अनुदानको हिस्सा सबैभन्दा बढी रहेको छ।

तालिका २.१०: आ.व. २०७७/७८ देखि २०८१/८२ सम्म स्थानीय तहलाई गरिएको वित्तीय हस्तान्तरण

(रु. हजारमा)

| अनुदान | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| समानीकरण अनुदान | ८००,००० | ७९९,९९९ | ७९४,४९६ | ७८९,२७९ | ७९१,२४३ |
| सशर्त अनुदान | ८८६,५८१ | १,५५८,१०८ | ३,०४६,२११ | २,४५५,९६४ | २,७५१,५०८ |
| विशेष अनुदान | ३३९,२५३ | २४५,५५९ | २३६,८२८ | २१४,६४७ | २४०,५६२ |
| सपुरक अनुदान | ५८२,२९० | ३८६,१९९ | २४३,६०० | ३५६,४४५ | ३२०,५६१ |
| जम्मा | २,६०८,१२४ | २,९८९,८६५ | ४,३२१,१३६ | ३,८१६,३३५ | ४,१०३,८७४ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत*

तालिका २.११ : आ.व. २०८१/८२ मा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण (जिल्लागत रुपमा)

| जिल्ला | अनुदान रकम (रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|
| | समानीकरण | समपुरक | विशेष | सशर्त | जम्मा |
| रुकुम पश्चिम | ६४,७७५ | ३३,४५९ | १७,००१ | ३६१,४६९ | ४७६,७०४ |
| सल्यान | १०४,२३१ | ३३,९६३ | १२,०५३ | १९३,९५७ | ३४४,२०४ |
| डोल्पा | ४३,६८७ | ५१,५९७ | २१,३७५ | २४०,०७५ | ३५६,७३४ |
| जुम्ला | ८६,५७५ | १८,७३४ | १२,२४९ | १५७,३२३ | २७४,८८१ |
| मुगु | ४२,४०७ | १०,२१५ | १७,२९४ | १२८,२७२ | १९८,१८८ |

| | | | | | |
|---|---|---|---|---|---|
| हुम्ला | ४०,७५६ | १०,१५० | १७,४१५ | २७७,०९७ | ३४५,४१८ |
| कालिकोट | ९८,८६३ | २२,६८७ | २७,०२४ | २३४,९१३ | ३८३,४८७ |
| जाजरकोट | ७०,०८८ | ४०,००४ | ४२,७५९ | २६०,८३७ | ४१३,६८८ |
| दैलेख | १११,५९० | ६८,९९४ | ५२,१३३ | ३९७,३३५ | ६३०,०५२ |
| सुर्खेत | १२८,२७१ | ३०,७५३ | २१,२५४ | ५००,२२५ | ६८०,५०३ |
| **जम्मा** | **७९१,२४३** | **३२०,५५६** | **२४०,५५७** | **२,७५१,५०३** | **४,१०३,८५८** |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत*

कर्णाली प्रदेश सरकारबाट आर्थिक वर्ष २०८१/८२ मा सबैभन्दा बढी सुर्खेत जिल्लाका स्थानीय तहलाई रु. ६८ करोड ५ लाख ५२ हजार वित्तीय हस्तान्तरण भएको छ भने सबैभन्दा कम मुगु जिल्लाका स्थानीय तहलाई रु. १९ करोड ८१ लाख ८८ हजार वित्तीय हस्तान्तरण गरिएको छ।

**चार्ट २.६: आ.व. २०८१/८२ मा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण (जिल्लागत)**




## २.१२ बेरुजु

आ.व. २०८०/८१ सम्म कर्णाली प्रदेश सरकारको कुल बेरुजु रु. ३ अर्ब ९४ करोड ८२ लाख ५४ हजार रहेकोमा सबैभन्दा बढी बेरुजु भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय रु. १ अर्ब ७६ करोड ९४ लाख ७५ हजार अर्थात ४४.८२ प्रतिशत रहेको छ।

२.१२ बेरुजुको विवरण (रू. हजारमा)

| क्र.सं. | मन्त्रालय/निकायको नाम | आ.व. २०८०/८१ सम्म बेरुजु (रू. हजारमा) | बेरुजु (प्रतिशतमा) |
|---|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५५ | ०.०० |
| २ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ३०१ | ०.०१ |
| ३. | प्रदेश सभा सचिवालय | ५३२ | ०.०१ |
| ४ | प्रदेश सुशासन केन्द्र, सुर्खेत | ६६५ | ०.०२ |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रलय | ६९४ | ०.०२ |
| ६ | मेहलकुना अस्पताल, सुर्खेत | १४७५ | ०.०४ |
| ७. | प्रदेश खेलकुद परिषद | ५२१६ | ०.१३ |
| ८ | जिल्ला अस्पतालहरु | ५६४६० | १.४३ |
| ९. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ६६४७० | १.६८ |
| १० | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रलाय | ३००५५४ | ७.६१ |
| ११. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ३७५०९१ | ९.५० |
| १२ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ४२००८१ | १०.६४ |
| १३. | प्रदेश अस्पताल, सुर्खेत | ४५१४८७ | ११.४४ |
| १४ | सामाजिक विकास मन्त्रालय | ४९९६९८ | १२.६६ |
| १५. | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | १७६९४७५ | ४४.८२ |
| जम्मा | | ३९४८२५४ | १०० |

*स्रोत: विषयगत मन्त्रालय तथा म.ले.प प्रतिवेदन*

परिच्छेद -३

# क्षेत्रगत र मन्त्रालयगत उपलब्धि

## ३.१ प्रदेश सभा सचिवालय

### १. पृष्ठभूमि

नेपालको संविधानको धारा ५६ उपधारा (२) बमोजिम राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले कानुन बमोजिम हुने व्यवस्था रहेको र धारा १७५ बमोजिम पहिलो हुने निर्वाचित र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सदस्यबाट प्रदेश सभाको गठन हुने प्रावधान बमोजिम संविधानको अनुसूची-४ मा उल्लिखित कर्णाली प्रदेशको १० जिल्ला (सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, रुकुम-पश्चिम, कालिकोट, जुम्ला, मुगु, हुम्ला र डोल्पा) का ४० जना माननीय सदस्यहरु रहने कर्णाली प्रदेश सभा गठन हुने प्रावधान छ। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित २४ जना, समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित १६ जना गरी जम्मा ४० जना माननीय प्रदेश सभा सदस्यहरुको प्रतिनिधित्व रहेको छ। यस प्रदेश सभाको पहिलो बैठक २०७५ साल माघ २१ गते बसेको थियो।

शक्ति पृथकीकरणको सिद्धान्त अनुसार कर्णाली प्रदेशको व्यवस्थापिकाको रुपमा कर्णाली प्रदेशसभाले प्रदेश कानुन निर्माणको जिम्मेवारी पाएको छ। यसको प्रमुख कार्य संवैधानिक व्यवस्था बमोजिम प्रदेशमा कानुन निर्माण गर्ने हो। यसका अतिरिक्त सरकार निर्माणसँग सम्बन्धित कार्यहरु गर्नुका साथै प्रदेश सरकारलाई जनता र प्रदेशसभा प्रति जवाफदेही बनाउनु प्रदेशसभाको अभिन्न कार्यको रुपमा रहेको छ। कर्णाली प्रदेशसभा अन्तर्गत चार वटा विषयगत समितिहरु रहेका छन्। विषयगत समितिमार्फत सरकारको जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गरी सुशासन कायम गर्ने जिम्मेवारी रहेको छ। प्रदेशसभाको कामकारवाहीलाई प्रशासनिक एवम् व्यवस्थापकीय रुपमा सहयोग गर्न प्रदेशसभा सचिवालय रहेको छ।

### २. दीर्घकालीन सोच

जनमुखी र जवाफदेही प्रदेशसभा।

### ३. ध्येय

३.१ जनप्रतिनिधिमूलक संस्थाको हैसियतले जनचाहना अनुरूपको कानुन निर्माण गर्ने,

३.२ प्रदेश सरकारलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने कार्यमा सहयोग गर्ने।

### ४. कार्यक्षेत्र

प्रदेश सरकारसँग सम्बद्ध सम्पूर्ण विषयहरु नै प्रदेश सभाको कार्यक्षेत्र रहेको छ। यसका साथै प्रदेश सभाको प्रमुख कार्य सरकार निर्माण गर्नु, प्रादेशिक कानुन बनाउनु, प्रदेश सरकारको काम कारबाहीको निगरानी गर्नु र प्रादेशिक जनसरोकारका विषय प्रदेश सभामा छलफल गर्नु रहेको छ। नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिका, भाग १४ मा प्रदेश व्यवस्थापिका, भाग १५ मा प्रदेश व्यवस्थापन कार्यविधि र भाग १६ मा प्रदेश आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्थामा उल्लेख भए अनुसार प्रदेश सभाले आवश्यक कानुन बनाउनुपर्ने हुन्छ।

प्रदेश सभाले संविधानको विभिन्न भागमा उल्लेख भएका माथिका विषयको कानुनका साथसाथै संविधानको अनुसूची ६, ७ र ९ मा उल्लेख भएका एकल र साझा अधिकारका विषयमा पनि कानुन बनाउनुपर्ने हुन्छ।

## ५. प्रदेश सभा सचिवालयको आ.व. २०८१/८२ को बजेट विनियोजन र खर्च सम्बन्धी विवरण

(रू. हजारमा)

| बजेट शीर्षक | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | १३६३५० | १०६३९० | ७८.२० |
| पुँजीगत | ८६५० | ६०३२ | ६९.७३ |
| जम्मा | १४५००० | ११२४२२ | ७७.५३ |

## ६. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्य

- भरबेटिम पाण्डुलिपी तयार, टाइपिङ, रुजु, समीक्षा, छपाई र प्रकाशन सम्बन्धी कार्य,
- प्रत्येक मन्त्रालयबाट प्राप्त विधेयकहरु सभाबाट पारित भैसकेपछि अपनाइने आनुषङ्गिक सुधार लगायतका अन्य प्रक्रिया सम्बन्धी कार्यक्रम,
- दोश्रो कार्यकालको नियमित बैठक संचालन तथा समितिका बैठक संचालन,
- प्रदेश सभाका कामकारबाहीका सम्बन्धमा शैक्षिक संस्थाहरुसंग अन्तरक्रिया कार्यक्रम,
- प्रदेश सभाका पूर्व र वर्तमान सदस्यहरुका बिचमा संसदिय अभ्यासका विविध पक्षमा अनुभव आदानप्रदान कार्यक्रम,
- प्रदेशका निकायमा रहेको बेरुजु सम्बन्धमा सार्वजनिक लेखा समिति मार्फत लेखा उत्तरदायी अधिकृतहरुसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन,
- प्रदेशसभा वरिपरीको पर्खाल निर्माण,
- सचिवालय र सङ्घीय संसदका कर्मचारीहरूबीच अनुभव आदानप्रदान कार्यक्रम,
- प्रदेश सभा दिवस कार्यक्रम,

## ७. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या/चुनौती

प्रदेशसभालाई निर्दिष्ट गरिएका काम कारवाहीहरु प्रदेश सरकारका विभिन्न मन्त्रालयसँग अन्तरसम्बन्धित हुने हुँदा समन्वय र सहजीकरण प्रभावकारी बनाउने विषय चुनौतीपूर्ण रहेको छ। कानुन निर्माण प्रक्रियालाई अनुसन्धानमूलक बनाउन नसकिनु, सरकार परिवर्तनले कानुन निर्माणको पक्ष ओझेलमा पर्नु, विषयगत समितिबिच समन्वयको अभाव रहनु, प्रदेशसभा सचिवालयमा कर्मचारीको अभाव एवम् कर्मचारीको क्षमता अभिवृद्धि गर्न नसकिनु लगायत देहायका समस्या रहेका छन्ः-

- आफ्नै प्राविधिक जनशक्ति नहुँदा सार्वजनिक निर्माण सम्बन्धी पुँजीगत खर्च तोकिएको समयमा गर्न नसकिनु,
- पदाधिकारीहरुको कार्यव्यस्तता र कर्मचारीको न्यूनताका कारण कार्यक्रममा ढिलाइ हुनु,
- सभा र समितिका बैठकको निर्धारित कार्यतालिका नहुँदा कार्यक्रमहरु प्रभावित हुनु,
- आम जनता, मिडियाकर्मी तथा सरोकारवालाहरुको उल्लेख्य रुपमा सहभागिता बढाउन नसकिनु,
- विधि निर्माणमा प्रदेशसभाको भूमिका सम्बन्धमा सरोकारवालाहरुको यथेष्ट चासो र निगरानी अभिवृद्धि गर्न नसकिनु,
- समयमै कानून निर्माणमा माननियहरुले प्रयाप्त समय दिन नसक्नु,

- भौतिक पूर्वाधारको प्रयाप्त व्यवस्था नहुन ।

## ८. आगामी आ.व. मा सुधार गर्नुपर्ने क्षेत्र

- कर्मचारीको क्षमता विकास गर्न आवश्यक तालिम संचालन गर्ने,
- सभा, समिति तथा सचिवालयको कामकारवाहीलाई चुस्त-दुरुस्त बनाउनुका साथै कामकारवाहीलाई कार्यतालिका/कार्ययोजना निर्माण गरी थप प्रभावकारी बनाउने,
- कार्यविधि बनाउनुपर्ने विषयमा तुरुन्त कार्यविधि बनाई लागु गर्ने,
- विधि निर्माणमा प्रदेशसभाको भूमिका विषयमा आम सरोकारवालाहरुको चासो र निगरानी बढाउन सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,
- प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्ने ।

## ९. आ.व. २०८१/८२ को आन्तरिक राजस्वको लक्ष्य र प्राप्ति (शीर्षकगत रुपमा)

| सि.नं. | राजस्व शीर्षक | लक्ष्य | प्राप्ति रु. |
|---|---|---|---|
| १ | १४१५१-सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | नतोकिएको | ११५६८१ |
| २ | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | नतोकिएको | ८००० |
| ३ | १४३१२-प्रशासनिक दण्ड,जरिवाना र जफत | नतोकिएको | ४०४ |
| ४ | १५१११- बेरूजु | नतोकिएको | ७८६२५ |
| जम्मा रकम | | | २०२७१० |

*स्रोतः RMIS प्रतिवेदन*

## १०. आ.व. २०७४/७५ देखि २०७९/८० सम्मको लेखापरीक्षण अङ्क र त्यसमा कायम बेरूजु अङ्क सम्बन्धी विवरण

(रु. हजारमा)

| क्र. सं. | आ.व. | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | | | जम्मा बेरुजु | सम्परीक्षण भएको बेरुजु | बाँकी बेरुजु | कुल बेरुजु फस्यौंट (प्रतिशतममा) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की बाँकी | | | | |
| १ | २०७४/०७५ | ६९१०८ | ० | ० | ० | ० | ० | ० | ० |
| २ | २०७५/०७६ | ११४०२७ | १४६६ | ८२० | ० | २२८६ | २२८६ | ० | १०० |
| ३ | २०७६/०७७ | १०८००१ | १४३१ | १४९२ | ० | २९२३ | २२३३ | ६९० | ७६.४१ |
| ४ | २०७७/०७८ | १०७३७३ | ९०१ | ० | ० | ९०१ | ५३८ | ३६३ | ५९.७३ |
| ५ | २०७८/०७९ | ११९६९२ | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | २०७९/०८० | १०३०८३ | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ६२१२८४ | ३७९८ | २३१२ | ० | ६११० | ५०५८ | १०५२ | ८२.७७ |

## ३.२ प्रदेश लोक सेवा आयोग

### १. पृष्ठभूमि

नेपालको संविधान बमोजिम प्रदेश निजामती सेवा तथा स्थानीय सेवाको पदमा उपयुक्त उम्मेदवार छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने उद्देश्यका साथ कर्णाली प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ३ वमोजिम प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश गठन भएको हो।

कर्णाली प्रदेशमा मिति २०७७ साल फागुन ६ गते प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यको नियुक्ति समेत भइ आयोगले पूर्णता पाएको छ। आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि वीरेन्द्रनगर नगरपालिका वडा नं. ७ कालुङ्चोक, सुर्खेतमा आयोगको कार्यालय स्थापना भएको छ।

### २. कार्यक्षेत्र

२.१ प्रदेश सेवा र स्थानीय सेवाको पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवारको छनोट गर्न परीक्षा सञ्चालन गर्ने,

२.२ प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने,

२.३ प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्ने,

२.४ प्रदेश सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्ने,

२.५ प्रदेश सेवाको पदमा स्थायी नियुक्ति गर्दा आयोगको परामर्श लिनुपर्ने।

२.६ देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः-

(क) प्रदेश सेवाको शर्त सम्बन्धी कानुनको विषयमा,

(ख) प्रदेश सेवाको पदमा छ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ग) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेशका अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) प्रदेश निजाती सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।

### ३. प्रदेश लोक सेवा आयोगको आ.व. २०८१/८२ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण

(रू. हजारमा)

| बजेट शीर्षक | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ९७००० | ८२६२५ | ८५.१८ |
| पुँजीगत | २००० | १७७८ | ८८.९२ |
| जम्मा | ९९००० | ८४४०३ | ८५.२६ |

## ४. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्य

- प्रदेश निजामती सेवाको नवौं तहको पूनः सूचना प्रकाशित गरी तथा प्रदेश निजामती सेवा र स्थानीय सेवाका सातौं, पाँचौ र चौथो तहका विभिन्न सेवा, समूह र पदको माग संकलन, पदसंख्या निर्धारण गरी १८८ वटा विज्ञापन प्रकाशन गरिएको ।
- विभिन्न जिल्लाका स्थानीय र प्रदेश स्तरिय कार्यालयहरुको अनुगमन गरि रिक्त पद सम्वन्धी जानकारी, परामर्श, माग आकृति फारम लगायतका विषयमा जानकारी आदानप्रदान भएको ।
- प्रदेश र स्थानीय सेवाको विभिन्न पद, सेवा र समूहका ६१ वटा पाठ्यक्रम परिमार्जन र निर्माण गरिएको।
- आयोगको अनलाइन प्रणालीको इन्ह्यान्समेण्ट गरिएको ।
- माग भए बमोजिम सेवाशर्त सम्बन्धी कानून तथा विभागीय सजायको लागि परामर्श प्रदान गरिएको।
- बढुवा सम्बन्धी परेका सबै उजुरीको सुनुवाई गरिएको।
- आयोग समेतलाई विपक्षी बनाई अदालतमा परेका मुद्धा, उजुरीको प्रतिरक्षा गरिएको ।
- आयोगको भवन निर्माण प्रक्रिया शुरु गरिएको ।
- विभिन्न पदका परीक्षा सञ्चालन गरिएको ।
- प्रदेश निजामती सेवा र स्थानीय सेवाको विभिन्न सेवा, समूहका रिक्त पदमा नियुक्तिका लागि ७१० जना उम्मेदवार छनौट गरी सिफारिस गरिएको ।
- आयोगको प्रथम रणनीतिक योजना (आ.व. २०८२/०८३-२०८६/०८७) स्वीकृत गरिएको ।

## ५. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या/चुनौती

- आयोग रहेको जग्गाको स्वामित्व/भोगाधिकार आयोगमा नहुनु,
- भवन पुरानो हुनु तथा कार्यप्रकृतिसँग मेल खाने नहुनु,
- मुद्दा मामिलाको कारणले काम सहज रुपमा अगाडि बढाउन नसकिएको,
- माथिल्लो तहको पदपूर्ति सम्बन्धी काम गर्न (सुर्खेतमा) विज्ञ उपलब्ध नहुनु।

## ६. आ.व. २०८१/८२ को आन्तरिक राजस्वको लक्ष्य र प्राप्ति (शीर्षकगत रुपमा)

| सि.नं. | राजस्व शीर्षक | लक्ष्य | प्राप्ति |
|---|---|---|---|
| १ | १४२२४-परीक्षा शुल्क | नतोकिएको | २३४८५२७१ |
| २ | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | नतोकिएको | ७८१०० |
| जम्मा रकम | | | **२३५६३३७१** |

*स्रोतः RMIS प्रतिवेदन*

## ३.३ मुख्य न्यायाधिवक्ताको कार्यालय

### १. पृष्ठभूमि

नेपालको संविधानको धारा १६०(१) मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने र मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने संवैधानिक व्यवस्था रहेको छ। प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हकहित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भइ बहस पैरवी र प्रतिरक्षा गर्ने, प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानुनी प्रश्नमा राय माग गरेमा कानुनी राय दिने। प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यन्वयन गर्न गराउन प्रदेश सरकारका मन्त्रालय वा कार्यालयलाई पत्राचार गर्ने तथा आदेश वा फैसला कार्यन्वयनको अनुगमन गर्ने। प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानुन बानाउनु पर्ने वा भइरहेको कानुन संशोधन गर्नुपरेमा त्यसको कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने। प्रदेश सरकारका मन्त्रालय वा कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानुनी लिखतमा स्तर कायम गर्न आवश्यक समन्वय गर्ने। प्रदेशभित्र रहेका हिरासत, थुनुवा कक्ष तथा कारागारमा रहेका थुनुवा तथा कैदी उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा निरीक्षण गरी सो सम्बन्धी प्रतिवेदन तयार गरी सम्बन्धित निकायलाई आवश्यक सुझाव प्रदान गर्ने लगायतका काम, कर्तव्य र अधिकार मुख्य न्यायाधिवक्तामा निहित छन्। मुख्य न्यायाधिवक्ताको कार्यालयमा महान्यायाधिवक्ताको कार्यालयबाट उपलब्ध गराइएका सरकारी वकिल र प्रदेश सरकारबाट समायोजन भइ आएका जनशक्तिबाट कार्यालयमा कार्यसम्पादन हुदै आएको छ। मुख्य न्यायाधिवक्तामा निहित अधिकारहरू मातहतका अधिकृत कर्मचारीहरूलाई सुम्पन सक्ने कानुनी व्यवस्था समेत रहेको छ।

### २. दीर्घकालीन सोच

संवैधानिक एवम् कानुनी विषयमा प्रदेश सरकार र प्रदेश सरकारले तोकेको अन्य अधिकारीलाई राय सल्लाह दिने, प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको मुद्दामा प्रदेश सरकारको तर्फबाट उपस्थित भइ सम्बन्धित अदालतमा वहस पैरवी र प्रतिरक्षा गर्ने, मानव अधिकारको संरक्षण गर्दै कानुनी शासनको सुनिश्चितता कायम गर्नु समेत दीर्घकालीन सोच रहेको छ।

### ३. ध्येय

संवैधानिक र कानुनी विषयमा अध्ययन, अनुसन्धान, प्रशिक्षण, अन्तरक्रिया, छलफल गर्ने र प्रहरी हिरासत र कारागारमा रहेका थुनुवा तथा कैदीहरुको मानव अधिकारको अवस्था बारे जानकारी लिइ सुधारका लागि संघ तथा प्रदेश सरकार समक्ष अनुरोध गर्ने।

### ४. कार्यक्षेत्र

४.१ प्रदेश सरकारसँग सम्बन्धित संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्त्व वा सार्वजनिक सरोकारको विचाराधीन मुद्दामा प्रदेश सरकार वा प्रदेश सरकारको तर्फबाट उपस्थित भइ बहस पैरवी तथा प्रतिरक्षा गर्ने,

४.२ प्रदेश सरकार र मातहतका निकायका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश स्थित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई पत्राचार गरी कानुन कार्यान्वयनको अनुगमन गर्ने, गराउने,

४.३ प्रचलित प्रदेश कानुनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आइपरेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानुन बनाउनु पर्ने वा भइरहेको कानुन संशोधन गर्न वा बनिरहेको कानुन लागु गर्नुपर्ने देखिएमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

४.४ प्रदेश सरकारका मन्त्रालय, सचिवालय, विभाग वा अन्य प्रदेश सरकारका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानुनी मस्यौदामा स्तर कायम गर्न त्यस्ता कार्यालयबिच आवश्यक समन्वय गर्ने र त्यस्ता कार्यालयलाई आवश्यक निर्देशन दिने,

४.५ प्रदेशस्थित हिरासत थुनुवा कक्षमा रहेका थुनुवालाई आफन्तसँग वा कानुन व्यवसायी मार्फत् भेटघाट गर्न नदिएको वा मानवोचित व्यवहार नभएको उजुरी परेमा वा जानकारी हुन आएमा मुख्य न्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने,

४.६ प्रदेश सरकारको सरोकारमा पर्ने मुद्दामा प्रतिरक्षाको माग भइ आएमा प्रतिरक्षा गर्ने,

४.७ प्रदेश सरकारको हक हित वा सार्वजनिक हितमा असर पर्नेगरी भएको निर्णय वा आदेश विरुद्ध मुद्दा दायर, पुनरावेदन वा पुनरावलोकनका लागि निवेदन दिन वा उपचार प्राप्त गर्न कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले तोकेको कर्मचारीले  गर्न सक्नेछ,

४.८ प्रदेश कानुन बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारवाहीबाट प्रदेश सरकारको हकहित प्रतिकूल भएको वा संविधान वा प्रचलित कानुनको उल्लङ्घन वा सार्वजनिक हित विपरित भएको छ भन्ने लागेमा कानुनी उपचार प्राप्त गर्न सक्ने,

४.९ बहस, पैरवी तथा प्रतिरक्षा सम्बन्धी फैसला/आदेशको कार्यान्वयन भए नभएको अवलोकन गर्ने।

## ५. मुख्यन्यायाधिवक्ताको कार्यालयको आ.व. २०८१/८२ को विनियोजन र खर्च सम्बन्धी विवरण

(रू. हजारमा)

| बजेट शीर्षक | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| **चालु** | १७२०० | १५९४२ | ९२.६८ |
| **पुँजीगत** | ५०० | ४९१ | ९८.२४ |
| **जम्मा** | **१७७००** | **१६४३३** | **९२.८४** |

## ६. आ.व. २०८१/८२ को आन्तरिक राजस्वको लक्ष्य र प्राप्ति (शीर्षकगत रुपमा)

| सि.नं. | राजस्व शीर्षक | लक्ष्य | प्राप्ति |
|---|---|---|---|
| १ | नभएको | नतोकिएको | ०/- |

*स्रोतः RMIS प्रतिवेदन*

## ७. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्य

- प्रदेशभित्र कारागार तथा हिरासत कक्ष निरीक्षण,
- विभिन्न क्षमता विकास सम्बन्धी तालिम सञ्चालन,
- लिखित जवाफ एवम् कानुन सम्बन्धी प्रशिक्षण कार्यक्रम,
- सर्वोच्च र उच्च अदालतमा परेका रिट प्रतिरक्षा।

## ८. बजेट तथा कार्यक्रम कार्यान्वयन क्रममा देखिएका समस्या/चुनौती

- तहगत, निकायगत र कार्यगत समन्वय प्रभावकारी हुन नसक्दा मुद्दाको प्रतिरक्षामा कठिनाई,
- क्षमता विकास सम्बन्धी तालिमको व्यबस्था नहुदा कार्य सम्पादनमा जटिलता,
- भौगोलिक विविधता, विकटता र मौसमी प्रतिकूलताका कारण समयमा कार्यक्रम सम्पन्न हुन नसक्नु,
- कार्यालयको स्वामित्वमा आफ्नो जग्गा र भवन नहुनु,
- सर्वोच्च अदालत काठमाण्डौं, उच्च अदालत पाटन ललितपुर लगायतका अदालतमा मुद्दाको पेशीको दिन अनिवार्य उपस्थित हुनुपर्ने तर मुद्दाको पालो नआउने/हेर्न नभ्याइने सोही मुद्दाको हप्ता हप्तामा पेशी तोकिदा काठमाडौं जानुपर्ने हुँदा बजेट रकमान्तर गरी काम गर्नु पर्ने बाध्यता।

## ९. आगामी आ.व. मा सुधार गर्नुपर्ने क्षेत्र

- तहगत, निकायगत र कार्यगत समन्वय प्रभावकारी हुनुपर्ने,
- क्षमता विकास सम्बन्धी तालिमको व्यवस्था गर्नुपर्ने,
- कार्यालयको स्वामित्वमा आफ्नो जग्गा र भवनको व्यवस्था हुनुपर्ने,
- सर्वोच्च अदालत काठमाण्डौं, उच्च अदालत पाटन ललितपुर लगायतका अदालतमा मुद्दाको पेशीको दिन अनिवार्य उपस्थित हुनुपर्ने तर मुद्दाको पालो नआउने/हेर्न नभ्याइने सोही मुद्दाको हप्ता हप्तामा पेशी तोकिदा काठमाडौं जानुपर्ने हुदा पर्याप्त बजेटको व्यवस्था हुनुपर्ने।

## ९. आ.व. २०७५/७६ देखि २०७९/८० सम्मको लेखापरीक्षण अङ्क र त्यसमा कायम बेरूजु अङ्क सम्बन्धी विवरण

| क्र.सं. | आ. व. | लेखापरीक्षण अङ्क | कायम बेरूजु | फस्यौंट | बाँकी बेरूजु |
|---|---|---|---|---|---|
| १ | २०७५/७६ | २,२२,२४,००० | ० | | ० |
| २ | २०७६/७७ | १,६४,८७,००० | १,२५,३२५.८४ | १,२५,३२५.८४ | ० |
| ३ | २०७७/७८ | १,०५,६४,००० | ० | | ० |
| ४ | २०७८/७९ | १,८९,११,००० | ० | | ० |
| ५ | २०७९/८० | १,८६,३६,००० | २,२५,३८८ | ० | २,२५,३८८ |

## ३.४ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### १. पृष्ठभूमि

नेपालको संविधान बमोजिम सङ्घीयता कार्यान्वयनसँगै प्रदेश सरकारको सर्वोच्च प्रशासकीय निकायको रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ। वि.सं. २०७४ साल फागुन ३ गते प्रदेश मन्त्रिपरिषद्को गठन भएसँगै यस कार्यालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को प्रशासकीय निकायको रुपमा कार्य गर्दै आएको छ। प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने संवैधानिक जिम्मेवारी पूरा गर्न यस कार्यालयको स्थापना भएको हो।

यस कार्यालयको प्रदेश मन्त्रिपरिषद्, प्रदेश निजामती तथा अन्य सरकारी सेवा, सुशासन, मानव अधिकार, प्रदेश सरकारका निकायहरुबिच समन्वय, निर्देशन र सुपरिवेक्षण, अन्तर-सरकार समन्वय लगायतका कार्यजिम्मेवारी रहेको छ।

### २. दीर्घकालीन सोच

स्वच्छ, सक्षम, जवाफदेही र सुशासनयुक्त प्रशासन र शासन।

### ३. ध्येय

प्रदेश शासकीय र प्रशासकीय सक्षमता तथा जवाफदेहिता मार्फत् सार्वजनिक सेवामा प्रभावकारिता ल्याउने।

### ४. कार्यक्षेत्र

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस कार्यालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहाय बमोजिम रहेका छन्ः-

- प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी,
- प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
- प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन,
- प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन,
- प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण,
- प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन,
- प्रदेश मन्त्रिपरिषद्मा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण,
- प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी र सम्बोधन,
- मानव अधिकारको संरक्षण र प्रवर्द्धन,
- सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार तथा प्रदेशका कानुन कार्यान्वयन अवस्थाको अनुगमन तथा मूल्याङ्कन,
- संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य सङ्घीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय,

- सङ्घीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीयस्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन र प्रदेशमा कार्यरत विकास साझेदारहरूको समन्वय तथा अनुगमन,
- प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन,
- राष्ट्रिय समन्वय परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्वन्ध,
- प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानुनको तर्जुमा र कार्यान्वयन,
- निर्वाचन कार्यमा सहयोग र समन्वय,
- प्रदेशस्तरीय मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन,
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन,
- प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण,
- प्रदेश प्रशिक्षण प्रतिष्ठान सञ्चालन, प्रदेशस्तरीय तालिम, नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवम् समन्वय,
- प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक अध्ययन तथा भ्रमण सम्बन्धी,
- प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन,
- गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानुन तर्जुमा,
- प्रदेशिक नीति अनुसन्धान र नीति प्रयोगशाला सञ्चालन सम्बन्धी।

## ५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आ.व. २०८१/८२ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण

(रू. हजारमा)

| कार्यालयको नाम | विनियोजन | | | खर्च रकम | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुजिगत | जम्मा | चालु | पुजिगत | जम्मा | चालु | पुजिगत | जम्मा |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १५१५४७ | १४७३० | १६६२७७ | ११५३५८ | १३१८४ | १२८५४२ | ७६.१२ | ८९.५० | ७७.३१ |
| कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान | ६८३२५ | ५६०३ | ७३९२८ | १८२०९ | ४८०७ | २३०१६ | २६.६५ | ८५.८ | ३१.१३ |
| प्रदेशिक कार्यक्रम सहयोग इकाई | ७२५८५ | ५०० | ७३०८५ | ७४८४ | ४९४ | ७९७८ | १०.३१ | ९८.९७ | १०.९२ |
| पूर्वाधार विकास निर्देशनालय | - | ७४८५० | ७४८५० | - | ४८४५० | ४८४५० | - | ६४.७३ | ६४.७३ |
| स्थानिय तह (रोजगार कार्यक्रम) | - | २८००० | २८००० | - | २७०७७ | २७०७७ | - | ९६.७० | ९६.७० |
| जम्मा | २९२४५७ | १२३६८३ | ४१६१४० | १४१०५१ | ९४०१४ | २३५०६५ | ४८.२३ | ७६.०१ | ५६.४९ |

***स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

६. आर्थिक वर्ष २०८१।८२ मा सम्पादन भएका प्रमुख कार्यहरुः

- २७ वटा मन्त्रिपरिषद् बैठकबाट ११० वटा निर्णय भएको,
- १० वटा कार्यविधि, ९ वटा नियमावली, २ वटा मापदण्ड स्वीकृत भएको,
- १ वटा नियमावली, १ वटा कार्यविधि र १ वटा निर्देशिकामा संशोधन गरिएको,
- ७ वटा विधेयक प्रदेश सभामा पेश गर्न, ५ वटा विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति दिइएको,
- विद्युतीय कार्यालय सञ्चालन तथा विद्युतीय मन्त्रिपरिषद्को बैठक सम्बन्धी अवधारणापत्र तयार गरी इ-क्याविनेटको सफ्टवेयर निर्माणका लागि फाइल स्वीकृत भएको तर कार्यक्रम सम्पन्न हुन नसकेको,
- मन्त्रिपरिषद् प्रस्ताव लेखन सम्बन्धी तालिम दुई चरणमा सम्पन्न भएको। पहिलो चरणमा ३५ र दोस्रो चरणमा २८ जना गरी २ दिने तालिम सम्पन्न गरिएको,
- विभिन्न जिल्लामा लोक सेवा तयारी सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न गरिएको,
- स्तनपान कक्ष निर्माण तथा लैससास मैत्री पूर्वाधार निर्माण गरिएको,
- नमूना कार्यालय परीक्षण तथा प्रोत्साहन सम्बन्धी कार्य सम्पन्न गरिएको,
- प्रदेश सरकारको कार्यालय तथा कार्य सम्पादनको अनुगमन तथा मूल्याङ्कन सम्पन्न गरिएको,
- सुशासन सम्बन्धी पुस्तक प्रकाशन गरी विभिन्न निकायमा वितरण गरिएको,
- प्रदेश समन्वय परिषद्को आठौं बैठक सम्पन्न भएको,
- नेतृत्व तह बैठक तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको,
- सेवाग्राही सन्तुष्टि सर्वेक्षण निर्देशिका २०८१ को मस्यौदा तयार भइ मन्त्रिपरिषद्मा पेश हुने क्रममा रहेको,
- व्यवस्थापन परीक्षण निर्देशिका २०८१ को मस्यौदा तयार भइ मन्त्रिपरिषद्मा पेश हुने क्रममा रहेको,
- बागमती प्रदेशको हेटौंडास्थित मानवसेवा आश्रमको अवलोकन तथा छलफल, बागमती प्रदेश मुख्यमन्त्री कार्यालयका कर्मचारीसँग छलफल तथा अन्तरक्रिया, गण्डकी प्रदेशका मा. पर्यटन मन्त्री, प्रदेश सचिव लगायतका पदाधिकारीसँगको छलफल तथा भेटघाट कार्यक्रम सम्पन्न भएको,
- योजना अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण कार्यक्रम अन्तर्गत प्रदेश तथा स्थानीय तहका ३५ जना योजना शाखा प्रमुखहरुलाई २ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको,
- प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम समयमा तयार भइ प्रदेश सभाबाट स्वीकृत समेत भएको,
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बजेट तयार गरी पेश भएकोमा स्वीकृत भइसकेको,
- मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरु छनोट गरी ससर्त अनुदानको रुपमा स्थानीय तहलाई वार्षिक विकास कार्यक्रममा समाबेश गरी पठाइएको,
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको र प्रदेश सरकारको त्रैमासिक तथा बर्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको
- रोजगार संयोजकहरुको सहभागितामा मुख्यमन्त्री रोजगार कार्यक्रमको वार्षिक समीक्षा गरिएको।
- आर्थिक वर्ष २०८०/८१ को वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरी बजेट कार्यान्वयन तथा कार्यसम्पादन सम्बन्धी ९ बुँदे साझा प्रतिबद्धता गरिएको।
- स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ र नियमावली,२०८१ तर्जुमा गरिएको।

- माननीय मुख्यमन्त्रीज्यू समेतको समुपस्थितिमा जिल्लास्थित सबै सरकारी कार्यालयका कार्यालय प्रमुख, सबै स्थानीय तहका नगर प्रमुख, अध्यक्ष, जनप्रतिनिधि तथा सरोकारवालाहरूसँको छलफल तथा अन्तरक्रियाका क्रममा उठेका सवाल, सम्बोधन तथा महत्त्वपूर्ण विषयमा श्रव्यदृश्य सामग्री निर्माण गरी प्रसारण गरिएको।
- सुशासन पुस्तकको तेस्रो अङ्क प्रकाशन गरिएको।
- प्रशासन सेवा तर्फका अधिकृतस्तरका नवप्रवेशी कर्मचारीहरूका लागि पन्ध्र दिनको सेवाप्रवेश तालिम कार्यक्रम सम्पन्न गरिएको। साथै सेवाकालीन तालिम सम्पन्न गरिएको।
- आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा सम्बन्धी तालिम सम्पन्न गर्नुका साथै प्रदेश सरकारको बजेट तर्जुमा तथा PLMBIS सञ्चालन सम्बन्धी ३ दिने तालिम सम्पन्न गरिएको।
- मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अनलाइन प्रणालीलाई सहज रुपमा आयोजना माग र प्रतिवेदन प्राप्त गर्न सकिने गरी मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम अद्यावधिक गरिएको।
- लुम्बिनी प्रदेश सरकार र कर्णाली प्रदेश सरकारबीच विकास, सेवा प्रवाह, कानून तर्जुमा लगायतका १९ बुँदाका विषयको समझदारी पत्रमा हस्ताक्षर भएको।
- सङ्घीय समपूरक र विशेष अनुदानका आयोजनाहरू छनोट तथा प्रस्ताव गरिएको।
- मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व २०७७/७८-२०८१/०८२) तथा विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजनाको प्रतिवेदन प्रदेशस्थित सबै मन्त्रालयबाट सङ्कलन गरी सोको एकीकृत प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएको।
- सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण उच्चस्तरीय समिति गठन भई सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी प्रतिवेदन प्राप्त भएको छ र सो प्रतिवेदन कार्यान्वयनमा सहजीकरण गर्न कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्बाट समिति गठन भई कार्य प्रारम्भ भएको।
- प्रदेशभित्रका निजामती कर्मचारीहरूको सरुवा, कामकाज तथा सहमतिसम्बन्धी कार्यसम्पादन गरिएको,
- प्रदेश मातहतका कर्मचारीहरूको सरुवा, काज, नियुक्ति तथा पदस्थापन, अध्ययन पूर्वस्वीकृति तथा विदा, अध्ययन तथा तालिम मनोनयन आदि कर्मचारी प्रशासन सम्बन्धी कार्य भएको।
- प्रदेश सेवामा कार्यरत निजामती कर्मचारीलाई उत्प्रेरणाका कर्णाली सेवा पुरस्कारबाट पुरस्कृत गरिएको।
- प्रदेश सरकारका सचिवहरूको नियमित बैठक सञ्चालन तथा व्यवस्थापन गरिएको।
- सञ्चारकर्मीहरुसँग माननीय मुख्यमन्त्रीको मासिक अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको।
- प्रदेश लोकसेवा आयोगबाट प्रदेशमा नियुक्त विभिन्न तहका कर्मचारीको सिटरोल दर्ता कार्य भएको।

**७. बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या तथा चुनौतीहरुः**

- कार्यक्रम कार्यान्वयन गर्न समयमै कानून तर्जुमा गर्नु,
- हाम्रा कुरा हाम्रा मुख्यमन्त्रीः प्राप्त गुनासो फछ्र्यौटको संयन्त्र, फोकल पर्सन क्षमता विकास गर्नु,
- प्रदेश र स्थानीय तहको नीति, योजना तथा कार्यक्रममा तादात्म्यता कायम गर्नु,
- प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयन र सोको अनुगमन तथा मूल्याङ्कन गर्नु,
- संघ र स्थानीय तहसँगको र अन्तरनिकाय समन्वय र सहकार्य न्यून हुनु,

- सफ्टवयेर प्रणालीहरूको सञ्चालन सम्बन्धि प्रयाप्त दक्षता नहुनु,
- दातृ निकाय तथा गैरसरकारी संस्थाः योजना तर्जुमा, एकद्धार प्रणाली र अभिलेख नहुनु,
- व्यवस्थापन परीक्षण गर्नु र सोको सुझावहरू कार्यान्वयन गर्नु,
- सम्पत्ति विवरण अभिलेख व्यवस्थापनमा स्थान र संरक्षणको अभाव हुनु,
- कार्यसम्पादन सम्झौताको निरन्तरता र कार्यान्वयनः लक्ष्य प्रगति बिच आवद्धता नहुनु,
- प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गतको अख्तियारी समयमा प्राप्त नहुनु,
- नेतृत्व तहका कर्मचारीको छिटो छिटो सरुवा हुनु,
- संस्थागत स्मरणको कमजोर अवस्था हुनु।

**८. आगामी आ.व. मा सुधार गर्नुपर्ने क्षेत्रहरुः**

- कार्यक्रम कार्यान्वयन गर्न कानून तर्जुमा गर्नुपर्ने।
- प्रदेश र स्थानीय तहको नीति, योजना तथा कार्यक्रममा तादात्म्यता कायम गर्नु पर्ने ।
- कर्मचारीको क्षमता विकासमा जोड दिने।

**९. आ.व. २०८१/८२ को आन्तरिक राजस्वको प्राप्तिको विवरण**

| सि.नं. | राजस्व शीर्षक | राजस्वको विवरण | लक्ष्य | राजस्व आम्दानी रू. | नगद बाँकी |
|---|---|---|---|---|---|
| १. | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | - | १२,१००/- | - |
| २. | १५१११ | बेरूजू | - | ३,१६,५४०.४५ | - |
| | | **कूल जम्मा** | - | **३,२८,६४०.४५** | - |

**१२. आ.व. २०७४/७५ देखि २०८१/८२ सम्मको लेखापरीक्षणमा कायम बेरुजु अङ्क, फस्यौंट र बाँकीको अवस्था**

| असुल उपर गर्नुपर्ने | नियमित गर्नुपर्ने | जम्मा बेरूजू | असूल भई फछ्यौंट भएको | असूल हुन बाँकी | नियमित हुन बाँकी बेरूजु | जम्मा बाँकी बेरूजू |
|---|---|---|---|---|---|---|
| ७,२७,३५६.६ | १०,५२,४९१.५ | १७,७९,८४८.१ | २,२१,८८३.४५ | ५,०५,४७३.१५ | १०,५२,४९१.५ | १५,५७,९६४.६५ |

## ३.५ आन्तरिक मामिला तथा कानुन मन्त्रालय

### १. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने संवैधानिक प्रावधान छ। संविधान बमोजिम संघको एकल अधिकार अनुसूची-५ र साझा अधिकार अनुसूची-७ र ९, प्रदेशको एकल अधिकार अनुसूची-६ र साझा अधिकार अनुसूची-७ र ९ तथा स्थानीय तहको एकल अधिकार अनुसूची-८ र साझा अधिकार अनुसूची-९ मा उल्लिखित विषयमा निहित छ। धारा ५८ मा यस संविधान बमोजिम संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा यो संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा संघको अधिकार हुने गरी अवशिष्ट अधिकार (Residual Right) को प्रयोग गर्ने अधिकार भने संघलाई प्रदान गरिएको छ। संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको निर्वाचन सम्पन्न भए पश्चात नेपाल सरकारको मिति २०७४ साल माघ १० गतेको निर्णयानुसार कर्णाली प्रदेशमा सातवटा मन्त्रालयहरुको स्थापना गरिएको छ। आठवटा मन्त्रालयहरु मध्येको आन्तरिक मामिला तथा कानुन मन्त्रालय पनि एक हो। साविक सहरी विकास तथा भवन डिभिजन कार्यालय सुर्खेतको भवनमा मिति २०७४/१०/१९ गते स्थापना भइ सञ्चालनमा रहेको छ। यसको गठन प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसंस्थाको समन्वय र सहकार्य गर्ने मुख्य उद्देश्यका साथ यस मन्त्रालयको स्थापना भएको छ।

### २. दीर्घकालीन सोच

"समृद्ध कर्णाली, सुखारी कर्णालीवासी" बनाउने दीर्घकालीन सोच कार्यान्वयन गर्न नागरिकको जीउ ज्यान, सम्पत्ति, स्वतन्त्रता र आधारभूत मानव अधिकारको संरक्षण एवम् शान्त र सुरक्षित प्रदेश।

### ३. ध्येय

दिगो र भरपर्दो शान्ति सुरक्षा व्यवस्था, विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र सूचना प्रविधिको विकास, नयाँ स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय गर्ने।

### ४. कार्यक्षेत्र

४.१ प्रदेश शान्ति सुरक्षा र सु-व्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य,

४.२ अतिविशिष्ट व्यक्ति, महत्त्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,

४.३ सङ्घीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान-प्रदान र समन्वय,

४.४ सङ्घीय कानुन बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन,

४.५ प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय,

४.६ कानुन, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी,

४.७ प्रदेश सभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी,

४.८ अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग,

४.९ आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग,

४.१० प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी,

४.११ सामुदायिक प्रहरी,

४.१२ प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,

४.१३ प्रदेशभित्र न्यायिक र अर्धन्यायिक निकायले गरेका फैसला कार्यान्वयन,

४.१४ प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरुको अभिलेख, समन्वय, अनुगमन, अनुगमन तथा मूल्याङ्कन र नियमन,

४.१५ गुनासो र विवाद व्यवस्थापन,

४.१६ सङ्घीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन,

४.१७ फौजदारी कार्यविधि कानुनको कार्यान्वयन,

४.१८ अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति,

४.१९ निवारक नजरबन्द र स्थान हद सम्बन्धी,

४.२० अन्तर प्रदेश सम्बन्ध,

४.२१ सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान,

४.२२ स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय,

४.२३ पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, अभिभावकविहीन बालबालिका, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४.२४ विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४.२५ उपाधि, सम्मान तथा विभूषणको सिफारिस,

४.२६ प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आादिको व्यवस्थापन,

४.२७ प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुर्नस्थापन सम्बन्धी,

४.२८ सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी,

४.२९ प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण,

४.३० प्रदेशस्तरमा तारयुक्त रताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,

४.३१ प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन,

४.३२ प्रदेशभित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन,

४.३३ प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन,

४.३४ साइवर सुरक्षा अनुगमन,

४.३५ छापा सञ्चार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन,

४.३६ प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण,

४.३७ श्रमजीवी सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन,

४.३८ प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी,
४.३९ केबुल वितरणको इजाजत, नवीकरण र नियमन,
४.४० सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
४.४१ चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन,
४.४२ प्रदेश सरकार अन्तर्गत रहेका सरकारी सवारी साधनको अभिलेख, नियन्त्रण, संरक्षण, व्यवस्थापन र समन्वय,
४.४३ अन्य कुनै पनि मन्त्रालयलाई गर्ने भनि स्पष्ट रुपमा नतोकिएको कार्य।

## ५. आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आ.व. २०८१/८२ मा खुद विनियोजन र खर्च सम्बन्धी विवरण

(रु. हजारमा)

| ब.उ.शि. नं. | ब.उ.शि. नं. को नाम | बिनियोजन बजेट रकम रु. | खर्च रकम रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३३,१५,४० | २४,८२,०५ | ७४.८६ |
| ३१४०००११४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४,४१,४० | १,८४,१५ | ४१.७२ |
| **जम्मा** | | ३७,५६,८० | २६,६६,२०- | ७०.९७ |

## ६. आ.व.२०८१/०८२ मा सम्पादन भएका प्रमुख कार्यहरु

- यस मन्त्रालयको पहलमा सुर्खेतमा प्रहरी भर्ना, छनौट कार्य सुरु गरिएको।
- ७४ स्थानीय तहलाई २१२१ जनाको शहिद स्मृति भत्ता वापत ५ करोड ९ लाख ४ हजार अख्तियारी प्रदान गरिएको।
- ७० स्थानिय तहलाई १९२० जनाको जीवन निर्वाह बिशेष भत्ता वापत ४ करोड ६० लाख ८० हजार अख्तियारी प्रदान गरिएको।
- आ.व. २०८१/०८२ मा ४६ वटा विषयमा राय सहमति दिएको,११ वटा विषयमा लिखित जवाफ पेश गरिएको,१२ वटा विधेयक सभामा पेश भएको,८ वटा ऐन राजपत्रमा प्रकाशन भएको र ४५ वटा राजपत्र प्रकाशन भएको।
- सुर्खेतको बबइमा डिजिटल गेट र कन्ट्रोलरुम निर्माण भइ प्रहरी मार्फत संचालनका लागि हस्तान्तरण गरिएको।
- द्वन्द्व पीडित घाईते उपचार कार्यक्रम अन्तर्गत प्रदेश अस्पतालवाट ४८ जानाले उपचार पाएका।
- कर्णाली प्रदेशभित्रका प्रत्येक घरघरमा प्रहरिको सम्पर्क नम्बर सहित स्टिकर टास्नको लागि ५६हजार स्टिकर छपाइ गरि जिल्ला प्रहरी कार्यालयहरुलाई हस्तान्तरण गरिएको।
- ई.प्र.का. जगतिपुर जाजरकोट, ई.प्र.का. सल्लिबजार सल्यान र प्रहरी चौकी रामघाटको कार्यालयको भवन निर्माण सम्पन्न भएको।
- ११० संचार माध्यमबाट लोक कल्याणकारी विज्ञापन प्रशारण गरिएको।
- सार्वजनिक प्रसाण सेवा (रेडियो नेपाल प्रादेशिक कार्यालय सुर्खेत) बाट खस भाषामा समाचार २०८२/०१/२९ देखि प्रसारण भएको।
- पत्रकारिता स्वास्थ्य बिमा कार्यक्रमको सुरुवात गरिएको।

- रेडियो नेपाल प्रादेशिक प्रसारण केन्द्र मार्फत प्रदेश विशेष कार्यक्रम संचालन रेडियो नेपाल प्रादेशिक प्रसारण केन्द्र सुर्खेतसंग सम्झौता भै कार्यान्वयन भएको।
- डिजिटल कर्णाली कन्क्लेभ जस्ता कार्यक्रमको शुरुवात भएको।
- २०८१ साल असोज महिनाको बाढी प्रभावितलाई राहत स्वरुप केन्द्रिय राहत कोषमा रु. ५० लाख निकासा गरिएको।
- कर्णाली प्रदेशका १५ पालिका १६०७८ घरहरु विपद जोखिम विमा गरिएको।
- विपद् व्यवस्थापन कोषमा १०,६९,८२,०००/- जम्मा गरिएको ।
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना(DPRP) अध्याबधिक भएको।
- प्राकृतिक प्रकोप एवं विपद् सम्बन्धि अभिमुखिकरण, प्राथमिक उपचार तथा खोज उद्धार कार्यक्रम मार्फत स्थानीय उद्दारकर्मी तयार भएको साथै विधालयका बालबालिका विपद सम्बन्धि सचेत भएको।
- प्राकृतिक प्रकोप एवं विपद् सम्बन्धी सेमुलेशन अभ्यास सम्पन्न भएको जसले प्राकृतिक विपदका लागि पुर्व तयारी भएको।
- विपद जोखिम विरुद्ध कर्णाली प्रदेश सामूहिक दुर्घटना बीमा समपन्न गरिएको।
- प्राकृतिक विपदमा योगदान पुर्याउने व्यक्तिका लागि सम्मान स्वरुप विपद् साहसिक पुरस्कार ५ जनालाई वितरण गरिएको।
- कानूनी सचेतना कार्यक्रम सुर्खेतको सिम्तामा, सल्यानको वागचौर र सिद्धकुमाखंमा सम्पन्न भएको।
- घरेलु हिंसा न्यूनिकरण र लागू औषध मदिरा एबं सुर्तिजन्य पदार्थको सेवन सम्बन्धी लागु औषध दुर्व्यसन सम्बन्धी सचेतना कार्यक्रम संञ्चालन गरिएको।
- कैदि बन्दीहरुलाई मनोसामजिक परामर्श तथा कारागार कार्यालयका लागि पुस्तक तथा अन्य सामाग्री वितरण गरिएको।

**७. बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/चुनौतिहरु**

- मन्त्रालयको मातहतको निकाय नहुँदा जिल्लास्थित मन्त्रालयसँग सम्बन्धित गतिविधि सङ्कलनमा कठिनाई उत्पन्न भएको,
- संघीय, प्रदेश कार्यक्रम कार्यान्वयनमा समन्वय, सहकार्यको कमि रहने गरेको,
- पुर्वसम्भाव्यता अध्ययन र तयारी विनाका आयोजना कार्यक्रममा बजेट प्रस्ताव हुने गरेको,
- विपद् व्यवस्थापनमा सबै विषयगत मन्त्रालय तथा क्षेत्रहरुले अपनत्वमा,
- सार्वजनिक खर्चको मापदण्ड लचिलो नहुँदा कार्यक्रम कार्यान्वयनमा प्रक्रियागत जटिलता उत्पन्न भएको,

**८. आगामि आ.व. मा सुधार गर्नु पर्ने कार्यहरु**

- आवश्यक पूर्वतयारी भएका तथा मन्त्रालयबाट सम्पन्न गर्न सक्ने क्षमता भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्ने,
- विषयक्षेत्रसँग सम्बन्धित सरोकारवाला निकायहरुसँग समेत अन्तरक्रिया छलफल गरी बजेट तर्जुमा गर्नुपर्ने,
- रकम अख्तियारी प्रदान गर्ने सम्बन्धी ऐन नियमहरु सरलीकृत गर्नुपर्ने,

**९. आ व.२०८१/०८२ को आन्तरिक राजस्वको लक्ष्य र प्राप्तिको विवरण**

| सि.नं. | राजस्व शिर्षक | लक्ष्य | संकलित रकम रु मा |
|---|---|---|---|
| १ | १४१५९- अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | नभएको | ३,४४,४७२/- |

| | | | |
|---|---|---|---|
| २ | १४२२९- अन्य प्रशासनिक सेवा शुल्क | नभएको | १,३३,५००/- |
| ३ | १४२५४ - रेडियो/ एफ.एम. सञ्चालन दस्तुर | नभएको | ५,५९,३१८/- |
| ४ | १४२५५-टेलिभिजन सञ्चालन दस्तुर | नभएको | १,००,०००/- |
| ४ | १५१११- बेरुजु | नभएको | ७२,०००/- |
| | जम्मा | | १२,०९,२९०/- |

## १०. २०७४/७५ देखि २०८०/८१ सम्मको बेरुजुको विवरण

| आ.व. | बेरुजु रकम रु | बेरुजु फछ्यौट रकम रु | बाँकी जम्मा बेरुजु रकम रु |
|---|---|---|---|
| २०७४/०७५ | - | - | - |
| २०७५/२०७६ | २२,३००/- | २२,३००/- | - |
| २०७६/०७७ | ६,७१,८४६/- | १९,३३६/- | ६,४८,०६०/- |
| २०७७/०७८ | ३,४६,००,०००/- | ३,१९,००,०००/- | २७,००,०००/- |
| २०७८/०७९ | १,२३,१०,०००/- | - | १,२३,१०,०००/- |
| २०७९/०८० | १,६६,४४,६०२/- | - | १,६६,४४,६०२/- |
| २०८०/०८१ | ४,१०,९५,९२७/- | - | ४,१०,९५,९२७/- |
| जम्मा | १०,५३,४४,६७५/- | ३,१९,४१,६३६/- | ७,३३,९८,५८९/- |

## ३.६ आर्थिक मामिला तथा योजना मन्त्रालय

### १. पृष्ठभूमि

वि.सं. २०७४ माघ २४ गते प्रदेश सरकारको स्थापनासँगै आर्थिक मामिला तथा योजना मन्त्रालयको स्थापना भएको हो। यस मन्त्रालयको मुख्य जिम्मेवारी आर्थिक मामिला र योजना गरी दुईवटा प्रमुख विषयहरु रहेका छन्। यसै सन्दर्भमा वार्षिक बजेट तर्जुमा गर्ने, आर्थिक नीति तथा सोको लागि आवश्यक स्रोतको व्यवस्था गर्ने, आर्थिक तथा वित्तीय अनुशासन कायम राख्दै सार्वजनिक खर्चलाई प्रभावकारी बनाउने र स्रोत परिचालन भरपर्दो र दिगो बनाउने उद्देश्यमा केन्द्रित रही मन्त्रालयले कार्य सम्पादन गर्दै आएको छ।

सङ्घीयताको अभ्यासको प्रारम्भिक चरणमा नयाँ-नयाँ सिकाई तथा अनुभव, नीतिगत तथा कानुनी अन्योलता, समन्वयको उपयुक्त संयन्त्रको अभाव र जनशक्तिको अभाव लगायतका समस्याहरुसँग जुध्दै प्रदेश स्थापनाको छोटो अवधिमा नै कानुनी र संरचनात्मक ठोस आधारहरु तयार भइ समृद्धिको दिशामा अगाडि बढेको छ। आगामी दिनमा नेपाल सरकारबाट निर्धारण भएका समृद्धिका ११ र सुखका २३ गन्तव्य सूचकको आधारमा आफ्नै मौलिक विशेषता तथा नागरिकको अपेक्षाबमोजिम "समृद्ध कर्णाली, सुखारी कर्णालीवासी" को दीर्घकालीन सोच बमोजिम प्रदेशको समृद्धि र सन्तुलित विकासमा मन्त्रालयले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने मन्त्रालयको रणनीति छ।

### २. दीर्घकालीन सोच

समृद्ध कर्णाली सुखारी कर्णालीवासीको सपना साकार पार्ने।

### ३. ध्येय

प्रदेशको सर्वाङ्गीण विकासको लागि आर्थिक नीति तथा योजना तर्जुमा गरी आवश्यक साधन स्रोतको व्यवस्था सहित वित्तीय अनुशासन कायम गर्दै प्रदेशवासीको समृद्धिको चाहना पूरा गर्ने।

### ४. कार्यक्षेत्र

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहाय बमोजिम रहेका छन्:-

४.१ प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
४.२ प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
४.३ प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
४.४ संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,
४.५ प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर,
४.६ प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,
४.७ राष्ट्रिय तथा अन्तर प्रदेश विकास योजनाको समन्वय र ससर्त अनुदानको सदुपयोग,
४.८ प्रदेश राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन,
४.९ प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,
४.१० सङ्घीय नीति अनुरुप सह-वित्तीयकरण,

४.११ प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानुनको निर्माण, कार्यान्वयन र नियमन,

४.१२ प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन तथा वित्तीय सुशासनको लेखाजोखा,

४.१३ प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,

४.१४ प्रदेश पूरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी,

४.१५ प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,

४.१६ प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखापरीक्षण,

४.१७ घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना सङ्कलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,

४.१८ सङ्घीय कानुन अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क सङ्कलन, नियमन र हस्तान्तरण,

४.१९ राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४.२० संघसँगको अन्तर सरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य,

४.२१ तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य,

४.२२ बिमा र बिमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन,

४.२३ प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन,

४.२४ आर्थिक विकासमा निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको समन्वय र सहकार्य।

## ५. आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व. २०८१/८२ मा विनियोजन र खर्च सम्बन्धी विवरण

(रू. हजारमा)

| बजेट शीर्षक | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| **चालु** | १६११५६ | १२६१२० | ७८.२६ |
| **पुँजीगत** | १४१९९ | १३६७३ | ९६.२९ |
| **जम्मा** | १७५३५५ | १३९७९३ | ७९.७२ |

## ६. आ.व. २०८१/८२ को आन्तरिक राजस्वको लक्ष्य र प्राप्ति (शीर्षकगत रुपमा)

| सि.नं. | राजस्व शीर्षक | लक्ष्य | प्राप्ति |
|---|---|---|---|
| १ | नभएको | नतोकिएको | ०/- |
| जम्मा रकम | | | ०/- |

*स्रोतः RMIS प्रतिवेदन*

## ७. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्य

- बजेट कार्यान्वयनको लागि ७० बुँदे मार्गदर्शन सहितको खर्च गर्ने अख्तियारी तथा बजेट कार्यान्वयन कार्यतालिका विषयगत मन्त्रालयलाई पठाइएको,
- स्थानीय तहमा हस्तान्तरण भएको बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि ३६ बुँदे मार्गदर्शन सहितको खर्च गर्ने अख्तियारी स्थानीय तहमा पठाइएको,
- आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रमको वार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरी प्रकाशन गरिएको र विषयगत मन्त्रालयहरुमा पठाइएको,
- आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रमको अर्धवार्षिक मूल्याङ्कन पुस्तिका तयार गरी प्रकाशन गरिएको,
- कर्णाली प्रदेश वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि, २०८१ बमोजिम मन्त्रालयको आ.व. २०८०/८१ को वित्तीय जोखिम मूल्याङ्कन प्रतिवेदन तयार गरिएको,
- आर्थिक वर्ष २०८१/८२ को प्रथम, दोस्रो र तेस्रो त्रैमासिकमा सम्पादन भएका कार्यहरुको  सूचनाको हकसम्बन्धी ऐन बमोजिम स्वतः प्रकाशन गरिएको,
- विषयगत मन्त्रालयबाट माग भएका ऐन, नियम, कार्यविधि उपर राय, सुझाव, सहमति प्रदान गरिएको,
- मन्त्रालयको ज्ङ्क्ञ अडिट सम्पन्न गरिएको,
- लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा निर्देशिका निर्माण,
- प्रदेश लेखा इकाई कार्यालयहरुबाट आर्थिक वर्ष २०८०/८१ को प्रदेश अन्तरगतका कार्यालयहरुको आन्तरिक लेखा परीक्षण सम्पन्न भएको,
- प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हिसाब भिडान कार्य सम्पन्न भएको,
- सङ्घीय सरकारलाई फिर्ता गर्नुपर्ने आ.व. २०८०/८१ को अनुदान फिर्ता गरिएको,
- आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमा कार्य सम्पन्न गरी देहायका पुस्तिकाहरु प्रकाशन गरिएको,
    - कर्णाली प्रदेश विनियोजन विधेयक, २०८२ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु
    - बजेट वक्तव्य, २०८२
    - कर्णाली प्रदेश विनियोजन ऐन, २०८२
    - कर्णाली प्रदेश आर्थिक ऐन, २०८२
    - मन्त्रालयगत प्रगति विवरण २०८१/८२
    - आर्थिक सर्वेक्षण, २०८१/८२
    - वार्षिक विकास कार्यक्रम पुस्तिका २०८२/८३
    - अन्तर-सरकारी वित्तीय हस्तान्तरण २०८२/८३
    - आय व्ययको अनुमानित विवरण २०८२/८३
- आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम मन्त्रालयहरुको आवश्यकता/ माग अनुसार तथा प्रचलित कानुन बमोजिम रकमान्तर तथा कार्यक्रम संशोधन गरी बजेट कार्यान्वयनमा सहजता प्रदान गरिएको।
- यस मन्त्रालयबाट आ.व. २०८१/८२ का तर्जुमा गरिएका कानूनः

  क) कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धि ऐन, २०८१

ख) कर्णाली प्रदेश आयोजना प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१

ग) कर्णाली प्रदेश समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१

घ) कर्णाली प्रदेश वित्तीय सुशासन जोखिम मुल्याङ्कन कार्यविधि, २०८१

ङ) कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशिका, २०८१

च) कर्णाली प्रदेश आयोजना बैङ्क (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१

छ) कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८२

**८. बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या/चुनौती**

- प्रदेश सरकार सङ्घीय सरकार अन्तर्गतका कार्यालयहरुको भौतिक संरचना निर्माणका लागि उत्साहित हुने गरेकोले सङ्घीय सरकारबाट आएको अनुदान केन्द्रकै संरचना निर्माणमा जाने गरेको,
- अस्थिर सङ्गठन संरचना रहेको हुँदा बजेट प्रविष्टि, रकमान्तर र भुक्तानी प्रणालीमा कठिनाई,
- एकमुष्ट रुपमा राखिएको बजेट समयमा बाँडफाँट हुन नसक्दा समयमा बजेट कार्यान्वयन हुन नसकेको, यसले पुँजीगत खर्च वृद्धिमा अवरोध सिर्जना गरेको,
- बजेट कार्यान्वयनका लागि निर्माण गरिएका कार्यविधिका कतिपय प्रावधानहरुमा एकरुपता नभएको,
- अन्तर मन्त्रालय समन्वयको अभाव,
- कार्यान्वयन निकायको आयोजना छनोटमा न्यून सहभागिता,
- विषयगत मन्त्रालयको कमजोर स्वामित्व/महत्व,
- बहुवर्षीय ठेक्काको लागि स्रोत सहमति मागमा अधिक चाप,
- अनिवार्य दायित्व र बहुवर्षीय आयोजनामा न्यून रकम विनियोजन गरी आर्थिक वर्षको बीचमा रकमान्तर प्रस्ताव गर्ने प्रवृत्ति रहेको,
- आयोजना व्यवस्थापन सम्बन्धी कानुन निर्माण नभएको,
- नेपाल सरकारबाट प्राप्त हुने ससर्त, समपूरक र विशेष अनुदानमा न्यून खर्च,
- टुक्रे तथा साना कार्यक्रम स्थानीय तहमा ससर्त अनुदान मार्फत हस्तान्तरण गर्न नसकिएको,
- बजेट कार्यान्वयनमा सम्बन्धित जि.स.स. र स्थानीय तहसँगको समन्वयलाई प्रभावकारी बनाउन नसकिएको,
- सङ्घीय सरकारबाट प्राप्त ससर्त अनुदानका कार्यक्रमहरु समयमा बाँडफाँट हुन नसक्दा कार्यान्वयनमा समस्या देखिएको,
- रू. ३० लाख भन्दा कम विनियोजन भएका सडक पूर्वाधार र भवन निर्माणतर्फका र रू. १५ लाख भन्दा कम रकम विनियोजन भएका आयोजनाहरूको कार्यान्वयन हुन नसक्नु,
- विषयगत मन्त्रालयबाट एकपटक बाँडफाँट भएको आयोजनाहरु पुनः कार्यक्रम संशोधन र रकमान्तरका लागि विनियोजन ऐनको विपरित प्रस्ताव गर्ने गरिएको,
- चालु आ.व. मा न्यून रकम विनियोजन भएका आयोजनाको स्रोत सुनिश्चितता र बहुवर्षीय स्वीकृतिका लागि प्रस्ताव आउने गरेको तर कूल लागत अनुमानको एक चौथाइ रकम चालु आ.व. मा विनियोजन हुनुपर्नेमा सो नभएको।

**९. सुधार गर्नुपर्ने क्षेत्र**

- कार्यविधि निर्माण गर्दा वस्तुगत विश्लेषण गरी गर्नुपर्ने,

- बजेट कार्यान्वयनमा देखिएका जटिलताहरु पहिचान गरी हटाउन सहजीकरण गर्नुपर्ने,
- प्रदेश मन्त्रालयगत समन्वय र सहकार्यलाई थप चुस्त बनाउनु पर्ने,
- मन्त्रालयहरुले आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त अख्तियारी र मार्गदर्शन बमोजिम मातहतका कार्यालयहरुमा बजेट मार्गदर्शन पठाउनु पर्ने र बजेट कार्यान्वयन कार्ययोजना स्वीकृत गराई सोको पालना गर्नुपर्ने,
- एकीकृत र बहुसरोकारवाला सम्मिलित अनुगमन संयन्त्र निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने,
- बजेटको त्रैमासिक विभाजनको पालनालाई अनिवार्य बनाउने,
- बजेट कार्यान्वयनमा जि.स.स, स्थानीय तह र नागरिक समाजसँग प्रभावकारी समन्वय गर्ने,
- बजेट कार्यान्वयनका छुट्टाछुट्टै कार्यविधि बनाउनु भन्दा एउटै छाता कार्यविधि बनाउदा उपयुक्त हुने,
- एउटै प्रकृतिको कार्यक्रम विभिन्न मन्त्रालयबाट सम्पादन हुँदै आएकोमा त्यसलाई एकद्वार प्रणालीबाट गर्ने,
- कुनै एउटा विषयगत मन्त्रालयको कार्यक्रम अन्य मन्त्रालयको मातहतको निकायबाट सम्पादन गर्दा प्रभावकारी हुन्छ भने सोको लागि समेत अख्तियारी प्रदान गर्ने,
- जिल्लास्थित प्रदेश सरकारका कार्यालयहरुबिच समन्वय गर्ने,
- अबण्डा बजेटलाई असोज मसान्तभित्र बाँडफाँट गरी कार्यान्वयन गरिनुपर्ने,
- बहुवर्षीय ठेक्का लागेका आयोजनाको प्रगति न्यून हुँदा स्रोत परिचालनमा कठिनाई भएकोले त्यस्ता आयोजनाको Payment Schedule बनाई कार्यान्वयन गरिनुपर्ने,
- शीघ्र कार्यसम्पादन गर्ने निर्माण व्यवसायीद्धारा सञ्चालन भएका आयोजनाहरूमा पर्याप्त बजेट रकम विनियोजन गर्ने र अन्य निर्माण व्यवसायीलाई समयमानै कार्यसम्पादन गर्नको लागि प्रोत्साहन गर्नुपर्ने।

## ३.७ सामाजिक विकास मन्त्रालय

### १. पृष्ठभूमि

नेपाल सरकारको मिति २०७४/१०/१० को निर्णयानुसार ७ वटा विषयगत कार्यक्षेत्र समेट्ने गरी स्थापना भएको कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय साविक जिल्ला जनस्वास्थ्य कार्यालय सुर्खेतको भवनमा मिति २०७४/११/०२ गते स्थापना भइ सञ्चालनमा रहेको छ। प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७६/०५/०६ को निर्णयानुसार यस मन्त्रालय र अन्तर्गतका २६ वटा कार्यालयमा कुल जम्मा १०७० स्थायी दरवन्दी स्वीकृत भएको थियो। हाल यस मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा निर्देशनालय, शिक्षा विकास निर्देशनालय, मानव संशाधन विकास केन्द्र, प्रदेश अस्पताल, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, १० जन/स्वास्थ्य सेवा कार्यालयहरू, ९ सामाजिक विकास कार्यालयहरू, ९ आयुर्वेदिक स्वास्थ्य केन्द्रहरू, प्रदेश संग्रहालय, मेहेलकुना अस्पताल र प्रदेश आयुर्वेद औषधालय गरी ३९ वटा कार्यालयहरू र कुल ११३६ स्वीकृत दरबन्दी रहेका छन्। मन्त्रालयमा प्रदेश सचिव (रा.प.प्रथम श्रेणी) को नेतृत्वमा ५ महाशाखा र १२ शाखाहरूमा गरि जम्मा ५२ स्थायी दरबन्दी रहेको छ।

### २. दीर्घकालीन सोच

कर्णाली प्रदेशको स्वास्थ्य, शिक्षा र मानव संशाधन विकासमा सुधार, लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा सशक्तीकरण गर्दै विशिष्ट सांस्कृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन गरी कर्णालीवासीको सामाजिक आर्थिक रूपान्तरण गर्ने।

### ३. ध्येय

३.१ कर्णालीबासीको स्वास्थ्य र पोषणको अवस्थालाई सुदृढ बनाउन गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने,

३.२ सभ्य र समृद्ध समाज निर्माणका लागि सबै तहका शिक्षामा पहुँच सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्ने,

३.३ समाजमा विद्यमान सबैखाले विभेदको अन्त्य गर्दै समतामूलक र समावेशी विकासको प्रत्याभूति गर्ने,

३.४ उद्यमशील, सिपयुक्त, उत्पादनमूलक तथा स्वरोजगार उन्मुख मानव संशाधन विकासमा जोड दिने,

३.५ स्वस्थ मानव जीवनको अपरिहार्य आवश्यकताका रूपमा खेलकुद विकासलाई जोड दिने,

३.६ कर्णालीको विशिष्ट साँस्कृतिक सम्पदा र धरोहरको संरक्षण र सम्वर्द्धन गर्ने।

### ४. कार्यक्षेत्र

कर्णाली प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहाय अनुसार रहेका छन्ः-

४.१ प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४.२ शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन,

४.३ प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४.४ प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण, उत्पादन र वितरण,

४.५ प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन,

४.६ प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन,

४.७ माध्यमिक तहको परीक्षा व्यवस्थापन,

४.८ प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन,

४.९ स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४.१० प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,

४.११ स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघसंस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन,

४.१२ प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन,

४.१३ राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन,

४.१४ राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन,

४.१५ खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,

४.१६ राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बिमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन,

४.१७ प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानव स्रोत विकास र व्यवस्थापन,

४.१८ औषधी निगरानी (Pharmacy vigilance), औषधीको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण,

४.१९ खोप र परिवार नियोजन,

४.२० संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन,

४.२१ प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह,

४.२२ प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन,

४.२३ सूर्ती, मदिरा र लागु पदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन,

४.२४ स्वास्थ्य क्षेत्रमा आपतकालीन अवस्था, विपद्, महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधी जन्य सामग्रीको प्रादेशिक बफर स्टक व्यवस्थापन,

४.२५ सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम,

४.२६ राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

४.२७ स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,

४.२८ आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन,

४.२९ जनसङ्ख्या, बसाइसराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरुसँगको सम्पर्क र समन्वय,

४.३० महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४.३१ लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसार-पसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,

४.३२ महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान,

४.३३ लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक परीक्षण,

४.३४ बालबालिकाको हक-हित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना,

४.३५ समाज कल्याण र संघ-संस्था सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन,

४.३६ लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,

४.३७ सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ-संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,

४.३८ विश्व-सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल संरक्षण तथा व्यवस्थापन सम्बन्धी,

४.३९ भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४.४० ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् कला र वास्तुकलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिकस्तरका दरबारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन,

४.४१ प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन,

४.४२ प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचीन स्मारक, संग्रहालय, सास्कृतिक धरोहर सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एव संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन् तथा पुनर्निर्माण,

४.४३ धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन,

४.४४ संस्कृतिको विकास सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,

४.४५ युवा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन,

४.४६ खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धन,

४.४७ खेलकुद प्रशासन र संघसंस्थाको समन्वय र नियमन,

४.४८ राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता।

## ५. सामाजिक विकास मन्त्रालयको आ.व. २०८१/८२ मा खुद विनियोजन र खर्च सम्बन्धी विवरण

(रु. हजारमा)

| ब.उ.शि.नं. | ब.उ.शि.नं. को नाम | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३५०००११ | सामाजिक विकास मन्त्रालय | २४०६०८ | १७९२७३ | ७४.५१ |
| ३५०००१३ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | २८८३५ | २३५०९ | ८१.५३ |
| ३५०००९०१ | प्रदेश स्वास्थ्य आपूर्ति ब्यवस्थापन केन्द्र | ८८६५१ | ४९९४३ | ५६.३४ |
| ३५०००९०२ | प्रदेश खेलकूद परिषद् | ३५०९२८ | ११२७९८ | ३२.१४ |
| ३५००१०११ | शिक्षा विकास निर्देशनालय | ३७३५२० | २३८२०० | ६३.७७ |
| ३५००१०१२ | सामाजिक विकास कार्यालयहरु | १०९३८८२ | ९०८१३५ | ८३.०२ |
| ३५००२०११ | स्वास्थ्य सेवा निर्देशनालय | १२५२५२ | ५६२८१ | ४४.९३ |
| ३५००२०१२ | अस्पतालहरु | ८७७११० | ७८७२२२ | ८९.७५ |
| ३५००२०१३ | स्वास्थ्य सेवा कार्यालयहरु | ९५५५९७ | ६७५८१० | ७०.७२ |
| ३५००२०१४ | आयुर्वेद औषधालयहरु | १९९५३५ | १७२०५३ | ८६.२३ |
| ३५००२९०२ | एकिकृत स्वास्थ्य ब्यवस्थापन कार्यक्रम | २५००० | ४९३२ | २० |
| ३५००३०११ | मानव संशाधन विकास केन्द्र | ५१९९८ | २७८१२ | ५३.४९ |
| ३५००४०११ | प्रदेश संग्रहालय तथा अभिलेखालय | २४५९६ | १६५२२ | ६७.१७ |
| ३५०९११२० | एड्स तथा यौन रोग नियन्त्रण(संघ शसर्त अनुदान) | ११२३८ | ७४५९ | ६६.३७ |
| ३५०९११२२ | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र(संघ शसर्त अनुदान) | ५१०० | ३५१० | ६८.८२ |
| ३५०९११२३ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र(संघ शसर्त अनुदान) | ७२०० | ३९८७ | ५५.३८ |
| ३५०९११२४ | क्षयरोग नियन्त्रण(संघ शसर्त अनुदान) | १००४२ | ८३८० | ८३.४५ |
| ३५०९११२५ | नर्सिङ तथा सामाजकि सुरक्षा सेवा कर्यक्रम(संघ शसर्त अनुदान) | ५४००० | ४६३०७ | ८५.७५ |
| ३५०९११२६ | अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम(संघ शसर्त अनुदान) | ३५७५ | २३३२ | ६५.२३ |
| ३५०९११२७ | महामारी रोग नियन्त्रण कार्यक्रम(संघ शसर्त अनुदान) | ३२७०३ | २१८५९ | ६६.८४ |
| ३५०९११२८ | स्वास्थ्य ब्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | १९१८३० | ४४३९९ | २३.१४ |
| ३५०९११२९ | परिवार कल्याण कार्यक्रम(संघ शसर्त अनुदान) | ४१२५८३ | २९३९४१ | ७१.२४ |

| | | | | |
|---|---|---|---|---|
| ३५०९११३१ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत)(संघ शसर्त अनुदान) | २८८३८५ | २२३२४२ | ७७.४१ |
| ३५०९११३२ | आयुर्वेद सेवा कार्यक्रम(संघ शसर्त अनुदान) | ३२७४३ | ३२४६४ | ९९.१५ |
| ३५०९११३४ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम(संघ शसर्त अनुदान) | ४५००० | ४३९२० | ९७.६ |
| ३५०९११३५ | उपचारात्मक सेवा कार्यक्रम(संघ शसर्त अनुदान) | ४१२५० | ३२३४१ | ७८.४ |
| ३५०९११३६ | राष्ट्रिय परीक्षा बोर्ड(संघ शसर्त अनुदान) | ३०९०० | २९१४५ | ९४.३२ |
| ३५०९११३८ | विद्यालय शिक्षा क्षेत्र योजना-(प्रदेश तथा स्थानीय तहका लागि)(संघ शसर्त अनुदान) | १०२९७६ | ४९३१२ | ४७.८९ |
| ३५०९११४० | सामाजिक विकास कार्यक्रम (संघ शसर्त अनुदान) | ८२०० | २०५९ | २५.११ |
| ३५०९११४१ | रोजगार प्रवर्द्धन कार्यक्रम (संघ शसर्त अनुदान) | ६२४८ | २७७० | ४४.३३ |
| जम्मा | | ५७१९४८५ | ४०९९९१७ | ७१.६८ |

## ६. आ.व. २०८१/८२ मा सम्पादन भएका प्रमुख कार्यहरु

### क. स्वास्थ्य क्षेत्र

| क्र.सं. | नीति तथा कार्यक्रम | प्रमुख उपलब्धि |
|---|---|---|
| १ | निरोगी कर्णाली अभियान अन्तर्गत एकीकृत, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह | • प्रदेश अस्पताललाई शिक्षण अस्पताल बनाउन सम्भाव्यता अध्ययन प्रतिवेदन बुझाइएको।<br>• सिकलसेल एनिमिया परीक्षणका लागि उपकरणको व्यवस्था। |
| २ | विशेषज्ञ सेवा विस्तार, भौतिक पूर्वाधार विकास, प्राकृतिक चिकित्सा र आयुर्वेद प्रवर्द्धन | • दन्त उपचार र फिजियोथेरापी सेवा जिल्ला स्तरमा विस्तार।<br>• प्रदेश अस्पतालमा सुविधा सम्पन्न भवन निर्माणाधीन।<br>• आयुर्वेद अस्पतालबाट औषधि उत्पादन सुरु भई आपूर्ति भएको। |
| ३ | स्वास्थ्य प्रयोगशाला सेवा सुदृढीकरण | • HIV Viral Load परीक्षण —१७७ जना।<br>• HBV DNA परीक्षण — ९६४ जना।<br>• नियमित बिरामी ल्याब परीक्षण सेवा। |
| ४ | नागरिक स्वास्थ्य परीक्षण, विशेषज्ञ शिविर, इ-हेल्थ र स्वास्थ्य बीमा | • नागरिक स्वास्थ्य परीक्षण कार्यविधि कार्यान्वयनमा।<br>• जेष्ठ नागरिक र अपाङ्गताका लागि Prosthetics and Orthotics unit स्थापना।<br>• जुम्ला, डोल्पामा विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरि १५०० जना भन्दा बढीलाई सेवा प्रदान गरियो।<br>• दुर सञ्चार सेवा ६ जिल्लामा संचालन।<br>• सम्पूर्ण जिल्लामा इहेल्थ सेवा लागू।<br>• स्वास्थ्य बीमा सम्बन्धी परिपत्र पठाइएको। |
| ५ | क्यान्सर रोकथाम, मानसिक स्वास्थ्य र अटिज्म सम्बन्धी कार्यक्रम | • १० %९५ वर्षका १४—भन्दा बढी किशोरीलाई पाठेघर क्यान्सर खोप। |

| | | |
|---|---|---|
| | | • VIA शिविर मार्फत स्क्रिनिङ्ग।<br>• अटिज्म र मानसिक स्वास्थ्य सेवाको संस्थागत व्यवस्थापन।<br>• मेडिकल अधिकृत/स्वास्थ्य कर्मीको लागि मानसिक स्वास्थ्य सम्बन्धि MH Gap कार्यक्रम संचालन |
| ६ | मातृत्व, बाल पोषण, कुपोषण निवारण, स्वास्थ्य सेवा विस्तार | • MNH Road Map अनुसार अनुशिक्षण।<br>• MPDSR कार्यक्रम बिस्तार।<br>• कुपोषित बालबालिकाको उपचार तथा परामर्श।<br>• बालविटा वितरण।<br>• सुत्केरी पोषण कार्यक्रम अन्तर्गत प्रदेश भरिका सुत्केरी आमाहरुलाई प्रति व्यक्ति रु २००० देखि रु २५०० प्रदान गरियो। |
| ७ | सङ्क्रामक रोग नियन्त्रण र स्वास्थ्य आपत्कालीन व्यवस्था | • द्रुत प्रतिकार्य टोली गठन।<br>• DPRP अद्यावधिक।<br>• Cluster बैठकहरू।<br>• आपूर्ति श्रृङ्खला कार्यान्वयन। |
| ८ | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग सहकार्य | • प्रतिष्ठानलाई १ करोड सहयोग।<br>• कडा रोगमा मेजर अपरेशन गरेका १३१ जना बिरामीलाई प्रति विरामी रु १ लाखसम्मको उपचार सहायता प्रदान गरिएको। |

**ख. शिक्षा क्षेत्र**

| क्र.सं. | नीति तथा कार्यक्रम | प्रमुख उपलब्धि |
|---|---|---|
| १ | शिक्षा नीति तथा दशवर्षे योजना, शिक्षक विकास र पूर्वाधार | • शिक्षा योजना मस्यौदा तयार।<br>• ४५० विद्यालयमा पूर्वाधार सुधार।<br>• ३ विद्यालयमा शिक्षक अनुदानद्वारा नियुक्ति।<br>• आ.ब. २०८१/८२ मा प्रदेशभर (१३५ वटा दुइ कोठे, २४ वटा ३ कोठे र ३७ वटा ४ कोठे गरी जम्मा १९६ वटा विद्यालय भवन निर्माण |
| २ | डिजिटल शिक्षा र सूचना प्रविधि आधारित विद्यालय | • "मुख्यमन्त्री डिजिटल शिक्षा कार्यविधि "स्वीकृत।<br>• १३ विद्यालयलाई ७० लाख वितरण।<br>• आवासीय विद्यालय निर्माणाधीन। |
| ३ | विपद् प्रभावित विद्यालय मर्मत, पूर्ण साक्षरता अभियान | • विद्यालय पुनर्निर्माण कार्यान्वयनमा।<br>• मुगु, जुम्ला र हुम्ला साक्षर घोषणा, डोल्पा घोषणाको तयारी। |
| ४ | सीमान्तकृत समुदायका लागि छात्रवृत्ति | • पहुँच अभिवृद्धिका कार्यक्रम सञ्चालन।<br>• २०० जना भन्दा बढी जेहेन्दार, दलित, महिला, जनजातिका छात्रवृत्ति पाएका। |
| ५ | शैक्षिक परामर्श, अनुसन्धान र तथ्याङ्क व्यवस्थापन | • तथ्याङ्क व्यवस्थापनमा दक्ष जनशक्तिको उपलब्धता<br>• सूचना स्रोत केन्द्र स्थापनाको तयारी। |

### ग. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

| क्र.सं. | नीति तथा कार्यक्रम | प्रमुख उपलब्धि |
|---|---|---|
| १ | बैंक खाता छोरीको कार्यक्रम, लैङ्गिक विभेद अन्त्य | • ऐन तर्जुमा प्रक्रियामा। |
| २ | विकृति अन्त्य, सामाजिक सशक्तीकरण, समावेशिता | • दलित विधेयक पारित।<br>• महिला उद्यम वृद्धि।<br>• लोकसेवामा सहभागिता।<br>• बालविवाह विरुद्धको रणनीति तयार। |
| ३ | राउटे तथा वादी समुदाय सशक्तीकरण | • खाद्यान्न वितरण।<br>• दीर्घकालीन योजना तयारी। |
| ४ | बाल संरक्षण, पुनरुथापना, लैङ्गिक हिंसा व्यवस्थापन | • बाल अधिकार समिति गठन।<br>• CPMIS प्रणाली कार्यान्वयन।<br>• १०४ बाल सहायता सेवा स्थापना।<br>• लैङ्गिक हिंसा निर्देशिका तर्जुमा।<br>• बालबालिका स्थिति प्रतिवेदन तयार। |
| ५ | अपाङ्गता भएका नागरिकको पहुँच र सेवा | • समन्वय समिति कार्यविधि पारित।<br>• साझेदारी कार्यक्रम कार्यान्वयन सुरु। |
| ६ | सडक मानव र जेष्ठ नागरिकको व्यवस्थापन | • मानव सेवा आश्रमलाई सहयोग।<br>• वृद्धाश्रमलाई अनुदान।<br>• भवन निर्माण रकम कार्यान्वयन नभएको। |

### घ. युवा, खेलकुद, भाषा तथा संस्कृति

| क्र.सं. | नीति तथा कार्यक्रम | प्रमुख उपलब्धि |
|---|---|---|
| १ | दशौं राष्ट्रिय खेलकुद, खेल पूर्वाधार विकास | • प्रदेश रङ्गशाला निर्माण सम्पन्न, केही भुक्तानी बाँकी। |
| २ | खेल, योग, ध्यान, स्काउट, आत्मरक्षा तालिम | • स्काउट कार्यक्रम सञ्चालन।<br>• विद्यालयस्तरमा खेल प्रवर्द्धन। |
| ३ | भाषा, साहित्य, संस्कृति संरक्षण | • कर्णाली प्रज्ञा प्रतिष्ठान ऐन प्रारम्भिक मस्यौदा तयार, दर्ता बाँकी। |

## ७. बजेट तथा कार्यक्रम कार्यन्वयनमा देखा परेका समस्या तथा चुनौतिहरु

- पदपूर्ति, O & M र तालिमका बिषयमा जनशक्ति व्यवस्थापन प्रभावकारी हुन नसकेको,
- दैलेख, हुम्ला, सल्यान र रुकुम पश्चिमको अस्पताल भवन र खेलमैदान निर्माणको लक्ष्य अनुसार प्रगति हुन नसकेको,
- प्रदेश अस्पतालको ओ.पि.डि. भवन निर्माणका लागि बजेटको अपर्याप्तता,
- प्रदेश खेलकुद विकास परिषद्मा सदस्य सचिवको नियुक्ति हुन नसक्दा कार्यसञ्चालन प्रभावित भएको,
- स्थानीयस्तरमा मापदण्ड नपुऱ्याई निजी क्षेत्रबाट स्वास्थ्य संस्थाहरुको स्थापना र सञ्चालन भएको,
- महामारी र प्रकोप व्यवस्थापनका लागि आवश्यक स्रोत साधनको अभाव,
- बिशेषगरी हुम्ला र डोल्पा जिल्लामा औषधि तथा औषधिजन्य सामग्रीहरुको ढुवानीमा जटिलता,
- बेरुजुको मात्रामा बढोत्तरी र सम्परीक्षण एवम् फछ्र्यौटको पक्ष कमजोर,

- स्वास्थ्य बीमाको पहुँच अपेक्षित मात्रामा विस्तार हुन नसकेको,
- स्वास्थ्य बीमा बोर्डको भुक्तानी ढिलाइका कारण स्वास्थ्य संस्थामा सेवा निरन्तरतामा अवरोध,
- अनिवार्य दायित्वको बढ्दो प्रवृत्ति र थप बजेटको व्यवस्था नभएको,
- योजना संशोधन, रकमान्तरको कार्यमा जटिलता,
- दक्ष प्राविधिक जनशक्तिको न्यूनता,
- दातृ निकायहरूको अनुदानमा कटौती (USAID G2G कार्यक्रम),
- शैक्षिक गुणस्तर अभिबृद्धिका कार्यक्रमहरु प्राथमिकतामा नपर्नु भएका कार्यक्रमहरुबाट अपेक्षित उपलब्धि हासिल हुन नसकेको,
- प्राथमिकता र आवश्यकताका आधारमा श्रोत परिचालनभन्दा पनि वितरणमुखी आयोजना तथा कार्यक्रम बढी देखिएको।

## ८. आगामी आ.व.मा सुधार गर्नुपर्ने क्षेत्रहरु

- खाली पद पदपूर्ति, O&M, र तालिममार्फत दक्ष जनशक्ति व्यवस्थापन गर्नुपर्ने।
- प्रदेश अस्पतालको ओपीडी भवनलगायत अपूरा अस्पताल र खेलमैदान निर्माणलाई प्राथमिकतामा सम्पन्न गर्ने।
- हुम्ला, डोल्पा, दैलेख, सल्यान, रुकुम पश्चिमजस्ता कठिन भूगोलमा पूर्वाधार निर्माणका लागि विशेष कार्ययोजना तयार गर्ने।
- स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालनमा तोकिएको मापदण्डलाई अनिवार्य पालना गराई कडाईका साथ अनुगमन गर्ने।
- स्वास्थ्य बीमा कार्यक्रमको पहुँच विस्तार गर्दै भुक्तानी प्रणालीलाई समयमै पारदर्शी बनाउने।
- महामारी तथा प्रकोप व्यवस्थापनका लागि पर्याप्त स्रोत—साधन र contingency stock राख्ने व्यवस्था गर्ने।
- औषधि तथा सामग्री ढुवानीमा देखिएको समस्या समाधान गर्न वैकल्पिक आपूर्ति प्रणाली विकास गर्ने।
- बेरुजु नियन्त्रण र आन्तरिक लेखा परीक्षण प्रणाली सुदृढ बनाउदै लैजाने।
- अनिवार्य दायित्वको बढ्दो प्रवृत्ति न्यूनीकरण र आवश्यकता अनुसार बजेट व्यवस्थापन गर्ने।
- योजना संशोधन तथा रकमान्तर प्रक्रिया सहज, पारदर्शी र छिटो बनाउने।
- दातृ निकायहरूसँग समन्वय वृद्धि गरी अनुदान कटौतीको असर न्यूनीकरण गर्ने।
- वितरणमुखी भन्दा पनि प्राथमिकता र आवश्यकतामुखी आयोजना छनोटमा जोड दिने।
- शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रमलाई प्राथमिकतामा राखी सिकाइ नतिजा सुधार गर्ने।
- विद्यालय भवन निर्माणसँगै शिक्षक क्षमता अभिवृद्धि र ICT आधारित शिक्षामा ध्यान दिने।
- लोपोन्मुख तथा सीमान्तकृत समुदायका विद्यार्थी र जेष्ठ नागरिक लक्षित कार्यक्रमलाई दिगोपन बनाउने।
- ई-हेल्थ (टेलिमेडिसिन, EHR, HMIS) प्रणालीलाई विस्तार गरी दिगो बनाउने।
- राजस्व संकलनमा योगदान दिने कार्यक्रमलाई निरन्तरता र थप सुदृढीकरण बनाउने।
- सामाजिक सेवामूलक संघसंस्थासँग सहकार्य र दीर्घकालीन साझेदारी गर्ने।
- मन्त्रालय, निर्देशनालय, कार्यालयबीच आन्तरिक समन्वय र कार्यक्षमता अभिवृद्धि गर्ने।
- परिणाममुखी (result-oriented) अनुगमन तथा मूल्यांकन प्रणालीलाई बलियो बनाउने।

## ९. बजेट कार्यन्वयनबाट हासिल भएका मुख्य उपलब्धिहरु

- प्रदेश रंगशालाको निर्माण कार्य सम्पन्न भएको।
- कर्णाली प्रज्ञा प्रतिष्ठान विधेयक प्रदेश सभामा पेश गरिएको।
- आ.व. २०८१/८२ मा १० वटा कार्यविधि स्वीकृत भई कार्यन्वयनमा रहेका।
- जिल्ला अस्पतालहरु, आयुर्वेद अस्पताल तथा आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा न्यूनतम सेवा मापदण्डलाई निरन्तरता दिइएको।
- ई हेल्थ (टेलिमेडिसिन, ई.एच.आर, एच.एम.आई.एस.) को अभ्यास थालनीको प्रयास गरिएको।
- स्थायी चिकित्सक तथा स्वास्थ्यकर्मीको सङ्ख्यामा वृद्धि भई सेवा प्रवाह सुधारउन्मुख रहेको।
- उच्च शिक्षा प्राविधिक, छोरी बुहारी, अपांग, दलित र सीमान्तकृत समूहका लागि छात्रवृत्ति वितरण गरिएको।
- राउटे नीति २०८२ को मस्यौदा अन्तिम चरणमा रहेको।
- प्रदेश बालबालिका खोजतलास केन्द्र १०४ स्थापना गरिएको।
- मानव सेवा आश्रम, प्रशान्ति वृद्धाश्रम, हिंसा प्रभावित अल्पकालिन आश्रय सहितको जिल्ला दिवा सेवा केन्द्र र जेष्ठ नागरिक दिवा सेवा केन्द्र जस्ता सामाजिक सेवामूलक संघ संस्थालाई संचालन तथा व्यवस्थापन सहयोग कार्यक्रमको निरन्तरता दिइएको।
- लोपोन्मुख तथा सीमान्तकृत समुदायको विद्यार्थीहरूलाई शैक्षिक तथा स्टेशनरी सामग्री सहयोग गरिएको।
- आ.ब. २०८१/८२ मा प्रदेशभर १३५ वटा दुइ कोठे, २४ वटा ३ कोठे र ३७ वटा ४ कोठे गरी जम्मा १९६ वटा विद्यालय भवन निर्माण गरिएको। आ.व. २०७५/७६ देखि हालसम्म जम्मा ८८७ वटा विद्यालय भवन २९६८ वटा कक्षाकोठा निर्माण सम्पन्न भएका।

## १०. आ.व. २०८१/८२ को आन्तरिक राजस्वको लक्ष्य र प्राप्ति (शीर्षकगत रुपमा)

| क्र.सं. | राजस्व शिर्षक | लक्ष्य | प्राप्ति |
|---|---|---|---|
| १ | १४२२३-शिक्षा क्षेत्रको आम्दानी | नतोकिएको | ४१३३६५ |
| २ | १४२२४-परीक्षा शुल्क | नतोकिएको | ३३८०० |
| ३ | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | नतोकिएको | ६०९३६१५ |
| ४ | १४३१२-प्रशासनिक दण्ड, जरिवाना र जफत | नतोकिएको | ५४२५३८ |
| ५ | १४५२९-अन्य राजस्व | नतोकिएको | ६८९९९ |
| ६ | १५१११-बेरूजू | नतोकिएको | १४५६००८६ |
|  | **कुल जम्मा** |  | २१७१२४०३ |

११. आ.व. २०७४/७५ देखि २०८१/८२ सम्मको बेरुजु र फछ्यौंट अङ्कः-

(रु.हजारमा)

| आर्थिक वर्ष | जम्मा बेरुजु | फछ्यौंट बेरुजु | बाँकी बेरुजु | फछ्यौंट प्रतिशत |
|---|---|---|---|---|
| २०७४/०७५ | ३०६३४ | ९ | ३०६२५ | ०.०३ |
| २०७५/०७६ | ११०८१५ | ४१०६५ | ६९७५० | ३७.०६ |
| २०७६/०७७ | २८२६७५ | १३०५४२ | १५२१३२ | ४६.१८ |
| २०७७/०७८ | १७०७४८ | ५३४९७ | ११७२५१ | ३१.३३ |
| २०७८/०७९ | ७७३८९६ | ३११६९७ | ४६२१९९ | ४०.२८ |
| २०७९/०८० | १४६०५१ | १५१२५ | १३०९२५ | १०.३६ |
| २०८०/०८१ | १२५७२४ | ६९३२ | ११८७९२ | ५.५१ |
| कुल जम्मा | १६४०५४२ | ५५८८६७ | १०८१६७५ | ३४.०७ |

## ३.८ भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय

### १. पृष्ठभूमि

नेपालको संविधान लागु हुनुपूर्व भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास मन्त्रालय र सो अन्तर्गतका संरचनाहरूबाट सम्पादन हुँदै आएका कार्यक्रमहरू संविधान लागु भएपछि संघ, प्रदेश र स्थानीय तहबाट सम्पादन हुनुपर्ने संवैधानिक व्यवस्था छ। उक्त व्यवस्था अनुसार प्रदेशस्तरका परिवहन, लोकमार्ग, प्रदेश सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन यस मन्त्रालय अन्तर्गत रहेको छ। साथै संघ र प्रदेशको साझा अधिकारको सूची, संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची, कर्णाली प्रदेश सरकारद्वारा स्वीकृत प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ (संशोधित २०७८ समेत) मा उल्लिखित कार्यहरू यस मन्त्रालयको कार्य जिम्मेवारीमा राखिएको छ। उक्त नियमावली अनुसार प्रदेशस्तरको प्रदेश लोकमार्ग तथा यातायात, प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण, सहरी विकास योजना तर्जुमा तथा पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सर्मत सम्भार लगायतका विषयको आवश्यक नीति, कानुन, गुरुयोजना, योजना निर्माण, मापदण्ड तयारी कार्य यस मन्त्रालयद्वारा सम्पादित हुनेछ। यस्ता भौतिक पूर्वाधारसँग सम्बन्धित आयोजनाहरूको निर्माण, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन, मर्मत सम्भार एवम् आवश्यक समन्वय र नियमन, अध्ययन, अनुसन्धान लगायत मार्ग निर्देशनको कार्य यस मन्त्रालयबाट सम्पादन हुन्छन् ।

### २. दीर्घकालीन सोच

- सडक पूर्वाधार र यातायातको विकासमार्फत् प्रदेशमा रहेका बस्तीमा पहुँच अभिवृद्धि गरी आर्थिक समृद्धि हासिल गर्ने,
- प्रतिस्पर्धी, सर्वसुलभ, सुरक्षित र वातावरणमैत्री यातायात प्रणालीको विकास र व्यवस्थित सहरीकरणमार्फत् दिगो आर्थिक सामाजिक समृद्धि हुने,
- सुरक्षित र सुविधायुक्त एकीकृत आवास तथा बस्ती विकासमार्फत् दिगो विकास गर्ने।

### ३. ध्येय

- सडक सञ्जालको सन्तुलित विकास तथा विस्तार गरी कनेक्टिभिटी वृद्धि गर्ने,
- वातावरणमैत्री, कम खर्चिलो, सुरक्षित र दिगो सडक पूर्वाधारको विकास एवम् विस्तार, भरपर्दो यातायात व्यवस्था र सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गरी आर्थिक क्रियाकलाप विस्तार गर्ने,
- संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तहबिचको सडक पूर्वाधार विकासको माध्यमद्वारा पहुँच स्थापना र अभिवृद्धिमार्फत् सेवा प्रवाहको गुणस्तर कायम गरी व्यापारिक सम्बन्ध विस्तार गर्नु,
- सडक पूर्वाधारको उचित मर्मत सम्भार र संरक्षण गरी सहज सवारी आवागमनको सुनिश्चितता गर्ने,
- यातायात सेवालाई प्रतिस्पर्धी, सर्वसुलभ, भरपर्दो, सुरक्षित र अनुशासित बनाई आवागमन र ढुवानीलाई सहज बनाउने,
- विपद् प्रतिरोधी, मानव केन्द्रित, सुरक्षित, आर्थिक रूपमा गतिशील, स्वच्छ, सफा र व्यवस्थित सहर निर्माण गर्ने,
- सहरको योजना, निर्माण, व्यवस्थापन, सुधार तथा विस्तारका लागि प्राविधिक क्षमता अभिवृद्धि र सहरी पूर्वाधार सुशासनको संस्थागत विकास गर्ने,
- सबै आय वर्गका जनताको निम्ति उपयुक्त, सुरक्षित, वातावरणमैत्री, आधारभूत सुविधा सम्पन्न आवास निर्माण गर्ने,
- भवन निर्माणमा उपयुक्त आधुनिक प्रविधि र स्थानीय वास्तुकलाको मिश्रणबाट नयाँ निर्माण सामग्रीको प्रयोग समेतलाई प्रोत्साहन गरी सुरक्षित, टिकाउ, सुलभ र किफायती भवनहरूको निर्माण गर्ने,

- एकीकृत सरकारी भवन डिजाईन, निर्माण, प्रयोग तथा मर्मत सम्भार सम्बन्धमा एकद्वार नीति सहित भवन क्षेत्रको संस्थागत तथा कानुनी संरचनाको सुधार गर्ने।

**४. कार्यक्षेत्र**

- प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयले सम्पादन गर्नु पर्ने कार्यहरू देहाय अनुसार रहेका छन्ः-
- प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानुन मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन,
- प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण,
- प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन,
- वातावरणमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन,
- प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन,
- रज्जुमार्ग, जलमार्ग, लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन,
- प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरका सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सम्भार र आवास तथा भवन सम्बन्धी योजनाहरुको कार्यान्वयन र मार्ग निर्देशन,
- प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन,
- प्रदेशस्तरमा राष्ट्रिय भवन संहिता तथा भवन निर्माण मापदण्डको कार्यान्वयन र नियमन,
- प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण,
- सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन।

**५. आ.व. २०८१/०८२ को मन्त्रालयको खुद बजेट विनियोजन र खर्च सम्बन्धि विवरण**

**(रु. हजारमा)**

| बजेट शीर्षक | विनियोजन बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| **चालु** | २८६७१५ | २१०९५५ | ७३.५८ |
| **पुँजीगत** | १०१४३८७४ | ५७०१२४४ | ५६.२० |
| **जम्मा** | १०४३०५८९ | ५९१२२०० | ५६.६८ |

## बजेट उपशीर्षक अनुसार बजेट र खर्चको सारांश

| क्र. स. | बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| **समानिकरण अनुदान** | | | | | | | | | | | |
| १ | ३३७०००११ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | ५६९६४ | ५०७०० | १०७६६४ | ३२१२९ | १४०७८ | ४६२०८ | ५६.४ | २७.७७ | ४२.९२ |
| २ | ३३७००९०२ | ग्रामिण सडक संजाल आयोजना | १५४०० | १३२४२५ | १४७८२५ | ८१६० | ८५२५३ | ९३४१४ | ५२.९९ | ६४.३८ | ६३.१९ |
| ३ | ३३७००९०३ | प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना (PLRIP) | २०८०० | १५६२०० | १७७००० | १०१२५ | २१५२५ | ३१६५१ | ४८.६८ | १३.७८ | १७.८८ |
| ४ | ३३७०१०११ | पूर्वाधार विकास निर्देशनालय | २६००० | १६००० | ४२००० | २११२७ | २१६६ | २३२९३ | ८१.२६ | १३.५४ | ५५.४६ |
| ५ | ३३७०१०१२ | पूर्वाधार विकास कार्यालयहरु | ११०३०० | १९५०० | १२९८०० | ९७३७५ | १८७१२ | ११६०८७ | ८८.२८ | ९५.९६ | ८९.४४ |
| ६ | ३३७०१९०१ | राजधानी एकीकृत पूर्वाधार विकास कार्यक्रम | ० | ४०४००० | ४०४००० | ० | ६१५९२ | ६१५९२ | | १५.२५ | १५.२५ |
| ७ | ३३७०१९०२ | झोलुङ्गे पुल कार्य्रकम | ० | २३६०५० | २३६०५० | ० | १८१४३० | १८१४३० | | ७६.८६ | ७६.८६ |
| ८ | ३३७०१९०३ | सडक लगायतका पूवाधारको आकस्मिक तथा नियमित मर्मत कार्यक्रम | ० | ३९५०० | ३९५०० | ० | ३३९५० | ३३९५० | | ८५.९५ | ८५.९५ |
| ९ | ३३७०१९०४ | सरकारी भवन,आवास तथा सामुदायिक भवन निर्माण र मर्मत कार्यक्रम। | ० | ४८१३०० | ४८१३०० | ० | ३४५२७० | ३४५२७० | | ७१.७४ | ७१.७४ |
| ११ | ३३७०१९०७ | सडक मोटेरेवल पुल कार्यक्रम | ० | ७६३८२४ | ७६३८२४ | ० | ५०४८२१ | ५०४८२१ | | ६६.०९ | ६६.०९ |
| १२ | ३३७०१९०८ | सडक निर्माण कार्यक्रम | ० | ३४५१२८८ | ३४५१२८८ | ० | २५७६६६४ | २५७६६६४ | | ७४.६६ | ७४.६६ |
| १३ | ३३७०१९०९ | जनता आवास, विपन्नको घर र एकीकृत वस्ती विकास कार्यक्रम | ० | २०६००० | २०६००० | ० | १५५४१९ | १५५४१९ | | ७५.४५ | ७५.४५ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | ३३७०२०११ | यातायात व्यवस्था कार्यालयहरु | १८००० | १२५०० | ३०५०० | १४८८५ | २४५२ | १७३३६ | ८२.६९ | १९.६१ | ५६.८४ |
| १५ | ३३७०२०१२ | यातायात व्यवस्था सेवा कार्यालयहरु | २५००० | ४५०० | २९५०० | २२७७७ | ४४९४ | २७२७१ | ९१.११ | ९९.८६ | ९२.४४ |
| जम्मा | | | २७२४६४ | ५९७३७८७ | ६२४६२५१ | २०६५७८ | ४००७८२६ | ४२१४४०६ | ७५.८ | ६७.१ | ६७.४७ |
| सशर्त अनुदान | | | | | | | | | | | |
| १६ | ३३७९११२३ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार परियोजना(संघ शसर्त अनुदान) | ० | ७२८०० | ७२८०० | ० | ३६१४० | ३६१४० | | ४९.६४ | ४९.६४ |
| १७ | ३३७९११२८ | ग्रमिण सडक संजाल सुधार आयोजना -ए एफ(संघ शसर्त अनुदान) | १३२५१ | ९१३७८७ | ९२७०३८ | ३७९९ | ५८०७२१ | ५८४५२० | २८.६७ | ६३.५५ | ६३.०५ |
| १८ | ३३७९११२९ | आवास व्यवस्था कार्यक्रम(संघ शसर्त अनुदान) | ० | ७४५०० | ७४५०० | ० | ५००३४ | ५००३४ | | ६७.१६ | ६७.१६ |
| १९ | ३३७९११३० | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम(संघ शसर्त अनुदान) | ० | ८००० | ८००० | ० | २००० | २००० | | २५ | २५ |
| २० | ३३७९११३३ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम(संघ शसर्त अनुदान) | १००० | ७०१००० | ७०२००० | ५८० | ८५०५२ | ८५६३२ | ५७.९७ | १२.१३ | १२.२ |
| जम्मा | | | १४२५१ | १७७००८७ | १७८४३३८ | ४३७९ | ७५३९४७ | ७५८३२६ | ३०.७ | ४२.६ | ४२.४९ |
| समपुरक अनुदान | | | | | | | | | | | |
| १० | ३३७०१९०६ | समपुरक आयोजना | ० | २४००००० | २४००००० | ० | ९३९४७० | ९३९४७० | | ३९.१४ | ३९.१४ |
| जम्मा | | | ० | २४००००० | २४००००० | ० | ९३९४७० | ९३९४७० | | ३९.१ | ३९.१४ |
| कुल जम्मा | | | २८६७१५ | १०१४३८७४ | १०४३०५८९ | २१०९५७ | ५७०१२४३ | ५९१२२०२ | ७३.६ | ५६.२ | ५६.६८ |

६. बजेट कार्यान्वयनमा देखिएका समस्या एवं चुनौती र समाधानका उपायहरू

| क्र.स. | मुख्य मुख्य समस्याहरू | समाधानका उपायहरू | कैफियत |
|---|---|---|---|
| १ | योजना निर्माण प्रणाली बैज्ञानिक नभएकाले अत्यधिक टुक्रे योजनाका कारण काम गर्न तथा गुणस्तर नियन्त्रणमा समस्या | क्रमागत प्रकृतिका आयोजनालाई सकेसम्म सोही आ.व.मै टुङ्ग्याउने नीति अख्तियार गर्ने, टुक्रे आयोजनालाई निरुत्साहित गर्दै जानुपर्ने। पूर्व तयारी भएका आयोजना मात्र योजना बैंकमा समावेश गरी प्राथमिकताको आधारमा योजना बैंकबाट आयोजना कार्यान्वयन गर्दै जाने | |
| २ | वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको प्रक्रिया पूरा नगरी खरिद प्रक्रियामा गएका आयोजनाहरूको कारण निर्माण कार्यमा व्यवधान हुनु। मन्त्रालयमा वातावरण सम्बन्धी विज्ञ कर्मचारीको अभावका कारण वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिमा ढिलाइ हुनु | सीमित जनशक्तिका बाबजुद पनि अन्य कर्मचारीबाट कार्यालय समय बाहेकको समयमा काममा लगाई वातावरणीय अध्ययन प्रतिवेदन समयमै स्वीकृति गरी खरिद कार्य अगाडि बढाउने। मन्त्रालय तथा अन्तर्गतका सम्बन्धित कर्मचारीहरूलाई वातावरण व्यवस्थापन सम्बन्धमा क्षमता अभिवृद्धि गर्ने. | |
| ३ | संगठन संरचना वैज्ञानिक हुन नसक्नु, कार्यचापको तुलनामा प्राविधिक दरबन्दी अत्यन्त न्यून हुनु, दरबन्दी रिक्त हुनु | कामको भार तथा प्रकृतिको वैज्ञानिक अध्ययन गरी वास्तविक एवम् यथार्थमा आधारित संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी उपयुक्त संगठन संरचना स्वीकृत गर्ने। पूर्ति हुन बाँकी प्राविधिक दरबन्दी पूर्ति गर्ने | |
| ४ | धेरै र छरिएर रहेका आयोजना तथा कम जनशक्तिका कारण आयोजनामा गुणस्तर कायम गर्नमा समस्या | सुर्खेतमा रहेको निर्माण सामग्री परीक्षण ल्यावलाई प्रदेशस्तरीय ल्याव बनाउने। सबै जिल्लामा एक एक जिल्लास्तरको ल्यावको स्थापना तथा क्षमता अभिवृद्धि गर्ने। सबै पूर्वाधार विकास कार्यालयहरूमा कम्तीमा एक जना ल्याब टेक्निसियनको दरबन्दी राख्ने हिसावले नयाँ दरबन्दी सृजना गर्ने | |
| ५ | कतिपय कार्यालयको आफ्नै भवन नहुँदा कार्य सन्चालनमा समस्या | आफ्नै कार्यालय भवन नभएका कार्यालयहरूको भवन निर्माणको लागि जग्गा प्राप्तिको गरी भवन निर्माण गर्ने | |
| ६ | प्रदेश सरकारबाट निर्माण भएका बाटोहरूको संख्या बर्सेनी बढ्दै गएको तर सो को तुलनामा मर्मत संभारमा प्रयाप्त बजेट विनियोजन नहुँदा र आफ्नो साधन नहुँदा बाढी पहिरोको कारण बाटो अवरुद्ध भएको खण्डमा तत्काल बाटो खुलाई यातायात सुचारु गर्न कठिनाइ भइरहेको | मर्मत सम्भार तथा सडक मर्मत समूहको लागि प्रत्येक कार्यालयमा प्रयाप्त रकम विनियोजन गर्नुपर्ने। कम्तीमा दुई स्थानमा एक—एक वटा एक्साभेटर खरिद गरी तयारी अवस्थामा राख्न जरुरी भएको छ। | |

| | | | |
|---|---|---|---|
| ७ | शहरी क्षेत्रमा खानेपानी, बिजुली, टेलिफोन लगायतका पोल तथा पाईपहरू स्थानान्तरण गर्न ढिलाइ हुँदा निर्माण कार्यमा समस्या भएको | पूर्व तयारी गरी खरिद प्रकृयामा जाने। रिलोकेशनको खर्च लागत अनुमानमा नै समावेश गर्ने। सम्बन्धित निकायसँग आपसी समन्वय गर्ने | |
| ८ | आयोजनाको कार्यान्वियनमा जग्गाप्राप्ति तथा घरटहरा हटाउन नसक्दा विवादको सामना गर्नुपरेको, काममा ढिलाइ भएको | स्थानीय प्रशासन, पालिका तथा जनप्रतिनिधिहरूसँग समस्या समाधानका लागि समन्वय गर्ने। जग्गा प्राप्ति ऐन प्रदेश मैत्री बनाउन सम्बन्धित निकायमा प्रदेश सरकारले अनुरोध गर्ने | |
| ९ | निर्माण व्यवसायीहरूले कामको सम्झौता गर्ने तर काम नगर्ने प्रवृत्तिले गर्दा काममा प्रगति कम हुने, आयोजनाहरू रुग्ण हुँदै जाने | सरोकारवालाहरू सहितको उपस्थितिमा निर्माण व्यवसायीलाई अभिमुखिकरण गरी समयमै गुणस्तरीय काम सम्पन्न गर्न प्रतिवद्धता जनाउन लगाउने, पटक पटक पत्राचार तथा ताकेता गर्ने, विभिन्न तहमा पटक पटक सामूहिक तथा एकल छलफल गरी समस्या समाधानको लागि पहल गर्ने तथा मन्त्रालय एवम् कार्यालयको तर्फबाट भरमग्दुर सहजिकरण गर्ने। काम नगर्ने निर्माण व्यवसायीहरूलाई नियमानुसार कार्वाही गर्ने। | |
| १० | जग्गा प्राप्ति, वातावरणीय अध्ययन बिना ठेक्का लगाई प्रदेशलाई हस्तान्तरण भएका कतिपय आयोजनाहरूमा विभिन्न समस्याका कारण निर्माण कार्य सम्पन्न गर्न समस्या | जग्गा प्राप्ति लगायतका समस्या समाधानका लागि उपभोक्ता समुदाय तथा सरोकारवाल निकायहरूसँग छलफल गरी आयोजना सम्पन्न गर्न पहल गर्ने । नयाँ आयोजनाहरूको खरिद प्रकृयामा जाँदा आयोजनाको पूर्व तयारीमा ध्यान दिने। | |
| ११ | हुम्ला, मुगु, कालिकोट, डोल्पा लगायतका कतिपय जिल्लामा कडा चट्टान फोर्नको लागि ब्लास्टिङ गर्नुपर्ने तर यसका लागि विष्फोटक पदार्थ खरिद, ढुवानी, भण्डारण र प्रयोगमा हुने झंझटिलो व्यवस्थाले काममा अत्यन्त असर पर्ने | प्रकृयालाई सरलिकृत बनाउने, साना आयोजनाका लागि प्रदेशबाटै अनुमति दिने व्यवस्था गर्ने, समयसापेक्ष रूपमा विस्फोटक पदार्थ ऐन र नियमावलीमा संशोधन गरी संघीय शासन प्रणाली सुहाउँदो र व्यवहारिक बनाउने। | |
| १२ | वन क्षेत्रमा सडक निर्माण गर्दा वातावरणीय अध्ययन स्वीकृति गरी जग्गा भोगाधिकार संघीय सरकारबाट प्राप्त गर्न निकै अप्ठेरो हुने भएकाले निर्माण कार्यमा ढिलाई हुने। निकुन्ज क्षेत्रमा परेको खण्डमा अझ अप्ठेरो हुने | रुख कटानको प्रकृया साह्रै लामो र झन्झटिलो भएकाले यो प्रकृयालाई सरलिकृत गरी प्रादेशिक आयोजनालाई वनको जग्गा भोगाधिकार दिने अधिकार प्रदेश सरकार मन्त्रिपरिषदलाई प्रत्यायोजन गर्ने, प्रदेश सरकारको आयोजनामा वन विकास कोषमा जम्मा गर्नुपर्ने रकमको सम्बन्धमा नेपाल सरकारका आयोजनालाई जस्तै सुविधा हुनुपर्ने। | |

| | | | |
|---|---|---|---|
| १३ | पटक पटकको म्याद थप गर्ने प्रावधानसहित खरिद नियम संशोधन हुँदा समयमा निर्माण कार्य सम्पन्न गर्न समस्या भएको | प्रदेश सरकारको आयोजनाहरूको सम्बन्धमा प्रदेश सरकारले नियम बनाउन सक्ने गरी खरिद ऐन संशोधन गर्न पर्ने। | |
| १४ | केही जिल्लाका पालिकाहरूले ढुंगा गिट्टिजस्ता निर्माण सामग्रीमा रोक लगाउँदा निर्माण सामग्रीको अभावमा निर्माण कार्य प्रभावित हुनु | राजनीतिक तहबाट समाधान गरिनु पर्ने । पालिकाहरूलाई स्थानीय सामग्रीको ठेक्का समयमै लगाउन अनुरोध गर्ने। | |
| १५ | बहुवर्षीय तथा स्रोत सुनिश्चित गर्ने आयोजानहरूको समयमै निर्क्योल नहुँदा समयमै खरिद प्रकृयामा जान ढिलाइ भई प्रगति कम हुनु | बहुवर्षीय तथा स्रोत सुनिश्चित गर्ने प्रकृतिका आयोजनाहरू योजना तयारीको क्रममै निर्क्योल गरी समयमै स्वीकृति प्रदान गरी खरिद प्रकृयामा लैजाने। | |
| १६ | यातायात सँग सम्बन्धित EVRS र ELDVRS प्रणाली मैत्री कम्प्युटर तथा अन्य प्रविधिको अभावमा यातायात सम्बन्धी काम सन्चालनमा कठिनाई | कर्मचारीहरूलाई कम्प्युटर तथा अन्य तालिमको व्यवस्था गरी क्षमता अभिवृद्धि गर्ने। यातायात विभागसँग समन्वय गरी प्रकृयाको सहजिकरण गर्ने। | |

**संघ र स्थानीय तहसँग समन्वय र सहकार्यमा सम्पादन गर्नुपर्ने कार्यहरु**

| | |
|---|---|
| १ | आयोजनाहरूको दोहोरोपनाको सम्भावना हुने भएकाले आपसी समन्वयको खाँचो |
| २ | वस्ती क्षेत्रमा घर टहरा हटाउने कार्यका लागि स्थानीय तहसँगको समन्वयको अपरिहार्य |
| ३ | स्थानीय तहभित्र सञ्चालन हुने सवारी साधनको रुट परमिट तथा भाडादर निर्धारण सम्बन्धमा |
| ३ | संघ सशर्त तर्फका साना आयोजनाहरुमा वजेट विनियोजन नगरी एकमुष्ट वजेट विनियोजन गर्ने सम्बन्धमा |
| ४ | संघ सशर्त तर्फका योजनाहरुमा बजेटको सुनिश्चितता हुनुपर्ने सम्बन्धमा |
| ५ | वनक्षेत्रको भोगाधिकार लगायतका विषयहरू छिटो टुग्याउनुपर्ने तथा प्रकृयाको सरलिकरण सम्बन्धमा |
| ६ | आयोजना कार्यान्वयनका लागि स्पष्ट क्षेत्राधिकार तोकिनुपर्ने सम्बन्धमा |
| ७ | समपूरक आयोजनाहरू कार्यान्वयनका लागि आयोजना सम्पन्न नहुँदासम्म निश्चित अवधिको लागि रकम विनियोजन गर्ने सम्बन्धमा |
| ८ | EVRS र EDLVRS प्रणाली सञ्चालन तथा व्यवस्थापनमा संघीय सरकारसँग समन्वय गर्ने सम्बन्धमा |
| ९ | सवारी परीक्षण कार्यालय स्थापना गर्ने सम्बन्धमा |
| १० | जग्गा प्राप्ति ऐन प्रदेशमैत्री बनाउने सम्बन्धमा |
| ११ | ट्राफिक प्रहरीबाट उठ्ने राजस्व प्रदेश सरकार मातहत आउन नसकेको सम्बन्धमा |

**प्रदेशस्तरीय समस्या समाधान समितिबाट समाधान गर्नुपर्ने विषयहरू**

| | |
|---|---|
| १ | वीरेन्द्रनगर स्थित ट्रयाल सेन्टर निर्माणस्थलमा घर टहरा हटाउने सम्बन्धी समस्या |
| २ | स्थानीय निर्माण सामग्रीको उपलब्धता सम्बन्धमा पालिकाहरूसँग समन्वय गरी समस्या समाधान गर्ने सम्बन्धमा |
| ३ | कर्मचारी व्यवस्थापन/ आयोजना कार्यालय र जनता आवास लगायतका करार कर्मचारीको अस्थायी दरबन्दी स्वीकृति सम्बन्धमा |
| ४ | जग्गाप्राप्ति कार्यविधि निर्माण सम्बन्धमा |

**७. मन्त्रालय वा अन्तर्गतका विद्यमान मुख्य समस्या तथा समाधानका लागि गरिएका पहलहरू**

| क्र.सं. | मुख्य मुख्य समस्याहरू | समाधानका लागि गरिएका पहलहरू |
|---|---|---|
| १ | योजना निर्माण प्रणाली बैज्ञानिक नभएकाले अत्यधिक टुक्रे योजनाका कारण काम गर्नमा समस्या | क्रमागत प्रकृतिका आयोजनालाई सकेसम्म सोही आ.व.मै टुङ्ग्याउने नीति अख्तियार गरिएको,टुक्रे आयोजनालाई निरुत्साहित गर्दै लगिएको । आयोजना बैंकबाट आयोजना छनोट गर्ने नीति अनुसार कार्यान्वयन गरिएको |
| २ | वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको प्रक्रिया पूरा नगरी खरिद प्रक्रियामा गएका आयोजनाहरूको कारण निर्माण कार्यमा व्यवधान हुनु । मन्त्रालयमा वातावरण सम्बन्धी विज्ञ कर्मचारीको अभावका कारण वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिमा ढिलाइ हुनु | सीमित जनशक्तिका बाबजुद पनि अन्य कर्मचारीबाट कार्यालय समय बाहेकको समयमा काममा लगाई वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति गरी खरिद कार्य अगाडि बढाउने कार्य भइरहेको छ । |
| ३ | संगठन संरचना वैज्ञानिक हुन नसक्नु,कार्यचापको तुलनामा प्राविधिक दरबन्दी अत्यन्त न्यून हुनु, दरबन्दी रिक्त हुनु | करारमा भर्ना गरी काम चलाएकोमा मध्यमस्तरका प्राविधिक जनशक्ति लोकसेवा आयोगबाट पूर्ति भएको । पछिल्लो समयमा खुला तथा बढुवाबाट प्विधिक कर्मचारीहरूको पदपूर्ति भएको । कर्मचारीको वृत्ति विकासमा असर नपर्ने गरी निर्माण हुने चुस्त दुरूस्त संगठन संरचनाको प्रस्ताव/अनुरोध गरिएको |
| ४ | धेरै र छरिएर रहेका आयोजना तथा कम जनशक्तिका कारण आयोजनामा गुणस्तर कायम गर्नमा समस्या | सुर्खेतमा प्रदेशस्तरीय ल्याबको स्थापना गरी काम सुरु गरिएको,अन्यत्र पनि ल्याब स्थापना भइरहेको । सबै पूर्वाधार कार्यालयहरूमा कम्तीमा एक जना ल्याव टेक्निसियनको दरबन्दी राख्न सुझाव दिइएको |
| ५ | प्रदेश सरकारबाट निर्माण भएका बाटोहरूको संख्या बर्सेनी बढ्दै गएको तर सो को तुलनामा मर्मत संभारमा प्रयाप्त बजेट विनियोजन नहुँदा र आफ्नो साधन नहुँदा बाढी पहिरोको कारण बाटो अबरुद्ध भएको खण्डमा तत्काल बाटो खुलाई यातायात सुचारु गर्न कठिनाइ भइरहेको | मर्मत सम्भार तथा सडक मर्मत समूहको लागि प्रत्येक कार्यालयमा केही रकम विनियोजन गरिएको छ । कम्तीमा दुई स्थानमा एक—एक वटा एक्साभेटर खरिद गरी तयारी अवस्थामा राख्न जरुरी भएको सम्बन्धमा प्रदेश सरकारलाई अनुरोध गरिएको |

| | | |
|---|---|---|
| ६ | कतिपय कार्यालयको आफ्नै भवन नहुँदा कार्य सन्चालनमा समस्या | केही कार्यालयहरूको भवन निर्माण गर्न जग्गा प्राप्तिको लागि प्रकृया सुरू भएको |
| ७ | शहरी क्षेत्रमा खानेपानी, बिजुली, टेलिफोन लगायतका पोल तथा पाइपहरू स्थानान्तरण गर्न ढिलाइ हुँदा निर्माण कार्यमा समस्या भएको | सम्बन्धित निकायमा पटक पटक अनुरोध तथा ताकेता गरिएको । सरोकारवालाहरू समेतको सर्व पक्षीय बैठक बसी समस्या समाधान गर्दै गएको |
| ८ | सवारी साधनको कमीले गर्दा आयोजनाको सुपरीवेक्षणमा समस्या | चारपाङ्ग्रे सवारी साधन खरिदको लागि अनुरोध गरिएको । आयोजना कार्यालयहरूको लागि सवारी साधन खरिद गर्न सफल भए तापनि अन्य कार्यालयको लागि सफल नभएको । केही कार्यालयहरूमा दुईपाङ्ग्रे सवारी साधनको लागि रकम विनियोजन गरिएको |
| ९ | आयोजनाको कार्यान्वियनमा जग्गाप्राप्ती तथा घरटहरा हटाउन नसक्दा विवादको सामना गर्नुपरेको, काममा ढिलाइ भएको | स्थानीय प्रशासन, पालिका तथा जनप्रतिनिधिहरूसँग समस्या समाधानका लागि पटक पटक अनुरोध गरिएको र समस्या समाधानको लागि सफल भए तापनि केही स्थानमा विभिन्न तहबाट भरमग्दुर प्रयासका बाबजुद पनि अझै सफल नभएको जस्तैः सुर्खेतको ट्रायल सेन्टर |
| १० | निर्माण व्यवसायीहरूले कामको सम्झौता गर्ने तर काम नगर्ने प्रवृत्तिले गर्दा काममा प्रगति कम हुने, आयोजनाहरू रुग्ण हुँदै जाने | निर्माण व्यवसायीलाई पटक पटक पत्राचार गरिएको, माननीय मुख्यमन्त्रीज्यू तथा मन्त्रीज्यूहरूकै उपस्थितिमा पटक पटक छलफल गरी स्पष्ट कार्ययोजना तोकी काम सम्पन्न गर्न लिखित प्रतिवद्धता जनाउन लगाएको । मन्त्रालयको नियमित प्रयासको कारण कामै सुरू नभएका, कामको गति सुस्त भएका एवम् रुग्ण हुन लागेका आयोजनाहरुमध्ये केही सम्पन्न भएका तथा अधिकांशको प्रगति सन्तोषजनक भएको केहीमा अझै समस्या रहेको । |
| ११ | जग्गा प्राप्ती, वातावरणीय अध्ययन बिना ठेक्का लगाई प्रदेशलाई हस्तान्तरण भएका कतिपय आयोजनाहरूमा विभिन्न समस्याका कारण निर्माण कार्य सम्पन्न गर्न समस्या | जग्गा प्राप्ती र समस्या समाधानका लागि पटक पटक प्रयास गरिएको । समस्या माधान गरी धेरै आयोजना सम्पन्न गरिएको । |
| १२ | झोलुङ्गे पुलको लठ्ठा खरिद प्रकृया गाह्रो भएकोले खरिद गर्न समस्या भई निर्माण कार्यमा ढिलाइ हुने | लठ्ठाको लागि स्थानीय पूर्वाधार विभागलाई अनुरोध गर्ने गरिएको, गत आ.व. देखि सुर्खेतमै गोदामको व्यवस्था गरिएको । |
| १३ | हुम्ला, मुगु, कालिकोट, डोल्पा लगायतका कतिपय जिल्लामा कडा चट्टान फोर्नको लागि ब्लास्टिङ गर्नुपर्ने तर यसका लागि विष्फोटक पदार्थ खरिद, ढुवानी, भण्डारण र प्रयोगमा हुने झंझटिलो व्यवस्थाले काममा अत्यन्त असर पर्ने | हाल नेपाली सेनालाई सहयोगका लागि अनुरोध गरी कार्य भईरहेको । कार्य सरलीकरणका लागि सम्बन्धित निकायमा बारबार अनुरोध गरिएको । कर्णाली प्रदेश सरकारको तर्फबाट राष्ट्रिय समस्या समाधान समितिको बैठकमा यो समस्या प्रस्तुत गरिएको |

| | | |
|---|---|---|
| १४ | वन क्षेत्रमा सडक निर्माण गर्दा वातावरणीय अध्ययन स्वीकृति गरी जग्गा भोगाधिकार संघीय सरकारबाट प्राप्त गर्न निकै अप्ठेरो हुने भएकाले निर्माण कार्यमा ढिलाई हुने। निकुन्ज क्षेत्रमा परेको खण्डमा अझ अप्ठेरो हुने | वातावरणीय अध्ययन स्वीकृति गरी जग्गा भोगाधिकारको लागि नेपाल सरकारबाट प्राप्त गर्न प्रकृया सरलीकरणको लागि पटक पटक अनुरोध गरिएको। कर्णाली प्रदेश सरकारको तर्फबाट राष्ट्रिय समस्या समाधान समितिको बैठकमा यो समस्या प्रस्तुत गरिएको |
| १५ | योजना निर्माण तथा कार्यान्वयनका लागि प्रादेशिक नीति तथा ऐन के अभाव भएकाले काममा द्विविधा भएको | प्रादेशिक सडक गुरुयोजना २०८१, कर्णाली प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन २०८१ स्वीकृत भइसकेको तथा सडक ऐन तथा केही नियमावली तथा कार्यविधिहरू तर्जुमा तथा परिमार्जन गर्ने कार्य भइरहेको |
| १६ | EVRS र ELDVRS प्रणाली मैत्री कम्प्युटर तथा अन्य प्रविधिको अभावमा यातायात सम्बन्धी काम सन्चालनमा कठिनाई | कम्प्युटर तथा तालिमको व्यवस्था गर्ने व्यवस्था गरिएको। यातायात विभागसँग समन्वय गरी समस्या समाधान गर्ने प्रयास गरिएको |

**८. भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय अन्तरगतका कार्यालयबाट हालसम्म भएको खुद परिमाणात्मक उपलब्धि विवरण**

| क्र.स. | कार्यक्रम | आ.व. २०८०/०८१ सम्म | आ.व. २०८१/०८२ मा | हालसम्मको खुद जम्मा उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|
| १ | **सडक निर्माण तर्फ** | | | | |
| | क. कालोपत्रे/पक्कि (कि.मि.) | १७६.७५ | ७२.८३८ | २४९.५८८ | |
| | ख. ग्राभेल/खण्डस्मिथ (कि.मि.) | ६२०.०६ | ९३.५९२ | ७१३.६५२ | |
| | ग. माटे (कि.मि.) | २८४४.५६ | ३१७.९०१ | ३१६२.४६१ | |
| | घ. अन्यः सडक स्तरोन्नति, नाला निर्माण आदि (कि.मि.) | ४५८.९३ | १८५.८२५ | ६४४.७५५ | |
| २ | **पुल निर्माण (संख्या)** | | | | |
| | क. झोलुङ्गे पुल निर्माण (संख्या) | ९१ | ३४ | १२५ | |
| | ख. सडक पूल निर्माण (संख्या) | ४० | १३ | ५३ | |
| ३ | **सार्वजनिक भवन निर्माण (संख्या)** | १३ | ६ | १९ | |
| ४ | **जनता आवास (संख्या)** | | | | |
| | क. जनता आवास (संघ) | ३१५० | ३८० | ३५३० | |
| | ख. जनता आवास (प्रदेश) | ५२२ | १८४ | ७०६ | |
| ५ | **विपन्नको घर कार्यक्रम (संख्या)** | ३९७ | २२३ | ६२० | |

९. आ.व. २०८१/०८२ मा संकलन भएको यातायात क्षेत्रको राजस्वको विवरण

(रु. हजारमा)

| क्र.स. | दर्ताको विवरण | जिल्लागत विवरण | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सुर्खेत | जुम्ला | रुकुम पश्चिम | | |
| १ | यातायात क्षेत्रको आम्दानी (पटके तथा रुट परमिट) | ९२३३.७५ | १५६२.९६ | ०.०० | १०७९६.७१ | |
| २ | चालक अनुमतिपत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर | ४१८५०.०९ | ५८७९.५५ | ४७३०.१२ | ५२४५९.७६ | |
| ३ | प्रशासनिक दण्ड, जरिबाना र जफत | ४७९.१० | ०.०० | ३.०० | ४८२.१० | |
| ४ | सवारी साधन कर | २२७१३६.७४ | ६८७९.८७ | २५६२६.०३ | २५९६४२.६४ | |
| ५ | बेरुजु असुली | १७.१४ | | ७.२१ | २४.३५ | |
| ६ | सवारी आयकर संकलन | १६५.५० | | ३.५० | १६९.०० | |
| जम्मा | | २७८८८२.३२ | १४३२२.३८ | ३०३६९.८६ | ३२३५७४.५६ | |

१०. आ.व. २०८१/०८२ मा दर्ता भएका सवारी साधन विवरण

| क्र.स. | दर्ताको विवरण | जिल्लागत विवरण | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सुर्खेत | जुम्ला | रुकुम पश्चिम | | |
| १ | बस/ट्रक/मिनिबस/मिनिट्रक/अन्य | १९९ | ३ | | २०२ | |
| २ | टेक्टर/पावरटेलर | ५५ | १ | ५ | ६१ | |
| ३ | कार/जीप/पिकअप/माइक्रोबस | २८० | १९ | २३ | ३२२ | |
| ४ | मोटरसाइकल/स्कुटर | २९९१ | ३७८ | ५९८ | ३९६७ | |
| ५ | टेम्पो/अटोरिक्सा | १९६ | २१ | ६ | २२३ | |
| ६ | एम्बुलेन्स/सवभाव | | १ | | १ | |
| जम्मा | | ३७२१ | ४२३ | ६३२ | ४७७६ | |

११. आ.व. २०८१/०८२ मा सवारी चालक अनुमतिपत्र वितरणको विवरण

| क्र.स. | अनुमतिपत्रको किसिम | जिल्लागत विवरण | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सुर्खेत | जुम्ला | रुकुम पश्चिम | | |
| १ | नयाँ | ११९ | ४१२ | ११२६ | १६५७ | |
| २ | वर्ग थप | ७५ | ६९ | २८८ | ४३२ | |
| ३ | नवीकरण | ३३६४ | ४०० | ३९३ | ४१५७ | |
| ४ | लाईसेन्स प्रतिलिपी | ५६ | ३८ | १ | ९५ | |

| जम्मा | ३६१४ | ९१९ | १८०८ | ६३४१ | |
|---|---|---|---|---|---|

१२. आ.व. २०८१/८२ को आन्तरिक राजस्वको लक्ष्य र प्राप्तिको विवरण

| सि.नं. | राजस्व शीर्षक | लक्ष्य | प्राप्ति रु. |
|---|---|---|---|
| १ | ११४५६-बाँडफाँट बाट प्राप्त हुने सवारी साधन कर | नतोकिएको | १५३२२११०१ |
| २ | ११४५१-सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके | नतोकिएको | ८०००० |
| ३ | ११४५२-पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | नतोकिएको | ७७४९२ |
| ४ | १४२२५-यातायात क्षेत्रको आम्दानी | नतोकिएको | १०७९८३७३ |
| ५ | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | नतोकिएको | ९९८२५६५ |
| ६ | १४२५६-चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी | नतोकिएको | ५२४५९७५१ |
| ७ | १४३१२-प्रशासनिक दण्ड, जरिवाना र जफत | नतोकिएको | २७५७४९४९ |
| ८ | १४५२९-अन्य राजस्व | नतोकिएको | ३२९९५० |
| ९ | १५१११-बेरूजू | नतोकिएको | ३२८४७८७६ |
| १० | ११४५६-बाँडफाँट बाट प्राप्त हुने सवारी साधन कर | नतोकिएको | १५३२२११०१ |
| | जम्मा | | २८७३७२०५७ |

१३. आ.व. २०७४/७५ देखि २०८०/८१ सम्मको बेरुजुको अवस्थाः

(रु. हजारमा)

| सि.नं. | बेरुजुको प्रकृति | कामय भएको बेरुजु | सम्परीक्षण | बाँकी बेरुजु |
|---|---|---|---|---|
| १ | नियमित गर्नु | १५७६३४८ | १०५८४८९ | ५१७८५९ |
| २ | पेश्की | ५७७२३१ | ८८३१६ | ४८८९१५ |
| ३ | असुल उपर | १८४६४९ | ६५४९ | १७८१०० |
| **जम्मा** | | २३३८२२८ | ११५३३५४ | ११८४८७४ |

## ३.९ जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय

**१. पृष्ठभूमिः**

मन्त्रिपरिषद् बैठकको मिति २०७८/०१/२९ निर्णयानुसार यस मन्त्रालय स्थापना भएकोमा मिति २०७९ माघ ९ गतेको कर्णाली प्रदेश सरकार मन्त्रीपरिषद्को बैठकको निर्णयानुसार भौतिक पूर्वाधार विकास मन्त्रालयमा मिलान भएको। मिति २०८० वैशाख ९ गतेको मन्त्रीपरिषद्को निर्णय अनुसार मन्त्रीपरिषद् कार्य विभाजन नियमावली २०७४ को अनुसूची १ र २ मा शंसोधन पश्चात यस मन्त्रालय पुनःस्थापना भएको हो।

**२. दीर्घकालीन सोचः**

१) जलविद्युतको उत्पादन तथा उपयोगबाट समृद्धि,

२) वैकल्पिक ऊर्जा विकास मार्फत ऊर्जामा पहुँच विस्तार,

३) दिगो सिँचाइ व्यवस्थापनबाट कृषि उत्पादन र उत्पादकत्व वृद्धि,

४) स्वच्छ, सुलभ र सुरक्षित खानेपानी, तथा वातावरणीय सरसफाइ।

**३. ध्येयः**

जलस्रोतको एकीकृत उपयोगबाट सबै कर्णालीवासीलाई सुरक्षित खानेपानी सेवा उपलब्ध गर्दै जलस्रोतको व्यवसायिक उपयोग गरी खेतीयोग्य जमिनमा दिगो सिँचाइ तथा ऊर्जाको माध्यमबाट कृषि तथा अन्य अन्तर सम्बन्धित क्षेत्रहरूमा उत्पादन र उत्पादकत्व वृद्धि गर्दै कर्णाली प्रदेशको समृद्धि सुनिश्चित गर्ने।

**४. कार्यक्षेत्र :**

कर्णाली प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ (संशोधन २०७८ समेत) बमोजिम यस मन्त्रालयको कार्य क्षेत्र तथा कार्य जिम्मेवारी देहाय बमोजिम रहेका छन्:

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| १ | प्रदेशस्तरको ऊर्जा, विद्युत, सिँचाइ, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन र खानेपानी तथा सरसफाइ सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन गर्ने। |
| २ | प्रदेशस्तरमा ऊर्जा, विद्युत, खानेपानी तथा सिँचाइ सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन गर्ने। |
| ३ | ऊर्जा, विद्युत, सिँचाइ खानेपानी सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन गर्ने। |
| ४ | राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन गर्ने। |
| ५ | राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन गर्ने। |
| ६ | प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय गर्ने। |

| | |
|---|---|
| ७ | प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाको अध्ययन, सर्वेक्षण,तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय गर्ने। |
| ८ | प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन गर्ने। |
| ९ | मौसम र जल मापन सञ्चार सञ्चालन व्यवस्थापन। |
| १० | जल गुण तथा वायु गुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन। |
| ११ | प्रदेशस्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको गुणस्तर, सेवा शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, सम्भार र नियमन। |
| १२ | खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन । |
| १३ | सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता। |

**५. आ.व. २०८१/०८२ मा मन्त्रालयको विनियोजित बजेट र खर्चको विवरण (बजेट उपशीर्षकगत रुपमा):**

| क्र.सं. | ब.उ.शि.नं. | बजेट उपशीर्षक | विनियोजित बजेट (रु. लाखमा) | खर्च (रु. लाखमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३०८००९०१३ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ६९५.६४ | ३२७.२२ | ४७.०४ |
| २ | ३०८००९०१४ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ७९.०० | ५०.७४ | ६४.२३ |
| ३ | ३०८०१९०१३ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय | ३३९.१३ | २४६.३५ | ७२.६४ |
| ४ | ३०८०१९०१४ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय | १८७२.०० | २८७.८६ | १५.३८ |
| ५ | ३०८०१९०२३ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालयहरू | १५५९.३६ | ११७३.८९ | ७५.२८ |
| ६ | ३०८०१९०२४ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालयहरू | १८४७.१९ | १४५८.०१ | ७८.९३ |
| ७ | ३०८०१९०३४ | सिँचाइ आयोजनाहरू | ८१४८.३० | ७५०८.७३ | ९२.१५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ३०८०१९०४४ | नदी नियन्त्रण तथा पहिरो व्यवस्थापन आयोजनाहरू | ३१४०.४० | २९२४.३४ | ९३.१२ |
| ९ | ३०८०१९०५४ | खानेपानी तथा सरसफाइ सम्बन्धी कार्यक्रम | ९८८४.७० | ७९५४.१६ | ८०.४७ |
| १० | ३०८९११२१४ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम (संघ ससर्त अनुदान) | ८१.४० | ४६.५८ | ५७.२२ |
| ११ | ३०८९११२४४ | जलवायु अनुकुलित वृहत खानेपानी आयोजना (संघ ससर्त अनुदान) | ६५९.३१ | ५७२.८१ | ८६.८८ |
| १२ | ३०८९११२५४ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम (संघ ससर्त अनुदान) | ३७७.७३ | २५२.७१ | ६६.९० |

**६. आ.व. २०८१/८२ को आन्तरिक राजस्वको लक्ष्य र प्राप्तिको विवरण**

| सि.नं. | राजस्व शीर्षक | लक्ष्य | प्राप्ति रु. |
|---|---|---|---|
| १ | १४२१२-सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | नतोकिएको | १००० |
| २ | १४२१९-अन्य सेवा शुल्क तथा बिक्री | नतोकिएको | ८००० |
| ३ | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | नतोकिएको | १७६९८५३ |
| ४ | १४२६३-जलस्रोत सम्बन्धी अन्य दस्तुर | नतोकिएको | २१०० |
| ५ | १४३१२-प्रशासनिक दण्ड, जरिवाना र जफत | नतोकिएको | ७८९३७२ |
| ६ | १४५२९-अन्य राजस्व | नतोकिएको | ९००० |
| ७ | १५१११-बेरूजू | नतोकिएको | २९२८२७८.०० |
| | जम्मा | | ५५०७६०३ |

**७. आ.व. २०८१/०८२ मा सम्पादन भएका प्रमुख कार्यहरू:**

१) कार्यालय प्रमुखहरुको भौतिक उपस्थितिमा वार्षिक प्रगति समीक्षा सम्पन्न,

२) स्थलगत निरीक्षण तथा सुपरीवेक्षण गरी राय सुझाव प्रदान गरिएको,

३) आयोजना बैङ्कमा प्रविष्टी गर्ने प्रयोजनार्थ आयोजनाहरु माग गरिएको साथै Screening भई आएका आयोजनाहरु आ.व. २०८२/०८३ को वार्षिक विकास कार्यक्रमका लागि प्रविष्टी गरिएको,

४) बहुवर्षीय ठेक्का सहमतिको लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने गरिएको,

५) जिल्ला कार्यालयको प्रगति विवरण मासिक रूपमा अद्यावधिक गरी आवश्यक सल्लाह, सुझाव र समन्वय गर्ने काम,

६) विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्यको लागि नियमित बैठक गरी Cluster member हरूलाई उच्च सतर्कतामा (High-alert) रहन निर्देशन दिईएको,

७) जाजरकोट भूकम्प प्रभावित क्षेत्रका आयोजनाका करिब २५० जना मर्मत सम्भार कार्यकर्ता तथा समितिका पदाधिकारीहरूलाई मर्मत सम्भार तालिम दिईएकोमा सो क्षेत्रका योजनाबाट MASS CHLORINATION गरी पानी वितरण भइरहेको,

८) खानेपानी सरसफाइ तथा स्वच्छता विधेयक मस्यौदा छलफलका लागि स्थानीय जनप्रतिनिधिहरू सहित करिब ६० जना WASH सरोकारवालाको उपस्थितिमा एक दिने कार्यशाला गोष्ठी सञ्चालन गरिएको,

९) माग अनुसार सङ्घीय सरकारसँग बजेट माग सम्बन्धी विवरण सङ्कलन गरी लेखी पठाउनुका साथै आवश्यक समन्वय गरिएको,

१०) रुकुम पश्चिम र जाजरकोट जिल्लामा ३ वटा खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रमा पूर्ण सरसफाइ तालिम सञ्चालन गरिएको।

## ८. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या/चुनौतीहरुः

१) ऊर्जा क्षेत्रसँग सम्वन्धित प्राविधिक जनशक्तिको पद रिक्त भइ बजेट कार्यान्वयनमा समस्या रहेको,

२) अनुगमन मूल्याङ्कनको कार्य प्रभावकारी हुन नसक्नु,

३) आयोजनाहरुको छनोट गर्दा प्राविधिक र नागरिकको आवश्यकता तथा प्राथामिकताको आधारमा हुन नसक्नु,

४) विनियोजन कुशलता र कार्यान्वयन दक्षताको अभाव रहनु,

५) निर्माणजन्य सामग्री अभाव, मुल्यवृद्धि, दक्ष कामदारको अभाव रहनु,

६) मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित कार्य गर्नको लागि कर्णालीको भुगोल, मौसमी जलवायु अनुकुलता, बालीनाली लगाउने र भित्र्याउने समय तथा निर्माण कार्यको समय तालिकीकरण नमिल्नु,

७) नागरिकको माग भएका आयोजनाको आवश्यकता र प्राथामिकताका आधारमा प्रयाप्त बजेट विनियोजन हुन नसक्नु,

८) अन्तर निकाय समन्वयको अभाव ।

## ९. आगामी आ.व. मा सुधार गर्नुपर्ने क्षेत्रहरुः

१) आयोजना तथा कार्यक्रम छनोट कार्यमा स्पष्ट आधार, मापदण्ड, प्रणाली बनाई प्राथामिकताको आधारमा गरिनुपर्ने,

२) मागमा आधारित, प्रतिफलयुक्त आयोजनाको छनोट गर्दा विनियोजन कुशलता तथा कार्यान्वयन दक्षता बढाउने,

३) पूर्व सम्भाव्यता अध्ययन पुरा गरी सम्भाव्य देखिएका आयोनाहरुमा मात्र प्रयाप्त बजेट विनियोजन गर्ने,

४) आयोजना छनोट प्रणालीलाई थप आधुनिक, वैज्ञानिक बनाई अत्यावश्यक आयोजनाहरुमा प्राथमिकताका आधारमा बजेट विनियोजन गर्ने,

५) मन्त्रालयको कार्यक्षेत्र अनुरूप आवश्यक जनशक्तिगत योजना तथा संगठन संरचना तय गर्ने,

६) सुचकमा आधारित अनुगमन तथा मूल्याङ्कन नियमन कार्य निममित रुपमा अनिवार्य रुपमा गर्ने व्यवस्था मिलाउने,

७) आयोजना कार्यान्वयन कार्ययोजना, खरिद गुरुयोजना बनाई समयमै कार्यतालिका बमोजिम कार्य-सम्पादन गर्ने,

८) प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि र उपभोक्ताको समितिका पदाधिकारी तथा उपभोक्तालाई आयोजना कार्यान्वयन तथा गुणस्तर सम्बन्धी क्षमता अभिवृद्धि तालिम उपलब्ध गराउने।

१०. बजेट कार्यान्वयनबाट हालसम्म हासिल भएका मुख्य उपलब्धिहरु (आ.व २०७६/७७ देखि २०८१/८२ सम्म):

| क्र. सं. | क्षेत्र | २०८०/८१ सम्मको जम्मा | २०८१/८२ | कुल जम्मा |
|---|---|---|---|---|
| १ | खानेपानी (लाभान्वित संख्या) | २८४९७१ | १०६४०३ | ३९१३७४ |
| २ | सिंचाइ (हेक्टर) | ११११११ | १८७७ | १२९८८ |
| ३ | जग्गा उकास (हेक्टर) | ९४५ | २७६ | १२२१ |
| ४ | विद्युत (लाभान्वित संख्या) | ३८४२७ | २१७३५ | ६०१६२ |

## ३.१० उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय

**१.पृष्ठभूमिः**

प्रदेशलाइ औद्योगिकरणतर्फ उन्मुख गराई औद्योगिक विकास गर्न आवश्यक नीति, ऐन, नियम तर्जुमा गर्दै औद्योगिक क्षेत्रमा निजि, स्वदेशी, तथा बिदेशी लगानी आकर्षित गर्नको लागि औद्योगिक पूर्वाधारको निर्माण गर्दै लैजाने, मौजुदा पूर्वाधारको उपयोग गर्ने, कच्चा पदार्थको प्रसोधन गरि निर्यात जन्य पदार्थको उत्पादन गरि निर्यात गर्ने, लघु, घरेलु, तथा साना उद्योगहरुको माध्यम बाट गरिबी न्युनिकरण गरी प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउदै, वाणिज्य क्षेत्रलाइ सबल तुल्याउदै आन्तरिक, अन्तर प्रादेशिक तथा बाह्य ब्यापारको सहजीकरण, प्रवर्दन र नियमन गर्दै, कर्णाली प्रदेशमा रहेको मुर्त तथा अमुर्त सांस्कृतिक तथा धार्मिक र प्राकृतिक सम्पदाहरुको संरक्षण र विकास गर्दै प्रदेशको आर्थिक विकासको प्रमुख आधारको रुपमा रहेको पर्यटन क्षेत्रको माध्यमबाट रोजगारीको सृजना, आर्थिक क्रियाकलापमा वृद्धि र समग्र प्रादेशिक आर्थिक विकाश र समुन्नतीमा टेवा पुर्याउदै, वन, वातावरण तथा जलाधार क्षेत्रको संक्षणको माध्यमबाट खेतीयोग्य भूमिको संरक्षण र उत्पादकत्वमा वृदि, पानीमुहान, बन्यजन्तु र जैविक बिबिधताको संरक्षण र वातावरणीय स्वच्छता कायम राख्दै स्रोतको दिगो उपयोग मार्फत अर्थतन्त्रमा योगदान पुर्याउने लक्ष्यका साथ यो मन्त्रालयको स्थापना मिति २०७४/११/०३ गते भएको हो।

**२. दिर्घकालिन सोच :**

दिगो वन ब्यवस्थापन, उद्योग, उद्यमशीलता, पर्यटन र सन्तुलित पर्यावरण मार्फत प्रदेशको सम्बृदि।

**३. ध्येय :**

व्यवस्थित वन क्षेत्र, उद्योग, उद्यमशीलता, पर्यटनको विकास र सन्तुलित पर्यावरण मार्फत प्रदेशको आर्थिक, सामाजिक, संस्कृतिक सम्बृदिमा योगदान पुर्याउने।

**४. रणनीतिक उदेश्यहरुः**

- जनसहभागितामूलक तथा वैज्ञानिक व्यवस्थापन पद्दति अवलम्बन गर्दै वन, वन्यजन्तु तथा जैविक विविधताको दिगो संरक्षण तथा व्यवस्थापनबाट वनक्षेत्रको उत्पादकत्व वृद्धि गर्ने।
- सामुदायिक वन मार्फत वातावरणमैत्री हरित अर्थतन्त्र विकास गर्न उच्चमूल्य तथा बहुउपयोगी फलफूल, जडिबुटी र बोटबिरुवाहरू वृक्षारोपण अभियानकै रुपमा सञ्चालन गर्ने।
- निजी तथा सहकारी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै जडिबुटी, काठ तथा लघु घरेलु उद्यमहरूको प्रवर्धन, विविधिकरण र बजारीकरण गर्ने।
- प्रदेशमा रहेका सबै ऐतिहासिक, धार्मिक, पुरातात्विक स्थल, भाषा, धर्म संस्कृतिको खोज, संरक्षण र सम्वद्र्धन गर्ने।
- जलवायु परिवर्तनको नकारात्मक प्रभाव कम गर्न अनुकूलनका उपायहरू अवलम्बन गर्दै हिमाली क्षेत्रमा वनबुट्यान, बीऊ र बाली संरक्षणको विशेष कार्यक्रम सञ्चालन गर्ने
- स्वच्छ वातावरण जलाधार पुनरुत्थान, सार्वजनिक क्षेत्र सरसफाई गर्दै सार्वजनिक स्थल, नदी किनार, सडकछेउ, खोल्सा–खोल्सीमा बाँस, अम्रिसो, फलफुल लगायतका आयमुलक बहुउपयोगी बोट बिरूवा लगाई जैविक प्रविधि प्रयोगका सबै स्थानीय तहका केन्द्रहरूलाई हरित नगरकोरुपमा विकसित गर्ने।
- हवाई यातायातको सुविधाका लागि आवश्यक समन्वयात्मक कार्य गर्ने।

**५. कार्यक्षेत्र :**

मन्त्रालयको कार्यक्षेत्र जिम्मेवारीहरु(प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७४ वमोजिम) देहायानुसार रहेका छन् :

१. ब्यापार वाणिज्य र बजार प्रतिष्पर्धा सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा,कार्यान्वयन एवं नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण ।

२. प्रादेशिक ब्यापार सम्वन्धी पूर्वाधार निर्माण, प्रवद्र्धन, सहजिकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, वौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन ।

३. ढुवानी, परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन ।

४. नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता ।

५. ब्यापारिक फर्महरूको दर्ता, नविकरण, खारेजी र नियमन ।

६. खानी तथा खनिज पदार्थको अन्वेषण सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवं पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा संचालन र संघसंग समन्वय ।

७. भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्शा सम्वन्धी ।

८. कल कारखाना र औद्योगिकिकरण सम्वन्धी नीति, कानून, मापदण्ड र योजना तर्जूमा, कार्यान्वयन र नियमन

९. उद्योग दर्ता, अनुमति, नविकरण एवं खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन र नियमन।

१०. प्रदेश स्तरको उद्योग क्षेत्रको भौतिक पुर्वाधार विकास सम्वन्धी योजना तर्जूमा र कार्यान्यिन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना संचालन र विस्तार।

११. औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन।

१२. सार्वजानिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपुर्ति सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन।

१३. उपभोक्ताहरुको अधिकार संरक्षण तथा प्रवद्र्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुुमा, कार्यान्वयन तथा अनुगमन ।

१४. मुल्य र कालोवजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन ।

१५. संघिय मापदण्ड अनुसार स्टाण्डार्ड वर्गीकरण, गुणस्तर परिक्षण र नियमन ।

१६. उपभोक्ता अदालत गठन र संचालन।

१७. अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपुर्ति सम्वन्धी सुचना संकलन, विश्लेषण, प्रक्षेपण र आपुर्ति ब्यवस्था, मौज्दातको ब्यवस्था र आपुर्तिमा अन्तर प्रादेशिक र स्थानीय तहवीच समन्वय ।

१८. लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन ।

१९. करार, साझेदारी र एजेन्सी सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यन्वयन र नियमन ।

२०. संघसंगको समन्वयमा कम्पनी स्थापना सम्वन्धी नीति तथा कानून तर्जूमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन।

२१. दामासाहिमा परेका उद्योग, व्यावसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्वन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यन्वयन र नियमन ।

२२. प्रदेश स्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन ।

२३. प्रदेश स्तरमा इन्धनको गुणस्तर अनुगमन ।

२४. संघिय कानून वमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्वन्धी ।

२५. प्रदेश भित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्धन सम्वन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यन्वयन र नियमन

२६. औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन।

२७. उद्योगमाश्रममुलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग।

२८. स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र ब्यवसाय प्रवर्द्धन सहायता।

२९. प्रादेशिक पर्यटन विकासको नीती, कानून, मापदण्ड र योजना निर्माण, पुर्वाधार विकास, प्रवर्द्धन र नियमन।

३०. पर्यटक प्रहरी व्यवस्थापन।

३१. पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, ¥याफ्टिङ्ग आदीको दर्ता, अनुमति, नविकरण र नियमन।
३२. प्रदेश स्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।
३३. वन्यजन्तु र वन पैदावार ओसारपसार सम्वन्धी नियमन र अपराध नियन्त्रण।
३४. वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्वन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन।
३५. प्रदेश स्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको ब्यवस्थापन।
३६. हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन।
३७. जडीबुटीखेती प्रविधि प्रवद्र्धन, विस्तार तथा वजारीकरण सम्वन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन।
३८. वन तथा वातावरण सम्वन्धी विषयमा प्राविधिक सुचना तथा सेवा प्रवाह।
३९. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग।
४०. प्रदेश स्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यावस्थापन।
४१. प्रदेश स्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एंव लाभांश बाँडफाड।
४२. प्रदेश स्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीति, प्रविधि विकास, व्यवस्थापन।
४३. प्रदेश भित्र भू–स्खलन नियन्त्रण।
४४. प्रदेश स्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकाश र व्यवस्थापन।
४५. प्रदेश स्तरमा वातावरण सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन।
४६. प्रदेश स्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना।
४७. प्रदेश स्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार।
४८. प्रदेश स्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, संचालन र व्यवस्थापन।
४९. प्रदेश स्तरमा ठोस, बायु, तरल, जल, ध्वनि तथा विद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वियन, अनुगमन र नियन्त्रण।
५०. प्रदेश स्तरमा न्यून कार्वनमुखी तथा वातारणमैत्री विकाश प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन।
५१. प्रदेश स्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन।
५२. प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परिक्षण।
५३. भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान , बर्गीकरण, संरक्षण र ब्यवस्थापन।
५४. संरक्षण क्षेत्र पहिचान र ब्यवस्थापकीय पद्धति निर्धारण।
५५. अन्तर प्रदेशीय नदि उकास तथा सडक किनार बृक्षारोपण ब्यवस्थापन।
५६. बृक्षारोपणको लागि दिगो तथा गुणस्तरिय बीउ उत्पादन, वीउ वगैंचा स्थापना र ब्यवस्थापन।
५७. प्रदेश भित्र बृक्षारोपण तथा सम्भार सम्बन्धि नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।
५८. प्रदेश भित्र जडिवुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धि ब्यवस्थापन।
५९. बन्यजन्तु र चराचुरुङ्गी सम्बन्धि प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जूमा, कार्यान्वयन र नियमन।
६०. प्रदेश स्तरमा विज्ञान प्रविधिको विकाश तथा विस्तार, सो सम्वन्धी तथ्याङ्क संकलन, प्रशोधन र सर्वेक्षण र जनशक्ति विकाश र उपयोग।
६१. वैज्ञानिक अध्ययन अनुसन्धान एंव विज्ञान र प्रविधिको आविष्कार, उन्यन र विकाश ।
६२. विज्ञान संग्रहालय र प्लोटोरियमको स्थापना र संचालन र ब्यवस्थापन।

## ६. आर्थिक वर्ष २०८१/८२ मा मन्त्रालयको विनियोजित बजेट र खर्चको विवरणः

| आर्थिक वर्ष २०८१/८२ को वित्तिय प्रगती विवरण | | | | | | | | | (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
| | | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | ३०७०००११ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ६००३३ | २६४४८.०९४ | ८६४८१.०९४ | ४९२८० | ५०५४ | ५४३३४ | ८२.०९ | १९.११ | ६२.८३ |
| २ | ३०७०१०११ | उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | २७८५६.५ | ११०५० | ३८९०६.५ | १९६३८ | ५७५४ | २५३९२ | ७०.५ | ५२.०७ | ६५.२७ |
| ३ | ३०७०१०१२ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरु | ११५०३५.५ | २५१०० | १४०१३५.५ | ८३५७९ | १९६२५ | १०३२०४ | ७२.६५ | ७८.१९ | ७३.६५ |
| ४ | ३०७०१९०१ | सिप विकास तथा रोजगारमुलक तालिम | ३७७०० | ७६५० | ४५३५० | ३३६४० | ५४५६ | ३९०९६ | ८९.२३ | ७१.३२ | ८६.२१ |
| ५ | ३०७०१९०२ | उद्यम विकास तथा प्रवर्द्धन कार्यक्रम | १९८०० | ५०० | २०३०० | १३१३१ | ५३ | १३१८४ | ६६.३२ | १०.५२ | ६४.९४ |
| ६ | ३०७०२०११ | वन तथा वातावरण निर्देशनालय | २७५३४ | १४३७५ | ४१९०९ | २१११६ | १०४४० | ३१५५६ | ७६.६९ | ७२.६२ | ७५.३ |
| ७ | ३०७०२०१२ | डिभिजन वन कार्यालयहरु | ४४९६४४ | ३९२३०.७३५ | ४८८८७४.७३५ | ३८९१०८ | ३१६८७ | ४२०७९६ | ८६.५४ | ८०.७७ | ८६.०७ |
| ८ | ३०७०२९०१ | भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु | ४११०३ | २१५२० | ६२६२३ | ३०२६७ | १७३०३ | ४७५७० | ७३.६४ | ८०.४ | ७५.९६ |
| ९ | ३०७०२९०२ | एकिकृत जलाधार व्यवस्थापन कार्यक्रम | ० | २३५५०० | २३५५०० | ० | २१६४९५ | २१६४९५ | | ९१.९३ | ९१.९३ |
| १० | ३०७०२९०३ | पर्यटन प्रवर्द्धन कार्यक्रम/पर्यापर्यटन विकास | २००० | ४०३१८२.१७१ | ४०५१८२.१७१ | ९९४ | २२०५६० | २२१५५४ | ४९.७ | ५४.७ | ५४.६८ |
| ११ | ३०७०२९०४ | दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम | २००१५ | ११३८३० | १३३८४५ | १६६७५ | ६८२२७ | ८४९०२ | ८३.३१ | ५९.९४ | ६३.४३ |
| १२ | ३०७०३०११ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | १५५४२ | १३७५ | १६९१७ | १३६८७ | १३४८ | १५०३६ | ८८.०७ | ९८.०६ | ८८.८८ |
| १३ | ३०७०३९०१ | अनुसन्धान तथा विकास | ० | ११५०० | ११५०० | ० | ४२१० | ४२१० | | ३६.६१ | ३६.६१ |
| १४ | ३०७९११२० | जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | ४५२३ | ८५७१० | ९०२३३ | २७७९ | ७५६४२ | ७८४२१ | ६१.४४ | ८८.२५ | ८६.९१ |
| १५ | ३०७९११२१ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | ९००० | ३९८०० | ४८८०० | ५५११ | २१३८८ | २६८९८ | ६१.२३ | ५३.७४ | ५५.१२ |
| १६ | ३०७९११२२ | वातावरण विभाग(संघ शसर्त अनुदान) | ० | १२५०० | १२५०० | ० | ७५६५ | ७५६५ | | ६०.५२ | ६०.५२ |
| १७ | ३०७९११२४ | जडिबुटी विकास कार्यक्रम(संघ शसर्त अनुदान) | ० | ६६००० | ६६००० | ० | २१०४१ | २१०४१ | | ३१.८८ | ३१.८८ |
| १८ | ३०७९११२९ | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत)(संघ शसर्त अनुदान) | ६९४१ | ० | ६९४१ | ६३९४ | ० | ६३९४ | ९२.१३ | | ९२.१३ |
| कुल जम्मा | | | ८३६७२७ | १११५२७१ | १९५१९९८ | ६८५७९९ | ७३१८४८ | १४१७६४८ | ८१.९६ | ६५.६२ | ७२.६३ |

## ७. आ.व. २०८१/८२ को आन्तरिक राजस्वको लक्ष्य र प्राप्तिको विवरण

| सि.नं. | राजस्व शीर्षक | लक्ष्य | प्राप्ति रु. |
|---|---|---|---|
| १ | ११६११-व्यवसायले भुक्तानी गर्ने | नतोकिएको | ९४४९०० |
| २ | १४१५१-सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | नतोकिएको | ९३५५६२ |
| ३ | १४१९२-पदयात्रा शुल्क | नतोकिएको | ७०० |
| ४ | १४२१२-सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | नतोकिएको | १८८११६२ |
| ५ | १४२१३-अन्य विक्रीबाट प्राप्त रकम | नतोकिएको | ३७६२३२३ |
| ६ | १४२१९-अन्य सेवा शुल्क तथा बिक्री | नतोकिएको | १४४३० |
| ७ | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | नतोकिएको | १०२२५१४६ |
| ८ | १४२५३-व्यावसाय रजिष्ट्रेशन दस्तुर | नतोकिएको | १७७६४२२२ |
| ९ | १४२६४-वन क्षेत्रको अन्य आय | नतोकिएको | १८१४९२४३ |
| १० | १४३११-न्यायिक दण्ड,जरिवाना र जफत | नतोकिएको | १९३६७५ |
| ११ | १४३१२-प्रशासनिक दण्ड,जरिवाना र जफत | नतोकिएको | ५१९९०९००.३ |
| १२ | १४३१३-धरौटी सदरस्याहा | नतोकिएको | १८०० |
| १३ | १४५२९-अन्य राजस्व | नतोकिएको | १७२७४५ |
| १४ | १५१११-बेरूजू | नतोकिएको | ८३२९७२१.७४ |
| १५ | ३३३६१-वन क्षेत्रको रोयल्टी | नतोकिएको | २३५३४३३२ |
| | जम्मा | | १३७९००८६१ |

## ८. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या/चुनौतिहरु

(क) संगठन र व्यवस्थापन(O&M) तथा जनशक्ति व्यवस्थापन

- मन्त्रालयको मौजुदा संगठन संरचनामा कुनै पनि कार्यालयहरु हटाउन उपयुक्त नरहेको, दरबन्दी मिलान, कार्यालय तथा सम्पर्क कार्यालयहरु विस्तार आवश्यक रहेकोले संगठन संरचना एवम् कार्यालय विस्तार पुनरावलोकन गरिनु पर्ने,
- कर्णाली प्रदेश निजामती सेवा ऐन,२०८०, कर्णाली प्रदेश निजामती सेवा नियमावली,२०८० तथा प्रदेश सरकार (कार्यविभाजन नियमावली),२०७४ (को संशोधीत समेत)को आधारमा मन्त्रालयको कार्य विवरणका आधारमा संगठन र व्यवस्थापन (O&M) गरिनुपर्ने,
- यस मन्त्रालय अन्तर्गतका कार्यालय (उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरु) तथा प्रशासन सेवामा कार्यरत कर्मचारीहरुको सरुवा व्यवस्थापन सम्बन्धि विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सरुवा तथा पदस्थापन गर्दा कर्मचारीको सरुवा तथा पदस्थापन मन्त्रालयसँग समन्वय गरेर वा कार्यालयगत नभई मन्त्रालयगत गरीदिनु पर्ने विषय,

(ख) उद्योग उपभोक्ता हित संरक्षण निर्देशनालय

- मुख्य मन्त्री दलित आयआर्जन कार्य कार्यक्रम कार्यविधि संशोधन सम्बन्धि विषय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुने वा यस मन्त्रालयबाट हुने स्पष्ट हुनुपर्ने,
- रेशाजन्य उद्योगको लागि मेसिनको लागि लागत साझेदारी र सञ्चालन मोडालीटी तथा अपुग रकम व्यवस्थापन सम्बन्धि विषय
- ढुङ्गा स्लेट प्रशोधन प्रवर्द्धन उद्योगको साझेदारी र सञ्चालन मोडालीटी सम्बन्धि विषय
- मन्त्रालय वा निर्देशनालयमा कम्तिमा एक जना मेकानिकल इन्जिनियर र एक जना सिभिल इन्जिनियरको दरबन्दी थप गर्नुपर्ने विषय

(ग) भू तथा जलाधार व्यवस्थापन कार्यालय

- कार्यालय विस्तार नहुदा कार्यसम्पादनको प्रभावकारीता मा समस्या भएकोले कार्यालय विस्तारमा गर्नुपर्ने विषय यसको दिर्घकालिन समस्या समाधानको लागि शिघ्र ठोस कदम आवश्यक रहेको विषय,
- भू तथा जलाधार कार्यालयको विषय क्षेत्रसँग जलस्रोत तथा उर्जा विकास मन्त्रालयको जिम्मेवारी दोहरिएकाले प्रदेश सरकार (कार्यविभाजन नियमावली),२०७४ (को संशोधीत समेतको) आधारमा मन्त्रालयको विषय क्षेत्र मिलान गरिनुपर्ने विषय।

(घ) डिभिजन वन कार्यालयहरु

- कर्णाली प्रदेश वन ऐन २०७८ र वन नियमावली २०८० मा दफावार छलफल गरि आवश्यक संशोधन गर्नु पर्ने विषय, (लेक, खर्क, पाटन चरण क्षेत्रको विषय समेटी साझेदारी वन तथा सामुदायिक वन व्यवस्थापन गर्नुपर्ने विषय)
- कर्णाली प्रदेशको वन क्षेत्रको रणनीति – २०८१, काठ दाउरा संकलन तथा विक्रि वितरण निर्देशिका – २०८२, निजी आवादीको सालको रुख संकलन गर्ने कार्यविधि – २०८१ लगायतका कानुनहरु यथाशिघ्र पारित गर्नुपर्ने विषय,
- डिभिजन वन कार्यालयको पञ्चबर्षिय वन व्यवस्थापन कार्ययोजना स्वीकृती प्रकृयामा स्पष्टता आउन बाँकी रहेकोले कार्यान्वयमा जटिलता रहेको विषय,
- वन तथा उद्योगमा सांगठनिक संरचना र पद सोपान अनुसार कर्मचारी व्यवस्थापन
- सव डिभिजन कार्यालयमा भौतिक पुर्वाधार नभएको
- पर्यटन पुर्वाधारको लागि इन्जिनियरको दरवन्दी नभएको
- वन्यजन्तु उद्दार केन्द्र संचालनको लागि डिभिजन वन कार्यालय सुर्खेतमा भेटेरीनरी डाक्टरको दरबन्दी आवश्यक रहेको
- वन क्षेत्रमा पुर्वाधार/ जग्गा प्राप्ती प्रक्रिया जटील भएकोले संघमा सुझाव पठाउने विषय
- बहुवर्षिय योजनामा ठेकेदारको ढिलासुस्ती कार्क्रेविहार ठेक्का प्रक्रिया सार्वजनिक खरिद ऐन नियमावली संशोधनको लागि प्रस्ताव गर्ने विषय,
- जटामसीको NDF संशोधन हुन नसकेकोले विभागबाट आवश्यक निर्णायार्थ गराउनु पर्ने विषय

(ङ) विज्ञान तथा वातावरण महाशाखा

- प्रदेशमा वायु र ध्वनी प्रदुषण मापन यन्त्र नभएको

(च) पर्यटन प्रवर्द्धन

- सुर्खेतबाट दुर्गम जिल्लाहरुमा हुने हवाइ उडान व्यवस्थापन गर्नु पर्ने विषय
- सुर्खेत विमानस्थल विस्तार वा वैकल्पिक विमानस्थल सम्बन्धि विषय
- कालीकोट जिल्लाको सान्नी त्रिवेणी गा.पा. त्रिवेणी पाटन मा रहेको बडीमालिकाको सिमा विवाद तथा आवश्यक व्यवस्थापन सँग सम्बन्धित विषय
- पर्यटन पूर्वाधारका लागि छुट्टै इकाइको व्यवस्थापन गर्न सकिने विषय
- धार्मीक पर्यटन प्रवर्द्धन गर्ने नीति तथा कार्यक्रम सम्बन्धि विषय

- पर्यटन गुरुयोजनाको पुनरावलोकन तथा संशोधन सम्बन्धि विषय

**९. आगामी आ.व.मा सुधार गर्नुपर्ने क्षेत्रहरुः**

- प्राविधिक/अप्राविधिक जनशक्तिको व्यवस्थापन गर्नुपर्ने।
- मुख्यमन्त्री दलित आयआर्जन (नियमावली संशोधन) एवं प्राविधिक जनशक्ति व्यवस्थापन
- हवाई उडान ? सुर्खेत देखि प्रदेशका अन्यजिल्लामा नियमित हवाई उडान हुनुपर्ने।
- भू तथा जलाधार तर्फका कार्यालयहरुको कार्यक्षेत्र धेरै, सवारी साधनको अभाव पुर्तिहुनुपर्ने।
- अव्यवस्थित Drainage लाई व्यवस्थित वनाउनुपर्ने।
- खाद्य प्रविधि र गुण नियन्त्रणसँग सम्बन्धित जनशक्ति परिपुर्ति गर्नुपर्ने।
- उपयुक्त र विषय क्षेत्रगत कार्यक्रम, स्थान छनोट र प्रकृति व्यवस्थित गर्नुपर्ने।
- पर्याप्त बजेटको व्यवस्थाहुनुपर्ने।
- प्रविधि एवं श्रोत साधनको अभावले वन्यजन्तु उद्धारमा भएको समस्या समाधान गर्नुपर्ने।
- भुकम्पले क्षतीग्रस्त सव डिभिजन वन कार्यालयको भवन व्यवस्थित तथा नयाँ निर्माण हुनुपर्ने।

**१०. बजेट कार्यान्वयनबाट हासिल भएका प्रमुख उपलब्धिहरु**

- ऐन/नियमावली तथा कार्यविधि तर्फः (स्वीकृत)
  - ✓ वार्षिक कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधी २०८१
  - ✓ खोटो संकलन कार्यविधी २०८१
  - ✓ दिगो वन व्यवस्थापन कार्यविधी २०८१
  - ✓ कोशेली गृह कार्यविधी २०८१
- मस्यौदा भई स्वीकृतीको प्रकृयामा रहेको
  - ✓ पर्यटन सुचना केन्द संचालन सम्वन्धी कार्यविधी २०८१
  - ✓ पर्यटकीय क्षेत्रको पूर्वाधार विकास एवं संरक्षण, संचालन र व्यवस्थापन कार्यविधी २०८१
  - ✓ हवाई यातायात नियमित तथा व्यवस्थित गर्न सहुलियत उपलब्ध गराउने सम्बन्धी २०८१
  - ✓ कर्णाली प्रदेशको जलवायु परिवर्तन रणनीति तथा कार्ययोजनाको २०८१
  - ✓ काठ दाउरा संकलन तथा बिक्री सम्वन्धी निर्देशिका २०८२
  - ✓ चरण खर्क व्यस्थापन रणनिती २०८१
- कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० बमोजिम कर्मचारीहरुको स्तरवृद्धि गरिएको।
- ३८.५७ प्रतिशत वन क्षेत्रको संरक्षण, सदुपयोग तथा व्यवस्थापन भएको ।
- २९.१ हेक्टर वनक्षेत्रमा भएको अतिक्रमण नियन्त्रण गरिएको ।
- २२४१७३.८ क्यू फिट काठ तथा ६५ चट्टा दाउरा उत्पादन भई विक्रि वितरण भएको
- बुलबुले गुरुयोजना कार्यान्वयन, कांक्रेविहार परिसरमा विश्राम स्थल निर्माण र बराहताल सव डिभिजन वन कार्यलय भेरीको कार्यालय भवन निर्माणका लागी श्रोत सुनिश्चितता गरिएको ।
- मन्त्रालय तथा मातहत कार्यालयबाट भएका प्रगतीहरुको WEB PORTAL मार्फत प्रगती जनाकारी लिन सकिने प्रणालीको विकास गरिएको।
- २५ प्रतिशत सा.व.उ.स. ले PAN प्राप्त गरेका।
- ४१.७ हेक्टर वन क्षेत्र अतिक्रमण नियन्त्रण गरिएको ।

- मानव वन्यजन्तु द्वन्द व्यवस्थापन अन्तर्गत १६३ पिडित व्यक्तिहरुलाई रु. ३३,८०,५२४ राहत वितरण भएको ।
- ६३६९१४ लाख विरुवा उत्पादन गरी १२७.९३ हे. क्षेत्रमा २०४६८८ हजार विरुवा वृक्षारोपण गरिएको।
- प्रदेशस्तरीय जलवायु परिवर्तन समन्वय समितिका सदस्यहरुको मनोनयन भई विभिन्न मितिमा बैठक भैरहेको।
- बायु प्रदुषण मापन यन्त्र मर्मत तथा स्थापना सम्वन्धमा बातावरण विभाग, काठमाण्डौमा समन्वय गरी पत्राचार समेत भएको ।
- उत्तरी जालधार संरक्षण क्षेत्रको गुरुयोजना निर्माण गरिएको ।
- कर्णाली प्रदेशका ९५ वटा खोला/खहरे, खोला किनारा संरक्षण, ८८ वटा गल्छी पहिरो/भुक्षय नियन्त्रण, ९ वटा पानि श्रोत संरक्षण तथा व्यवस्थापन र ४ वटा विकासका पूर्वाधार संरक्षण गरिएको।
- नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयबाट आयोजना गरिएको अन्तर्राष्ट्रिय जलवायु सम्मेलन (कोप २९) मा नेपालको तयारी सम्बन्धी गोष्ठीमा सहजीकरण र सगरमाथा सम्वादमा सहभागी।
- १८ वटा IEE तथा TOR स्वीकृती तथा अन्य निकायका ५ वटा IEE अध्ययन सहमति प्रदान।
- बहुबर्षिय आयोजना कालिकोटको पिलि युद्ध संग्रहालय, प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, कांक्रेविहार परिसरमा पदमार्ग, डिभिजन वन कार्यालय, सुर्खेतको भवन निर्माण, भू-तथा जलाधार व्यवस्थापन कार्यालय जुम्लाको भवन निर्माण र डिभिजन वन कार्यालय दैलेखको भवन निर्माण कार्य सम्पन्न।
- ८ सदस्यीय पर्यटन प्रवर्द्धन समिति गठन।
- १७१ लघु, १४ घरेलु, १२३७ साना गरी जम्मा १५५४ ओटा उद्योग दर्ता गरिएको जसमा ६५१ ओटा कृषि तथा वन पैदावार, १५८ ओटा उत्पादन मुलक, ४२१ सेवामुलक, ३०५ पर्यटन र ४ ओटा पुर्वाधार संग सम्वन्धित उद्योगहरु दर्ता भएका र ७०२ ओटा वाणिज्य दर्ता भएका छन्।
- मन्त्रालयका मातहतका निकायबाट ११५७३७३ श्रमदिन र ३१७१ रोजगारी सृजना।
- २ ओटा रिभर गाईड अनुमति पत्र नविकरण तथा १ ट्राभल/ट्रेकिङ्ग एजेन्सी ईजाजत पत्र प्रदान गरिएको।

**११. आ.व. २०७४/०७५ सम्मको प्रत्येक आ.व.मा भएको लेखापरिक्षण अङ्क र त्यसमा कायम वेरुजु अङ्क र फछ्र्यौट र एकीकृत बाँकी बेरुजु सम्वन्धी विवरण।**

| सि.नं. | आ.व. | लेखापरिक्षण अङ्क | कायम वेरुजु अङ्क | फछ्र्यौट बेरुजु | एकिकृत बाँकी वेरुजु |
|---|---|---|---|---|---|
| १ | २०७४/०७५ | २२१६२ | ० | ० | ० |
| २ | २०७५/०७६ | ० | ६३९६८ | ४२५४ | ५९७१४ |
| ३ | २०७६/०७७ | १८००७०० | १२०७६६ | ३७०६५ | ८३७०१ |
| ४ | २०७७/०७८ | १७२१७२४ | ९३७१८ | १३८३३ | ७९८८५ |
| ५ | २०७८/०७९ | १७५८१०६ | २७१५२ | १६५४ | २५४९८ |
| ६ | २०७९/०८० | १६६७४४३ | १०७२५० | २६१ | १०६९८९ |
| ७ | २०८०/०८१ | १६७५३६७ | २६६१६ | ० | २६६१६ |
| जम्मा | | ८६४५५०२ | ४३९४७० | ५७०६७ | ३८२४०३ |

## ३.११ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

### १. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने संवैधानिक व्यवस्था छ। संविधान बमोजिम संघको एकल अधिकार अनुसूची-५, प्रदेशको एकल अधिकार अनुसूची-६, संघ र प्रदेशको साझा अधिकार अनुसूची-७, स्थानीय तहको एकल अधिकार अनुसूची-८ र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची-९ मा उल्लिखित विषयमा निहित छ। संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको निर्वाचन सम्पन्न भए पश्चात नेपालको संविधानको भाग-१३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक व्यवस्था अनुरूप नेपाल सरकारको मिति २०७४/१०/१० को निर्णयानुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्थापना भएको छ।

प्रदेशको कृषि, पशु विकास तथा खाद्य पोषण, गरिबी निवारण, सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैङ्क सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, नियमन, समन्वय र सहकार्य गर्ने मन्त्रालयको प्रमुख उद्देश्य रहेका छन्।

### २. दीर्घकालीन सोच

प्राङ्गारिक कृषिको माध्यमबाट स्वच्छ, स्वस्थ, पोषणयुक्त खाद्य र बहुउपयोगी कृषि उपजको उत्पादन गरी आय आर्जन र रोजगारी सिर्जना गर्दै **समृद्ध कर्णाली, सुखारी कर्णालीवासी**को प्रत्याभूति दिने।

### ३. ध्येय

प्राङ्गारिक कृषि प्रणालीको माध्यमबाट कृषि पेशालाई व्यावसायिक, मर्यादित, वातावरणमैत्री र प्रतिस्पर्धी बनाई कृषकहरुको आय वृद्धि गर्ने।

### ४. कार्यक्षेत्र

कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्बाट २०७४/११/०६ मा स्वीकृत प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा व्यवस्था भए अनुरूप भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको देहाय बमोजिमको कार्यक्षेत्र निर्धारण गरिएको छः-

४.१ कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
४.२ कृषि तथा पशुपन्छीजन्य रोग किरा एवम् महामारी नियन्त्रण,
४.३ कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन,
४.४ कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार,
४.५ कृषि तथा पशु रोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन,
४.६ कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउबिजन एवम् नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन,
४.७ प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर,
४.८ कृषि तथा पशुपन्छी एवम् खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र श्रोत संरक्षण,

४.९ कृषि मल, बिउ, र विषादी आपूर्ति व्यवस्था र नियमन,
४.१० कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण,
४.११ कृषि उपजको न्यूनतम् समर्थन मूल्य कार्यान्वयन,
४.१२ कृषि तथा पशुपन्छी बिमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन,
४.१३ कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन
४.१४ राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,
४.१५ सामुहिक खेती तथा करार खेतीको कार्यान्वयन र प्रवर्द्धन,
४.१६ चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,
४.१७ कृषिजन्य र पशुपन्छीजन्य औषधी, विषादि र सुक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन,
४.१८ भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नाप-जाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन,
४.१९ निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन,
४.२० जग्गा दर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण-पूर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
४.२१ सङ्घीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नाप नक्सा र अभिलेखको व्यवस्थापन,
४.२२ नाप नक्साका नियन्त्रण विन्दुहरूको सञ्जाल स्थापना,
४.२३ क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन,
४.२४ भूमिहीन सुकुम्वासी, दलित, मुक्त कमैया, हलिया, हरवा-चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनर्स्थापना सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
४.२५ सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
४.२६ सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन,
४.२७ गुठी तथा गुठीजग्गा व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र सङ्घीय तथा स्थानीय तहसँग समन्वय,
४.२८ गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना सङ्कलन, गरिब घरपरिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण,
४.२९ सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैङ्क सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
४.३० सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन,
४.३१ सहकारी सम्बन्धमा सङ्घीय, अन्तर प्रादेशिक र स्थानीय तहका संघ-संस्थासँग समन्वय र सहकार्य,
४.३२ सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन,

४.३३ जलचर तथा जलीय जीवको संरक्षण, व्यवस्थापन, दिगो उपयोगिता र सोबाट प्राप्त लाभांशको समन्यायिक वितरण सम्बन्धी नीति, ऐन, नियम, मापदण्ड, योजना तर्जुमा र नियमन

## ५. आर्थिक वर्ष २०८१/८२ मा मन्त्रालयको विनियोजित बजेट र खर्चको विवरणः

(रु. हजारमा)

| क्र. स. | बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | ३१२०००११ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ६७३१२ | १५२९० | ८२६०२ | ४४३१५ | ६५६२ | ५०८७७ | ६५.८४ | ४२.९२ | ६१.५९ |
| २ | ३१२०००१२ | एकीकृत कृषि प्रयोगशाला | १८०५२ | ३४०० | २१४५२ | १७०५० | ५९१७ | २२९६७ | ९४.४५ | १७४.०३ | १०७.०६ |
| ३ | ३१२०००१३ | भूमी व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय | ११११९ | ५०० | ११६१९ | १०४४७ | ४९९ | १०९४६ | ९३.९६ | ९९.८ | ९४.२१ |
| ४ | ३१२००९०२ | कृषि यान्त्रिकिकरण कार्यक्रम | १०२५० | ० | १०२५० | ० | ० | ० | ०. | ० | ०. |
| ५ | ३१२००९०३ | ब्याज अनुदान कार्यक्रम | १२५००० | ० | १२५००० | ४६८९८ | ० | ४६८९८ | ३७.५२ | ० | ३७.५२ |
| ६ | ३१२००९०४ | गरिब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम | ४८००० | ० | ४८००० | ४०२२७ | ० | ४०२२७ | ८३.८१ | ० | ८३.८१ |
| ७ | ३१२००९०८ | सहकारी विकास कार्यक्रम | ८६८० | ० | ८६८० | ८४५५ | ० | ८४५५ | ९७.४१ | ० | ९७.४१ |
| ८ | ३१२००९०९ | प्रांगारिक कृषि प्रवर्द्धन, रैथाने बाली तथा पशुपन्छी विकास कार्यक्रम | ३७५१८ | ० | ३७५१८ | २७९८३ | ० | २७९८३ | ७४.५९ | ० | ७४.५९ |
| ९ | ३१२००९१० | कृषि प्रविधि प्रवर्द्धन, कृषि प्रसार तथा खाद्य सुरक्षा कार्यक्रम | १४३३६८ | ० | १४३३६८ | १२०३५१ | ० | १२०३५१ | ८३.९५ | ० | ८३.९५ |
| १० | ३१२००९११ | भूमि व्यवस्थापन तथा भू-उपयोग कार्यक्रम | ५००० | ० | ५००० | २३१८ | ० | २३१८ | ४६.३६ | ० | ४६.३६ |
| ११ | ३१२०१०११ | कृषि विकास निर्देशनालय | २६३०८ | २१९० | २८४९८ | २०३४९ | २०६७ | २२४१६ | ७७.३५ | ९४.३८ | ७८.६६ |
| १२ | ३१२०१०१६ | कृषि विकास कार्यालयहरु | १५६२५३ | ४३२९४ | १९९५४७ | १२३९६८ | २९३११ | १५३२७९ | ७९.३४ | ६७.७ | ७६.८१ |
| १३ | ३१२०१०१७ | वागवानी विकास केन्द्रहरु | १६४२५ | ६७५० | २३१७५ | १३२०८ | ४९४५ | १८१५३ | ८०.४१ | ७३.२६ | ७८.३३ |
| १४ | ३१२०१०१८ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | १६४४७ | ६०० | १७०४७ | १३०६६ | ५८५ | १३६५१ | ७९.४४ | ९७.५ | ८०.०८ |
| १५ | ३१२०१९०१ | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | १४५०८१ | ० | १४५०८१ | १२८९९० | ० | १२८९९० | ८८.९१ | ० | ८८.९१ |
| १६ | ३१२०१९०२ | साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम | ० | ३२०००० | ३२०००० | ० | २७७०२० | २७७०२० | ० | ८६.५७ | ८६.५७ |
| १७ | ३१२०१९०३ | स्याउ तथा ओखर विकास कार्यक्रम | २२७०० | ० | २२७०० | १७७१२ | ० | १७७१२ | ७८.०३ | ० | ७८.०३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | ३१२०१९०४ | कृषि पुर्वाधार बिकास कार्यक्रम | ४७८०० | ९५०० ० | १४२८०० | ३११३५ | ८३३९ | ३९४७४ | ६५.१४ | ८.७८ | २७.६४ |
| १९ | ३१२०२०११ | पशुपन्छी विकास निर्देशनालय | १४२१२ | ७०० | १४९१२ | १२७८४ | ६९५ | १३४७९ | ८९.९५ | ९९.२९ | ९०.३९ |
| २० | ३१२०२०१३ | पशु अस्पताल तथा पशु सेवा कार्यालयहरु | १०६७९४ | ७१२६ | ११३९२० | ८१३८८ | ७०७८ | ८८४६६ | ७६.२१ | ९९.३३ | ७७.६६ |
| २१ | ३१२०२९०१ | पशुपन्छी व्यवसाय प्रवर्द्धन, पशु स्वास्थ्य सेवा तथा प्रसार कार्यक्रम | १२४९२२. | ० | १२४९२२ | १००५४ ४ | ० | १००५४४ | ८०.४९ | ० | ८०.४९ |
| २२ | ३१२०२९०२ | दुग्ध प्रवर्द्धन तथा पशुपन्छी आहारा विकास कार्यक्रम | ४४००८ | ० | ४४००८ | २२६०९ | ० | २२६०९ | ५१.३७ | ० | ५१.३७ |
| २३ | ३१२०२९०३ | मत्स्य व्यवसाय प्रबर्द्धन कार्यक्रम | ५२०० | ० | ५२०० | २८९९ | ० | २८९९ | ५५.७५ | ० | ५५.७५ |
| २४ | ३१२९११२० | पशु सेवा विभाग(संघ शसर्त अनुदान) | ४३०० | ० | ४३०० | ३३९१ | ० | ३३९१ | ७८.८६ | ० | ७८.८६ |
| २५ | ३१२९११२१ | कृषि विभाग(संघ शसर्त अनुदान) | १९०२० | ० | १९०२० | १४८७६ | ० | १४८७६ | ७८.२१ | ० | ७८.२१ |
| २६ | ३१२९११२३ | राष्टिय कृषि आधुनिकिकरण परियोजना(संघ शसर्त अनुदान) | १२४५० | ० | १२४५० | ११३२२ | ० | ११३२२ | ९०.९४ | ० | ९०.९४ |
| २७ | ३१२९११२४ | पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना(संघ शसर्त अनुदान) | १३२८४७ | ३०० | १३३१४७ | ३२९८२ | ३०० | ३३२८२ | २४.८३ | १०० | २५ |
| | ३१२००६८०६६ | उत्थानशील उच्च मूल्य कृषि कार्यक्रम (R-HVAP) | ३००० | ० | ३००० | ४२३ | ० | ४२३ | १४.१ | ० | १४.१ |
| **कुल जम्मा :** | | | १३७२०६६ | ४९५१५० | १८६७२१६ | ९४९६९० | ३४३३१८ | १२९३००८ | ६९.२२ | ६९.३४ | ६९.२५ |

## ६. आ.व. २०८१/८२ को आन्तरिक राजस्वको लक्ष्य र प्राप्तिको विवरण

| सि.नं. | राजस्व शीर्षक | लक्ष्य | प्राप्ति रु. |
|---|---|---|---|
| १ | ११११४–कृषि आयमा कर | नतोकिएको | ० |
| २ | १४१५१–सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | नतोकिएको | ४८७०५० |
| ३ | १४२११–कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | नतोकिएको | २०४०८२७ |
| ४ | १४२१२–सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | नतोकिएको | ३३०० |
| ५ | १४२१३–अन्य विक्रीबाट प्राप्त रकम | नतोकिएको | ११६५२१ |
| ६ | १४२१९–अन्य सेवा शुल्क तथा बिक्री | नतोकिएको | ५२६२५ |
| ७ | १४२२४–परीक्षा शुल्क | नतोकिएको | ३००० |

| | | | |
|---|---|---|---|
| ८ | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | नतोकिएको | १३८१७३९ |
| ९ | १४३१२-प्रशासनिक दण्ड,जरिवाना र जफत | नतोकिएको | २३०४४० |
| १० | १५१११-बेरूजू | नतोकिएको | ५६०५२६९ |
| | जम्मा | | ९९२०७७१ |

**७. आ.व. २०८१/०८२मा सम्पादन भएका प्रमुख कार्यहरु**

१. कृषि, पशु विकास तथा सहकारी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यन्वयन र नियमन ।

२. कृषि तथा पशुपन्छीजन्य रोग कीरा एवं महामारी नियन्त्रण ।

३. कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन ।

४. कृषि यान्त्रिकीकरण विस्तार कार्यक्रम ।

५. कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन ।

६. कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छी जन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बीउ विजन एवं नक्ष्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, प्रमाणीकरण र नियमन ।

७. प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर ।

८. कृषि तथा पशुपन्छी एवं खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवं विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण।

९. कृषिमल, बीउ, र विषादी आपूर्ति व्यवस्था र नियमन।

१०. कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण।

११. कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन।

१२. कृषि बजार पूर्वाधार र कृषि फार्म केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन।

१३. राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन।

१४. कृषिजन्य र पशुपन्छीजन्य औषधि, विषादी र सूक्ष्म खाद्यतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यन्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन।

१५. भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यन्वयन र नियमन।

१६. निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन।

१७. सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिबृद्धि र परिचालन।

१८. सहकारी सम्बन्धमा संघीय, अन्तर प्रादेशिक र स्थानीय तहका संघ संस्थासँग समन्वय र सहकार्य।

८. वजेट कार्यान्वयनबाट हासिल भएका मुख्य उपलब्धिहरुः

| सि.न | कार्यक्रम | उपलव्धीहरु |
|---|---|---|
| १ | ब्याज अनुदान कार्यक्रम | ६ वटा बैंक मार्फत ५३५ जना कृषि व्यवसायी लाभान्वित भएको र स्थलगत अनुगमन गर्दा ५३ जनाको ब्याज अनुदान रोक्का भएको। त्यसैगरी १० ओटा सहकारी मार्फत ३५० जना ब्याज अनुदानग्राही लाभान्वित भएको।<br>-करिव १ अर्ब ४४ करोड रकम बैंक तथा सहकारीको लगानी परिचालन भएको। |
| २ | प्राङ्गारिक कृषि उत्पादन तथा प्रमाणीकरण (अदुवा,बेसार) | - बार्षिक रुपमा ३६५ मे.टन सुकाएको अदुवा तथा वेसार जर्मनीमा निर्यात भईरहेको ।<br>-२००० कृषक प्राङ्गारिक प्रमाणिकरणमा आवद्ध भएको अवस्था । |
| ३ | साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम | - ७४७ वटा साना सिचाई योजना मार्फत करिव थप २१४२ हेक्टर क्षेत्रफलमा सिंचाई सुधार तथा थप ९०० हेक्टरमा सिंचाई सुविधा विस्तार भएको ।<br>- करिव १६२०० घर धुरी लाभान्वित भै १२५००० दिन रोजगारी सृजना भएको। |
| ४ | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | - २०१०० सुन्तलाको बिरुवा, १५४०० कागतीको बिरुवा रोपण,५००० बोट ओखर र १००० बोट स्याउको बिरुवा रोपण मार्फत २८०० घर परिवार लाभान्वित भएको ।<br>- सुन्तलाको ७० हेक्टर, कागतीको २४ हेक्टर, ओखरको ४० हेक्टर, स्याउको ५ हेक्टर क्षेत्रफल विस्तार भएको ।<br>- १६ क्विन्टल धानको उन्नत बिउ, ३५ क्विन्टल मकै र ६० क्विन्टल गहुँक, २४५ क्विन्टल अदूवा बेसारको बिउ वितरण गरी करिव ६५० जना कृषक लाभान्वित भएको।<br>- ८००० वटा मेलिफेरा मौरी गोला सहित घार र ४३५ ओटा सेरेना मौरीगोलासहित घार र मौरीपालन सामग्री बितरण भएको । |
| ५ | औषधि उपचार वापत प्रोत्साहन अनुदान कार्यक्रम | -५० भन्दा बढी भेडा/वाखा पालन गर्ने कृषकहरुलाई दिने प्रोत्साहन कार्यक्रमबाट भेडापालन गर्ने संख्यामा वृद्धि भएको अवस्था। |
| ६ | तरल नाइट्रोजन उत्पादन प्लान्ट स्थापना कार्यक्रम | - पूर्वाधारको काम सकेर मेसिनरी जडान सहित कार्य पुरा भएको |

| | | |
|---|---|---|
| ७ | प्राकृतिक प्रकोप राहत वितरण कार्यक्रम | - प्राकृतिक प्रकोप असिना हावाहुरी बाट भएको करिव ३०० हेक्टर बालीमा भएको क्षतिमा ८२ लाख रकम १६२४ जना कृषकलाई प्रदान गरिएको |
| ८ | स्याउ तथा ओखर विकास कार्यक्रम | - ४०४४ स्याउको बिरुवा रोपणमार्फत १५ हेक्टर र ३८२४ ओखरको बिरुवा रोपण मार्फत २५ हेक्टर क्षेत्रफल विस्तार भएको<br>- २०० कृषक घरधुरी लाभान्वित भएको । |
| ९ | खाध्य सुरक्षा तथा कृषि प्रसार कार्यक्रम | - ३१ क्विन्टल धानको उन्नत बिउ, २२ क्विन्टल मकैको उन्नत बीउ, १५० क्विन्टल गहुँको उन्नत बिउ र ६ क्विन्टल तरकारीको उन्नत बिउ वितरण भएको।<br>-१००० वटा स्याउ बिरुवा, १९५० ओटा ओखर बिरुवा, ३२७० -सुन्तालाजात बिरुवा, ८५० एभोकाडो, २००० लिची बिरुवा रोपण भएको ।<br>-१२०० जना कृषक लाभान्वित भएको । |
| १० | प्रांगारिक कृषि प्रवर्द्धन, रैथाने बाली तथा पशुपन्छी विकास कार्यक्रम | -प्राङ्गारिक कृषिलाई टेवा पुऱ्याउने उद्धेस्य अनुरुप विभिन्न स्थानमा घुम्ती बाली उपचार शिवीरमा रोग कीरा व्यवस्थापनका प्राङ्गारिक विधि बारे जानकारी प्रदान गरिएको<br>-प्राङ्गारिक कृषिलाई टेवा पुऱ्याउने विभिन्न प्रदर्शनीहरु जस्तै ट्राइकोडर्मा उत्पादन तथा कृषकस्तरमा प्रभावकारिता अध्ययन, आई.पि.एम एप्रोच प्रदर्शनी, बाली संरक्षण नविनतम कृषि प्रविधि प्रदर्शन, विभिन्न मोहनी पासोको प्रभावकारीता अध्ययन आदि कार्यक्रम सञ्चालन गरिएको<br>-हाल सम्म माटोको गुणस्तर निर्धारणका लागि विभिन्न पालिकाका जम्मा १५२०४ वटा माटोको नमूना परीक्षण गरि आवश्यक प्राविधिक सल्लाह प्रदान गरिएको<br>-यस आ.व. मा बीउ बिजनको गुणस्तर कायमका लागि विभिन्न बीउ उत्पादक संघ/सस्था द्धारा खेती गरिएको ८९ हे. बीउ बालीको खडाबाली निरीक्षण गरिएको<br>-यस आ.व. मा जम्मा ३१.५१ मे. टन मूलस्तरको बीउ प्रमाणिकरण गरिएको |

९. वजेट तथा कार्यक्रम कार्यन्वयनमन क्रममा देखिएका समस्या/चुनौतीहरु

| क्र.स. | समस्याहरु | समाधानका लागि गर्नुपर्ने प्रयासहरु |
|---|---|---|
| १ | पशुपंक्षी तथा बिरुवा स्वस्थता प्रमाणपत्र कायम गरी निर्यात बढाउन र महामारी तथा संक्रामक रोग फैलिने समस्या  नियन्त्रण | हुम्लाको हिल्सा सिमा नाकामा क्वारेन्टाईन स्थापनाका लागि संघीय सरकारसंग माग गर्ने। |
| २ | कर्णाली प्रदेश अर्गानिक कृषि विकासको लागि प्रयासरत रहेको र यसको लागी आवश्यक प्रांगारिक तथा जैविक मलको माग बढी भएको र आपुर्ति कम । | संघीय सरकार बाट मात्र प्राप्त हुने अनुदान रासायनिक मल कर्णाली प्रदेशमा निकै थोरै प्रयोग हुने  भएकोले यसको सट्टामा कर्णाली प्रदेशमा प्रांगारिक तथा जैविक मलमा अनुदान बढाउने नीति निर्माणको लागि संघीय सरकारसंग माग गर्ने। |
| ३ | बिद्युत सेवाको अभावले गर्दा ग्रामिण उद्योग संचालन हुन नसक्नु । | ग्रामिण उद्योगहरु (कोल्डस्टोर, प्रशोधन उद्योग आदि) मा नियमित तथा थ्री-फेज बिद्युत सेवाको **सहुलियतसहित सुनिश्चिताको लागि निति निर्माण** गर्नुपर्ने। |
| ४ | तीन तहको सरकार तथा विभिन्न निकायबाट कृषि क्षेत्रमा प्रदान गरिने अनुदान सिमा फरक फरक भएकोले कृषकको लागत सहभागिता व्यहोर्न कठिन रहेको | अनुदान सिमा सबै तह र निकायमा एकरुपता कायम गर्ने नीति निर्माण गर्नुपर्ने।साथै अनुदान सिमा लागत सहभागिताको पचहत्तर प्रतिशत पुर्याउने |
| ५ | जंगली जनावर (बदेल/बाँदर)बाट कृषि बालीमा क्षति | वन मन्त्रालयसंग समन्वय गरी नीतिगत व्यवस्था गर्नुपर्ने। |

**१०. अगामी आवमा सुधार गर्नु पर्ने क्षेत्रहरु**

- कृषि तथा पशुपन्छि पालनमा दिइने अनुदान प्रक्रियामा परिवर्तन गरिनु पर्ने।
- ब्याज अनुदान कार्यक्रमलाइ प्रभावकारी वनाउनु पर्ने
- द्रुत बिषादी परिक्षण प्रयोगशाला स्थापना गरिनु पर्ने।
- जैविक मल तथा जैविक बिषादी प्रयोगमा प्रोत्साहन दिइनु पर्ने।
- उत्पादन क्षेत्र केन्द्रित सिचाइ प्रणाली कार्यक्रम लागु गरिनु पर्ने।
- उत्पादन क्षेत्र केन्द्रित बजार स्थापना गरीनु पर्ने।
- कृषि तथा पशुपन्छि पालन क्षेत्रमा उत्पादनमा आधारित पोत्साहन अनुदान कार्यक्रम संचालन गरीनु पर्ने।
- कृषि तथा पशुपालन क्षेत्रमा पूर्वाधार बिकासमा सहयोग गर्नु पर्ने।

११. आ.व. २०७४/७५ देखि २०८१/०८२ सम्मको बेरुजु विवरण

| मन्त्रालयको नाम | रकम रु | बेरुजु फछ्यौट रुकम | बेरुजू बाँकी |
|---|---|---|---|
| भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | ४४६५०२५१९ | १४३९१५०११ | ३०२५८७५०८ |

## ३.१२ कर्णाली प्रदेश योजना आयोग

### १. पृष्ठभूमि

प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने विज्ञ समूहको रुपमा प्रदेश योजना आयोगको गठन भएको छ। आयोगले प्रदेशको दुरगामी सोच सहितको विकासको अवधारणा तयार गर्ने, उद्देश्य तथा लक्ष्य निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेशस्तरका महत्त्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरुको अनुगमन एवम् मूल्याङ्कन गरी प्राप्त सूचनाहरुको अध्ययन एवम् विश्लेषण गरी सुझाव दिने जिम्मेवारी रहेको छ।

### २. दीर्घकालीन सोच

कर्णाली प्रदेश सरकारको दूरगामी विकास अवधारणा तयार गरी नीति, कार्यक्रम र आयोजनाहरुको अनुगमन एवम् मूल्याङ्कन गरी प्रदेश सरकारलाई सल्लाह र सुझाव दिने।

### ३. ध्येय

प्रदेश सरकारको योजना तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि विज्ञ समूहको रुपमा प्रदेश सरकारलाई नीतिगत  सल्लाह र सहजीकरण गर्ने।

### ४. उद्देश्य

४.१ प्रदेशको समग्र आर्थिक अवस्था, चालु योजना, प्रदेश प्राथमिकताका आयोजना र कार्यक्रमको कार्यान्वयनको प्रगति, समस्या र ती समस्या समाधानका उपायका बारेमा अध्यक्षलाई जानकारी गराउने,

४.२ प्रदेश मन्त्रालयहरुसँग समन्वय गरी प्रभावकारी ढंगले कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने,

४.३ प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको अवस्था र प्रतिफल तथा प्रभावको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने,

४.४ तहगत समन्वयका लागि सहजीकरण गर्ने,

४.५ अध्ययन, अनुसन्धान  तथा अन्वेषण सम्बन्धी कार्य गर्ने,

४.६ लगानीका लागि वातावरण तयार गर्न सहजीकरण गर्ने,

४.७ प्रदेशको समृद्धिका लागि दूरगामी सोच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा र सहजीकरण गर्ने,

४.८ आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तयार गर्न सहजीकरण गर्ने,

४.९ आयोजना बैङ्क तयार गर्ने,

४.१० प्रादेशिक स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्रविधि र वातावरणीय विश्लेषणका लागि मापदण्ड तयार गर्न सहजीकरण गर्ने,

४.११ प्रादेशिक योजनाको अध्यावधिक विवरण खुल्ने स्थिति पत्र तयार गर्ने,

४.१२ योजनाको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गर्ने।

**५. कार्यक्षेत्र**

५.१ दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा सम्बन्धी कार्य,
५.२ अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य,
५.३ तहगत समन्वय सम्बन्धी कार्य,
५.४ अध्ययन, अनुसन्धान तथा अन्वेषण सम्बन्धी कार्य,
५.५ लगानीका क्षेत्रहरु पहिचान गरी लगानीको वातावरण तयार गर्न प्रदेश सरकारलाई सल्लाह सुझाव दिने।

**६. आ.व. २०८१/०८२ मा विनियोजित बजेट र खर्च (बजेट उपशीर्षकगत) :**

(रु. हजारमा)

| बजेट उप-शीर्षक | विनियोजन | | जम्मा | खर्च | | जम्मा | खर्च प्रतिशत | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूंजिगत | | चालु | पूंजिगत | | चालु | पूंजिगत | |
| ३९१०००११ | ३९४२५ | १००० | ४०४२५ | २५५७९ | ८३७ | २६४१६ | ६४.८८ | ८३.७० | ७४.२९ |
| ३९१००९०१ | १५७५ | - | १५७५ | ७८१ | - | ७८१ | ४९.५८ | - | ४९.५८ |
| **जम्मा** | ४१००० | १००० | ४२००० | २६३६० | ८३७ | २७१९७ | ५७.२३ | ८३.७० | ६४.७५ |

**७. आ.व. २०८१/८२ को आन्तरिक राजस्वको लक्ष्य र प्राप्तिको विवरण**

| सि.नं. | राजस्व शीर्षक | लक्ष्य | प्राप्ति रु. |
|---|---|---|---|
| १ | नभएको | नतोकिएको | ० |

**८. आ.व. २०८१/८२ मा सम्पादन भएका प्रमुख कार्यहरु :**

(क) मिति २०८१।०८।२८ गते कर्णाली प्रदेशको तेस्रो प्रदेश विकास परिषद्को बैठक वीरेन्द्रनगर, सुर्खेतमा सम्पन्न भएको।

(ख) कर्णाली प्रदेशको दोश्रो पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६) को अन्तिम मस्यौदा कर्णाली प्रदेशको दोश्रो विकास परिषद्बाट अनुमोदन भई मिति २०८१।०९।१९ गतेको मन्त्रीपरिषद्को बैठकबाट स्वीकृत भई दोस्रो पञ्चवर्षीय योजनाको पुस्तक समेत प्रकाशन गरी माननीय मुख्यमन्त्रीज्यूबाट विमोचन समेत भएको।

(ग) कर्णाली प्रदेश योजना आयोग, सुर्खेतको यस आर्थिक वर्षको वार्षिक कार्यक्रममा सबै प्रदेशका नीति तथा योजना आयोगहरूबीच अन्तर प्रदेश सिकाइ आदान प्रदान गर्ने कार्यक्रम अन्तर्गत नीति तथा योजना आयोग, सुदुरपश्चिम, गण्डकी प्रदेश नीति तथा योजना आयोग र लुम्बिनी प्रदेश योजना आयोगसँग अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न गरिएको ।

(घ) कर्णाली प्रदेश आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ मिति २०८१।११।१३ गतेको मन्त्रीपरिषद्को बैठकबाट स्वीकृत भई प्रदेश राजपत्रमा समेत प्रकाशन भएको।

(ङ) कर्णाली प्रदेश सरकारले निर्माण गरेको आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत पश्चात उक्त कार्यविधिको प्रभावकारी कार्यान्वयनको लगि आयोजना प्रस्ताव तयार गर्ने, प्राथमिकता निर्धारण गर्ने, छनोट प्रक्रिया अपनाउने तथा आयोजनाको मूल्याङ्कन र अनुगमन गर्ने विषयमा स्पष्ट मार्गदर्शन प्रदान गर्ने उद्देश्यले डोल्पा, रुकुम पश्चिम, जाजरकोट, सल्यान जिल्लाहरुमा र मुगु, जुम्ला, कालिकोट, दैलेख जिल्लाहरुमा मिति २०८१ फागुन २५ देखि २८ गतेसम्म दुईवटा समूह विभाजन गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको ।

(च) कर्णाली प्रदेश सरकार माननीय मुख्यमन्त्री तथा कर्णाली प्रदेश योजना आयोगको अध्यक्ष श्री यामलाल कडेलज्यूको अध्यक्षतामा मिति २०८१।१२।३१ गतेको बैठकबाट कर्णाली प्रदेश आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ स्वीकृत।

(छ) कर्णाली प्रदेश आयोजना बैङ्क (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ बमोजिम कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) निर्माण गरी कर्णाली प्रदेशको आयोजनाको प्रस्ताव तथा छनोट सम्बन्धी कार्यविधि, २०८१ बमोजिमका सिफारिस भएका आयोजनाहरु उक्त सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टि कार्य सम्पन्न समेत सम्पन्न भएको ।

(ज) आर्थिक वर्ष २०८२।८३ देखि २०८४।८५ सम्मको मध्यमकालीन खर्च संरचना (MTEF) लाई थप व्यवस्थित र प्रविधिमैत्री बनाउन यस आयोगद्वारा मध्यकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणाली (MTEF MIS) निर्माण गरी सञ्चालनमा ल्याइएको।

(झ) कर्णाली प्रदेशको आर्थिक वर्ष २०८२/०८३ देखि २०८४/०८५ सम्मको मध्यमकालीन खर्च संरचना (MTEF) पुस्तक तयार गरी प्रकाशन गरिएको ।

(ञ) प्रदेश स्थित मन्त्रालय तथा निकायका योजना तथा वजेट महाशाखा प्रमुख तथा मध्यमकालिन खर्च संरचना फोकल पर्सन र तथ्याङ्क अधिकृतका लागि आवधिक योजना, आयोजना बैंक, मध्यमकालीन खर्च संरचना (MTEF) र बजेट सूचना प्रणाली (PLMBIS) बीचको अन्तरआवद्धता विषयक मिति २०८२।०३।१२ र १३ गते दुई दिने कार्यशाला सञ्चालन गरिएको ।

(ट) कर्णाली प्रदेशका विषयगत मन्त्रालय, सम्बन्धित निकायहरू तथा विकास साझेदारहरूबीच समन्वय तथा सहकार्य सुदृढ गर्दै दिगो विकास लक्ष्य (SDGs) को प्रभावकारी कार्यान्वयनलाई प्रवर्द्धन गर्ने उद्देश्यले मिति २०८२।०३।१३ गते एक दिने कार्यशाला कार्यक्रम सञ्चालन गरिएको ।

(ठ) बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत चारवटा जिल्लाहरुको ८ वटा वडाहरुमा बहुक्षेत्रीय पोषण तेस्रो सम्बन्धी वडा स्तरीय अभिमूखीकरण कार्यक्रम सञ्चालन भएको ।

(ड) कर्णाली प्रदेश योजना आयोगमा कर्णाली प्रदेश योजना आयोगका माननीय उपाध्यक्षज्यूको अध्यक्षता मिति २०८२।०३।२० गते प्रदेश विकास समस्या समाधान उप-समितिको बैठक सञ्चालन भएको ।

(ढ) कर्णाली प्रदेशका माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा मिति २०८२।०३।२१ गते प्रदेश विकास समस्या समाधान समितिको बैठक सञ्चालन भएको ।

**९. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या/चुनौतीहरु :**

(क) भौगोलिक कठिनाइ तथा दुर्गम जिल्लामा कार्यक्रम सञ्चालन गर्दा मानव संसाधन, समय र लागत व्यवस्थापनमा चुनौती हुने गरेको ।

(ख) नयाँ कार्यविधि र प्रणाली (KPPBMIS, MTEF–MIS) को कार्यान्वयनमा मन्त्रालय/निकायका कर्मचारीहरूको प्राविधिक दक्षता अभाव र प्रारम्भिक स्तरमा अनुकूलनमा समस्या देखियो ।

(ग) पोषण अभिमुखीकरण कार्यक्रममा वडास्तरमा स्रोत साधन र बजेट सीमितताका कारण व्यापक पहुँच बनाउन कठिनाइ भएको छ ।

(घ) आयोजना प्रस्ताव, छनोट र अनुगमन प्रक्रियामा स्थानीय तहसँगको समन्वय अझै सुदृढ गर्नुपर्ने आवश्यकता देखिएको।

**१०. आगामी आ.व. मा सुधार गर्नुपर्ने क्षेत्रहरु :**

(क) आयोजना छनोट, प्राथमिकता निर्धारण र कार्यान्वयन प्रक्रियालाई अझ पारदर्शी र परिणाममुखी बनाउने,

(ख) आयोजना बैंक तथा MIS प्रणालीमा विवरण अद्यावधिक गर्ने कार्यलाई नियमित, पूर्ण र समयमै सम्पन्न गर्ने,

(ग) मध्यमकालीन खर्च संरचना (MTEF) तथा वार्षिक बजेट बीचको समन्वयलाई अझ मजबुत बनाउने,

(घ) बहुवर्षीय आयोजनाहरूको कार्यान्वयनमा देखिएका ढिलाइ र समन्वयगत कमजोरी समाधान गर्ने,

(ङ) नीतिगत तथा रणनीतिक कागजातहरूको समयमै पुनरावलोकन र अद्यावधिक गर्ने,

(च) स्थानीय तह र प्रदेशस्तरबीचको समन्वय तथा सहकार्यलाई बढाएर नीतिगत र कार्यक्रमगत सुसंगतता कायम गर्ने,

(छ) सूचना व्यवस्थापन प्रणाली (MIS) हरूलाई एक आपसमा एकीकृत गरी डेटा–आधारित निर्णय प्रक्रियालाई सशक्त बनाउने,

(ज) विकास समस्या समाधान समिति र प्रदेश विकास परिषद्का निर्णय कार्यान्वयनमा देखिएका कमजोरी सुधार गर्ने,

(झ) कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउनका लागि आवश्यक प्रशिक्षण गर्नुपर्ने ।

**११. आ.व. २०७४/०७५ देखि २०८१/०८२ सम्मको प्रत्येक आ.व. मा भएको लेखापरीक्षण अङ्क र त्यसमा कायम बेरुजु अङ्क र फछ्र्यौट र एकीकृत बाँकी बेरुजु सम्बन्धी विवरण** :

यस आयोगमा हालसम्म कुनै पनि बेरुजु नरहेको ।

# परिच्छेद- ४
# बजेट कार्यान्वयन तथा स्रोत व्यवस्थापनका लागि सुझाव

आर्थिक सुधारका कार्यक्रमहरू सञ्चालन गरी प्रदेशको अर्थतन्त्रमा देखिएका चुनौति सम्बोधन गर्न, विकासका गतिविधिलाई तिव्रता दिन, सेवा प्रवाहमा सुधार तथा सुशासन कायम गरी नागरिकमा विश्वास र भरोसा जगाउँदै समृद्ध कर्णाली सुखारी कर्णालीबासीको आकांक्षा पूरा गर्ने गरी कार्यान्वयन गरिएको आर्थिक वर्ष २०८१/८२ को बजेटको वार्षिक प्रगतिको अवस्था मिश्रित रहेको छ। यस अवधिमा आर्थिक सामाजिक क्षेत्रमा सुधारका संकेत देखिएका छन्। अर्थतन्त्रका सूचकाङ्क क्रमशः सकारात्मक हुँदै गएका छन्। समीक्षा अवधिमा बजेट कार्यान्वयनको क्रममा अनुभूत गरिएका संरचनागत प्रणालीगत एवम् प्रक्रियागत समस्याहरू दृष्टिगत गरी बजेट कार्यान्वयनमा सुधार ल्याउन थप मेहनत गर्नुपर्ने देखिन्छ। आ.व. २०८१/८२ को कार्य प्रगतिको आधारमा हासिल असल नतिजालाई कायम राख्दै थप प्रयास समेत गरी चालु आर्थिक वर्षमा बजेट कार्यान्वयन नतिजामा थप सुधार ल्याउने लक्ष्यका साथ आ.व. २०८२/८३ को बजेट तर्जुमा गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा बजेट कार्यान्वयनको आधारमा कर्णाली प्रदेशको बजेट तर्जुमा र कार्यान्वयनका क्रममा महसुस गरिएका कमी कमजोरी हटाई सार्वजनिक स्रोतको कुशल परिचालन गरी दक्षता अभिवृद्धि गर्न देहाय बमोजिमका सुधार गर्नुपर्ने देखिन्छः-

## ४.१ तत्काल गर्नुपर्ने कार्य

### ४.१.१ बजेट कार्यान्वयन

- अध्ययन र पूर्व तयारी बिना बजेट विनियोजन गरिएका कार्यक्रम र आयोजना कार्यान्वयनमा जान सक्ने वा नसक्ने सम्बन्धमा तत्काल निक्यौंल गरी कार्यान्वयनमा जान नसक्ने देखिएका आयोजना/कार्यक्रममा विनियोजित बजेट समर्पण गर्ने वा कुनै आयोजना वा कार्यक्रममा बजेट नपुग भएमा विनियोजन ऐनको सीमाभित्र रहेर रकमान्तर प्रस्ताव गर्ने,
- आयोजना कार्यान्वयनका क्रममा कुनै समस्या देखिएको अवस्थामा तत्काल समाधानका उपाय खोज्ने, आयोजना प्रमुखबाट समस्या समाधान हुन नसक्ने भएमा समस्या समाधानको लागि मन्त्रालय वा विकास समस्या समाधान समिति वा प्रदेशस्तरीय विकास समस्या समाधान समिति समक्ष पेश गर्ने,
- आयोजना/कार्यक्रम कार्यान्वयन गर्न कार्यविधि, निर्देशिका आवश्यक पर्ने भएमा यथाशीघ्र तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने,
- कार्यक्रम/आयोजनाको मासिक/त्रैमासिक/अर्धवार्षिक तथा वार्षिक रुपमा समीक्षा गर्ने,
- चालु आर्थिक वर्षमा सिर्जित दायित्व सकेसम्म सोही वर्ष भुक्तानीको व्यवस्था मिलाउने,
- आयोजनाको स्थलगत अनुगमनमा जोड दिई अनुगमनबाट देखिएका समस्या समाधाको लागि उचित पहल गर्ने,
- आर्थिक मामिला तथा योजना मन्त्रालयले विभिन्न मन्त्रालयहरुबाट माग गरिएको थप निकासा/रकमान्तर/कार्यक्रम संशोधनमा तत्काल निर्णय दिने। कार्यविधि, निर्देशिकामा समेत तत्काल राय उपलब्ध गराउने,
- रणनीतिक महत्त्वका आयोजना/कार्यक्रममा विनियोजित बजेटमा मात्र थप रकम आवश्यक भएमा रकमान्तर/थप निकासा माग गर्ने,

- ठूला रणनीतिक महत्त्वको आयोजना/कार्यक्रमबाट साना/खुद्रे कार्यक्रम/ आयोजनामा रकमान्तर प्रस्ताव नगर्ने,
- सङ्घीय सरकारबाट ससर्त अनुदानमा सञ्चालित आयोजनामा थप रकम आवश्यक पर्ने भए सोको विवरण तयार गरी सङ्घीय अर्थ मन्त्रालयमा तत्काल अनुरोध गर्ने,
- आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति नलिई दीर्घकालीन दायित्व सिर्जना हुने गरी कार्यक्रम सञ्चालन नगर्ने,
- प्रदेशस्तरीय बजेट व्यवस्थापन सूचना प्रणाली (PLMBIS) लाई स्तरोन्नति गरी थप व्यवस्थित गर्ने र TSA तथा CGAS सँग एकीकृत गर्नको लागि पहल गर्ने।

### ४.१.२ राजस्व व्यवस्थापन

- वन, पर्यटन, कृषि जस्ता क्षेत्रको विकास र विस्तारमा असर नपर्ने गरी कर तथा गैरकर राजस्वका सम्भावित क्षेत्रहरुको पहिचान गरी सङ्कलनको अवस्था बारे अनुगमन गर्ने,
- घर जग्गा रजिष्ट्रेशन शुल्क सङ्कलनमा देखिएका समस्या र आवश्यकता बारे मालपोत कार्यालयहरुसँग समन्वय गरी समाधान गर्ने,
- प्रदेशको आन्तरिक राजस्वको प्रमुख स्रोतको रुपमा रहको घर जग्गा रजिष्ट्रेसन शुल्कको मूल आधारको रुपमा रहने जग्गाको न्यूनतम मूल्य निर्धारण समितिमा प्रदेशको अनिवार्य प्रतिनिधित्वका लागि कानुनी सुधार तथा प्रशासनिक समन्वयको लागि नेपाल सरकारसँग पहल गर्ने,
- प्रदेश आर्थिक ऐन, २०८२ को परिपालना भए नभएको सम्बन्धमा सम्बद्ध निकायहरुको अनुगमन गर्ने,
- सवारी साधन कर र यातायात क्षेत्रबाट सङ्कलन हुने राजस्व सङ्कलनमा चुहावट र अनियमितता हुन नदिन निरन्तर अनुगमन गर्ने,
- प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०८१ तथा प्रचलित कानुन विपरित ट्राफिक नियम उल्लङ्घन गरे बापत ट्राफिक प्रहरीले असुल गर्ने दण्ड जरिवाना बापतको रकम प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाउन नेपाल सरकारसँग समन्वय गर्ने।
- प्रदेश सरकारको लगानीमा निर्माण भएका पर्यटकीय संरचनाबाट स्थानीय तह वा अन्य कुनै सङ्घ संस्था वा समिति मार्फत सङ्कलन हुने पर्यटन शुल्कको साझेदारी अंश निर्धारण गरी प्रदेशले पाउने हिस्सा प्रदेश सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था मिलाउने,
- समपूरक अनुदान र विशेष अनुदानतर्फ खर्च नभएको रकम नियमानुसार प्रदेश सञ्चित कोषमा फिर्ता नगर्ने स्थानीय तहहरूलाई तत्काल सम्पर्क गरी फिर्ता गर्न लगाउने,
- प्रदेश र स्थानीय तहका साझा कर अधिकार अन्तर्गत स्थानीय तहबाट सङ्कलन गरी प्रदेशमा समेत बाँडफाँट गर्नुपर्ने कर निर्धारित समयमा दाखिला गर्न सहयोग र सहजीकरण गरी कर साझेदारी संस्कृतिको विकास गर्ने,
- बाँडफाँट गर्नु पर्ने राजस्व सङ्कलन गरी बाँडफाँट नगर्ने स्थानीय तहलाई वित्तीय समानीकरण अनुदानको किस्ताबाट कट्टा गरी कर मिलान गर्ने व्यवस्था मिलाउने,
- ढुङ्गा, गिटी, बालुवा, दहत्तर, बहत्तर वापतको स्थानीय तहले सङ्कलन गरेको राजस्वको ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा नगर्ने स्थानीय तहको नियमित अनुगमन गर्ने,

- मनोरञ्जन कर र विज्ञापन कर वापतको प्रदेश सञ्चित कोषमा जम्मा हुनुपर्ने रकम प्राप्त भएको देखिँदैन, सोको अनुगमन गर्ने।

## ४.२ दीर्घकालमा गर्नुपर्ने कार्य

### ४.२.१ बजेट तर्जुमा

- आवश्यक पूर्व तयारी भएका आयोजनालाई मात्र बजेट विनियोजन गर्ने व्यवस्था हुनुपर्ने। आयोजना बैङ्कलाई थप परिस्कृत गरी सो बैङ्कमा नपरेका आयोजनामा बजेट विनियोजन नगर्ने नीति अवलम्बन गर्ने,
- सञ्चालन विधि स्पष्ट भएका कार्यक्रमहरुलाई मात्र बजेटमा समावेश गर्ने,
- विगतमा बहुवर्षीय ठेक्का, क्रमागत र अधुरा आयोजनामा आवश्यक पर्ने रकम पर्याप्त विनियोजन गरेर मात्र नयाँ कार्यक्रम/आयोजना प्रस्ताव गर्ने,
- आयोजनाको बहुवर्षीय ठेक्का सहमती सम्बन्धी निर्देशिका, २०८१ बमोजिम बहुवर्षीय ठेक्कामा प्रस्ताव गर्नुपर्ने आयोजनाका लागि पर्याप्त रकम विनियोजन गर्नुपर्ने तथा बहुवर्षीय स्रोत सहमति दिने कार्यलाई निरुत्साहित गर्दै जाने,
- बजेट छलफल गर्दा प्रदेश तहबाट स्थानीय तहलाई ससर्त अनुदान दिनुपर्ने आयोजना वा कार्यक्रमको समेत पर्याप्त तयारी गरी बजेट विनियोजन गर्ने,
- आयोजना प्रस्ताव गर्दा मध्यमकालीन खर्च संरचनामा समावेश गरी तीन वर्षको खर्च अनुमान गर्ने,
- बजेट तर्जुमा र आयोजना छनोट सम्बन्धमा कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको व्यवस्था पूर्ण परिपालना गर्ने,
- विनियोजन गर्दा संवैधानिक दायित्व, दिगो विकास लक्ष्य, सोह्रौं योजना, कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाका उद्देश्य हासिल हुने गरी बजेट विनियोजनमा कुशलता हासिल गर्ने,
- बजेट प्रस्ताव गर्दा अवण्डा राख्ने गरी प्रस्ताव नगर्ने, अबण्डा बजेट राखिएको भए समयमै बाँडफाँट गर्ने व्यवस्था मिलाउने,
- स्थानीय तह मार्फत् गर्नुपर्ने कामको लागि बजेट तर्जुमा गर्दा नै वित्तीय हस्तान्तरण प्रस्ताव गर्ने,
- औचित्य नभइ नयाँ सङ्गठन स्थापना र दरबन्दी सिर्जना नगर्ने, दोहोरो जिम्मेवारी देखिएका निकाय एक आपसमा गाभ्ने वा खारेज गर्ने, स्वीकृत दरबन्दी भन्दा बाहेक करारमा कर्मचारी राख्ने प्रवृतिको अन्त्य गर्ने,
- कुनै खास आयोजना/कार्यक्रम सञ्चालन गर्न स्थायी संस्था खडा नगरी अस्थायी संरचना खडा गर्ने र सम्भव भएसम्म भइरहेकै जनशक्तिको उपयोग गर्ने,
- नतिजा वा उत्पादनसँग आवद्ध गरेर पारदर्शी तरिका अपनाउने गरी मात्र सञ्चालन, पुँजीगत र व्याज अनुदान दिने नीति अवलम्बन गर्ने,
- प्रदेशस्तरीय बजेट सूचना प्रणालीलाई वेबबेसमा आधारित बनाई एकल खाता कोष प्रणालीसँग अन्तर आबद्धता गर्ने।

### ४.२.२ बजेट कार्यान्वयन

- समयमै बजेट कार्यान्वयन कार्ययोजना बनाउने र पूर्व तयारीका कामहरु सुरु गर्ने। बजेट कार्यान्वयनका लागि तयार गर्नुपर्ने कार्यविधि तथा मापदण्ड यथाशिघ्र स्वीकृत गराउने,
- अवण्डा प्रस्ताव गरिएको बजेट रकम पहिलो त्रैमासिक भित्र बाँडफाँट गर्नुपर्ने,
- वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका बाहेक कुनै पनि नयाँ आयोजना/कार्यक्रम प्रस्ताव नगर्ने। आकस्मिक र विशेष परिस्थिति बाहेक नयाँ आयोजना नदिने र रकमान्तर/ कार्यक्रम संशोधन नगर्ने,
- कर्णाली प्रदेश योजना आयोग, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विषयगत मन्त्रालयको संयुक्त अनुगमन टोली बनाई ठूला आयोजना/ कार्यक्रमको नियमित अनुगमन गर्ने। यसरी अनुगमनका क्रममा देखिएका समस्याको तत्काल समाधान गर्ने,
- बजेट कार्यान्वयनमा अन्तर निकाय समन्वय र सहजीकरणलाई प्रभावकारी बनाउने,
- आयोजनाको बहुवर्षीय ठेक्का सहमती सम्बन्धी निर्देशिका, २०८१ बमोजिम बहुवर्षीय ठेक्कामा लैजानु पर्ने आयोजनामा स्रोतको सहमति माग गर्ने,
- आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति नलिई कुनैपनि निकायले विनियोजित बजेट भन्दा बढीको दायित्व सिर्जना नगर्ने,
- व्यक्ति, समुदाय, सहकारीलाई अनुदान दिँदा विगतको कार्य प्रभावकारिताको राम्ररी समीक्षा गर्ने,
- आयोजनाको सिर्जित दायित्व भुक्तानी समयमा नगरी अर्को वर्ष दायित्व सार्ने कर्मचारी उपर कारवाही गर्ने,
- क्रियाकलापमा आधारित बजेट तर्जुमा तथा खर्च प्रणालीलाई थप व्यवस्थित र उपयोगमैत्री बनाउने,
- बहुवर्षीय र ठेक्कामा रहेको आयोजनामा खर्च हुन नसक्ने बजेट अन्य आयोजनामा खर्चको लागि सिफारिस गर्ने प्रवृत्तिको निरुत्साहन गर्ने,
- स्थानीय तहबाट समपूरक अनुदानमा सञ्चालित आयोजनाहरुमा स्थानीय तहले योगदान गरे/नगरेको अनुगमन गर्ने,
- निर्माण सामग्री परीक्षणको लागि प्रादेशिक गुणस्तर परीक्षण प्रयोगशालाको व्यवस्था गर्नुपर्ने,
- बजेट कार्यान्वयन कार्ययोजना, खरिद योजना/गुरुयोजना अनुसार कतिपय निकायको कार्य प्रारम्भ गर्नुपर्ने।

### ४.२.३ स्रोत व्यवस्थापन

- प्रदेशको क्षेत्राधिकारमा परेका नयाँ कर, गैरकरका क्षेत्रहरु पहिचान गरी दायरा विस्तार गर्ने,
- प्रदेशको आर्थिक क्रियाकलापलाई प्रोत्साहन गर्ने वा प्रणालीको माध्यमबाट उत्प्रेरणा दिने नीति लिने,
- समपूरक र विशेष अनुदान आर्थिक वर्षको अन्त्यमा फिर्ता नगर्ने स्थानीय तहलाई अर्को वर्ष समानीकरण अनुदान दिँदा कट्टा गर्ने,
- राजस्व बाँडफाँटबाट स्थानीय तहले प्रदेश सञ्चित कोषमा राजस्व जम्मा नगर्ने स्थानीय तहलाई ससर्त अनुदानका आयोजना नदिने प्रणाली विकास गर्ने,
- गैरकर राजस्वका दरहरु पुनरावलोकन गरी समसामयिक बनाउने,
- आन्तरिक आयको क्षेत्र पहिचान गरी आय स्रोत बढाउन पहल गर्ने,
